सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ माघ २०८१, मंगलबार (21 Jan 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७५ ■ पृष्ठ १० | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

कर्णाली विकास बैंकबाट एक अर्ब ३३ करोड हिनामिना प्रकरण

सिआइबीले थाल्यो अनुसन्धान

- बैंकका निलम्बित अध्यक्ष राजेन्द्रवीर रायले आफू र आफूनिकट कम्पनीहरूलाई नियम मिचेर कर्जा दिन लगाएका थिए। उनै सञ्चालक रहेको बाँके केमिकल्सलाई समेत कर्जा प्रवाह भएको राष्ट्र बैंकको छानबिनमा खुलेको छ। जबकि बैंकका सञ्चालकको कम्पनीलाई कर्जा दिन मिल्दैन।
- राष्ट्र बैंकले नै छानबिनका लागि सिआइबीमा जाहेरी दिएको छ। हिनामिनामा अध्यक्ष राय, सिइओ शाह, पूर्वसिइओ रावत तथा केही सञ्चालकको मुख्य भूमिका रहेको देखिएको छ।
- बैंकको निष्क्रिय कर्जा ४०.८५ प्रतिशत रहेको छ। केन्द्रीय बैंकले समस्याग्रस्त घोषणा गरी गत ११ पुसदेखि व्यवस्थापन नियन्त्रणमा लिँदै दैनिक कोटा तोकेर सर्वसाधारणको पैसा फिर्ता गरिरहेको थियो। तर, तरलता अभाव भएपछि सोमबार सूचना प्रकाशन गरी ११ माघसम्मका लागि निक्षेप फिर्ता स्थगन गरेको छ।

राजेन्द्रवीर राय (अध्यक्ष) | नीरजविक्रम शाह (सिइओ) | दिनेशकुमार रावत (पूर्वसिइओ)

● **एआइजी दीपक थापा**
निर्देशक, सिआइबी

कर्णाली विकास बैंकको हिनामिनामा छानबिन सुरु भइसकेको छ। राष्ट्र बैंकबाट जाहेरी आएलगत्तै हामीले सात सदस्यीय टिम बनाएर अनुसन्धान अघि बढाएका छौँ।

नवराज मैनाली/नयाँ पत्रिका

सञ्चालक र केही उच्चपदस्थ कर्मचारीकै बदमासीका कारण समस्याग्रस्त स्थितिमा पुगेको कर्णाली विकास बैंकमाथि नेपाल राष्ट्र बैंकको प्रारम्भिक छानबिनपछि प्रहरीले पनि अनुसन्धान थालेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बैंकिङ कसुरसम्बन्धी अपराधमा अनुसन्धान थालेको हो।

सो बैंकका सञ्चालकमाथि छानबिन गर्न नेपाल राष्ट्र बैंकले नै सिआइबीमा जाहेरी दिएको थियो। प्रारम्भिक छानबिनमा आर्थिक हिनामिना देखिएपछि प्रतिवेदनसहित राष्ट्र बैंकले सिआइबीमा जाहेरी दिएको हो।

सो बैंकलाई समस्याग्रस्त घोषणा गरी गत ११ पुसदेखि केन्द्रीय बैंकले व्यवस्थापन नियन्त्रणमा लिएको थियो। केन्द्रीय बैंकले व्यवस्थापन नियन्त्रणमा लिएपछि सो बैंकका अध्यक्ष राजेन्द्रवीर रायसहित सिइओ नीरजविक्रम शाहलगायत निलम्बनमा छन्। राय र शाहसहित पूर्वसिइओ दिनेशकुमार रावत तथा केही सञ्चालकको हिनामिनामा मुख्य भूमिका रहेको छानबिनमा देखिएको छ।

हाल केन्द्रीय बैंकले दैनिक कोटा तोकेर सर्वसाधारणको पैसा फिर्ता गरिरहेको छ। तर, तरलता अभाव भएपछि बैंकले सोमबार सूचना प्रकाशन गरी ११ माघसम्मका लागि निक्षेप फिर्ता स्थगन गरेको छ। निक्षेप फिर्ताका लागि सर्वसाधारण बैंकमा घण्टौँ लाइनमा बस्ने गरेका छन्।

सिआइबीका निर्देशक एआइजी दीपक थापाले कर्णाली विकास बैंकको हिनामिनामा अनुसन्धान सुरु भइसकेको बताए। 'राष्ट्र बैंकबाट जाहेरी आएलगत्तै हामीले सात सदस्यीय टिम बनाएर अनुसन्धान अघि बढाएका छौँ,' उनले भने।

नेपालगन्ज मुख्य कार्यालय रहेको सो बैंकको व्यवस्थापन हाल राष्ट्र बैंकका उपनिर्देशक टीकाराम खतिवडा नेतृत्वको समूहले सम्हालिरहेको छ। न्यूनतम पुँजीकोषको अनुपात कायम नगरेको, संस्थागत सुशासन कमजोर रहेको, आर्थिक हिनामिनाको आशंका भएको, कमजोर तरलता स्थितिका कारण भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसकेकोलगायतको कारण देखाई राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरी व्यवस्थापन नियन्त्रणमा लिएको थियो।

सो बैंकको निष्क्रिय कर्जा ४०.८५ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। बैंकका निलम्बित अध्यक्ष रायले आफू र आफूनिकट कम्पनीहरूलाई नियम मिचेर कर्जा दिन लगाएका थिए। उनै सञ्चालक रहेको बाँके केमिकल्सलाई समेत कर्जा प्रवाह भएको राष्ट्र बैंकको छानबिनमा खुलेको छ। जबकि बैंकका सञ्चालकको कम्पनीलाई कर्जा दिन नमिल्ने प्रावधान छ।

राष्ट्र बैंकका एक अधिकारीका अनुसार एक अर्ब ३३ करोड निक्षेप 'गायब' भएको देखिएको छ। त्यो सञ्चालकहरूले नै मनोमानी रूपमा लिएर खर्च गरेको हुन सक्ने आशंका छ। यसरी बैंकको कतिपय पैसा जग्गामा लगानी गरेकोमा जग्गा कारोबार खस्किएपछि त्यसको असर बैंकमा परेको हो।

बैंकमा सर्वसाधारणको चार अर्ब ६६ करोड निक्षेप रहेकोमा दुई अर्ब ९७ करोड कर्जा प्रवाह भएको देखिन्छ। त्यसमध्ये एक अर्ब मात्र असल कर्जा रहेको छ। बाँकी रकममध्ये धेरै खराब कर्जा तथा प्रक्रिया नै पूरा नगरी विभिन्न व्यक्तिलाई दिइएको देखिन्छ। बैंकको अवस्था यतिसम्म भइसकेको थियो कि सर्वसाधारणले निक्षेपसमेत फिर्ता पाउन छाडेका थिए।

» पृष्ठ ९ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ प्रहरीमा 'मत्स्यन्याय'

सानालाई कारबाही, हाकिमलाई उन्मुक्ति

विभिन्न अभियोगमा तीन वर्षमा ७४५ प्रहरी नोकरीबाट निकालिए, ११ मात्रै वरिष्ठ अधिकृत

उत्तमराज सुवेदी पूर्वएआइजी

प्रहरीको कारबाहीमा सानो तह र ठुलो तह भन्ने विभेद हुँदैन, तर दबाब र प्रभावले काम गरेको हुन सक्छ। पहुँच भएकाले प्रमाण लुकाएर उन्मुक्ति पाउने जोखिम हुन्छ, उच्च तहका अधिकारीको पहुँच धेरै हुने भएकाले उनीहरूले दबाब र प्रभाव पार्न सक्छन्।

एसएसपी विश्व अधिकारी
सहप्रवक्ता, प्रहरी

गल्तीका आधारमा तल्लो तहदेखि माथिल्लो तह सबै प्रहरीमाथि कारबाही हुँदै आएको छ। उच्च तहका प्रहरीले गल्ती गर्दा उन्मुक्ति पाउँछन् भन्न मिल्दैन। तल्लो तहको जनशक्ति धेरै भएकाले त्यस्तो देखिएको हो। प्रहरी ऐन र नियमअनुसार छानबिन प्रतिवेदनले गरेको सिफारिसअनुसार सबै तहका प्रहरीमाथि कारबाही हुँदै आएको छ।

टेकराज थामी/नयाँ पत्रिका

प्रहरी प्रभाग बुङमतीमा कार्यरत प्रहरी सहायक हवल्दार महेन्द्र हमाललाई प्रहरीले डेढ महिनासम्म थुनामा राखेर अनुसन्धान गऱ्यो। प्रभागकी तत्कालीन प्रमुख इन्स्पेक्टर बिनुकुमारी शाहीको निर्देशनमा उनी पक्राउ परेका व्यक्तिसँग बैंक गएका थिए। इन्स्पेक्टरको आदेश मानेकै आधारमा उनी डेढ महिना थुनामा मात्र बस्नुपरेन, संगठित अपराध र आपराधिक लाभ मुद्दा खेपिरहेका छन्।

तर, उनलाई त्यसरी गलत आदेश दिने इन्स्पेक्टर शाहीलाई भने प्रहरी नेतृत्वले पक्राउ गर्न अनुमति दिएन। फरार बनाएर मुद्दा दायर

» पृष्ठ ९ मा क्रमशः

कारबाहीमा कुन दर्जाका कति ?

०७८/७९ देखि ०८०/८१ सम्म नोकरीबाट निकालिने कार्यालय सहयोगीको संख्या मात्रै ४१ र जवान ५३२

■ **वरिष्ठ अधिकृत** (इन्स्पेक्टरदेखि माथि) ■ **कनिष्ठ प्रहरी** (वरिष्ठ सइदेखि मुनि)

वर्ष	वरिष्ठ अधिकृत	कनिष्ठ प्रहरी
०७८/७९	२३	१८३७
०७९/८०	५२	२३४३
०८०/८१	५५	२३३२
०८१/८२ (कात्तिकसम्म)	१७	६८२

०७८/७९: ■ छानबिन भएका वरिष्ठ अधिकृत : ३ **एसपी**, ३ **डिएसपी**, १७ **इन्स्पेक्टर** । ■ कनिष्ठ प्रहरी : १३ **वरिष्ठ सइ**, ५७ **सइ**, १३२ **असइ**, ५९ **वरिष्ठ हवल्दार**, ३४२ **हवल्दार**, २४४ **सहायक हवल्दार**, ९२० **जवान** र ७० **कार्यालय सहयोगी**
(जसमध्ये ३ इन्स्पेक्टर, १ वरिष्ठ सइ, ६ सइ, ६ असइ, १२ हवल्दार, ६ सहायक हवल्दार, २३२ जवान र १४ कार्यालय सहयोगी गरी २८० जनालाई नोकरीबाट हटाइएको थियो)

०७९/८०: ■ छानबिन भएका वरिष्ठ अधिकृत : ४ **एसपी**, ८ **डिएसपी**, ४० **इन्स्पेक्टर** । ■ कनिष्ठ प्रहरी : ३१ **वरिष्ठ सइ**, ९१ **सइ**, १७७ **असइ**, ७६ **वरिष्ठ हवल्दार**, ४३१ **हवल्दार**, ४२२ **सहायक हवल्दार**, १०६१ **जवान** र ५४ **कार्यालय सहयोगी**
(जसमध्ये १ डिएसपी, १ इन्स्पेक्टर, १ वरिष्ठ सइ, ६ सइ, ११ असइ, १६ हवल्दार, २० सहायक हवल्दार, ११४ जवान र १४ कार्यालय सहयोगी गरी १८४ जनालाई नोकरीबाट हटाइएको थियो)

०८०/८१: ■ छानबिन भएका वरिष्ठ अधिकृत : २ **एसएसपी**, ४ **एसपी**, ११ **डिएसपी**, ३८ **इन्स्पेक्टर** । ■ कनिष्ठ प्रहरी : २१ **व. सइ**, ५४ **सइ**, १६५ **असइ**, ९० **व. हवल्दार**, ४०१ **हवल्दार**, ४६३ **सहायक हवल्दार**, १०८५ **जवान** र ५३ **का.स.**
(जसमध्ये १ डिएसपी, ५ इन्स्पेक्टर, ५ सइ, १३ असइ, २ वरिष्ठ हवल्दार, १९ हवल्दार, ३७ सहायक हवल्दार, १८६ जवान र १३ कार्यालय सहयोगी गरी २८१ जनालाई नोकरीबाट हटाइएको थियो)

मानव अधिकार उल्लंघनमा ५२ प्रहरी कारबाहीमा

मानव अधिकार उल्लंघनको आरोपमा पछिल्लो पाँच वर्षमा ५२ प्रहरी कारबाहीमा परेका छन्। जसमा सात वरिष्ठ अधिकृत छन्। दुई एसपी, एक डिएसपी र चार इन्स्पेक्टरमाथि मानव अधिकार उल्लंघनको आरोपमा कारबाही गरिएको छ। त्यस्तै, तीन सइ, पाँच असइ, दुई वरिष्ठ हवल्दार, ११ हवल्दार, पाँच सहायक हवल्दार र १९ प्रहरी जवान कारबाहीमा परेको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ। ०८०/८१ मा मात्र १४ प्रहरी कारबाहीमा परेका थिए। अनुसन्धानका क्रममा यातनादेखि भिड नियन्त्रणमा बल प्रयोगजस्ता घटनामा प्रहरी कारबाहीमा परेका छन्। इन्काउन्टरको नाममा हत्या गरेको आरोपमा कतिपय प्रहरीमाथि कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस भने अलपत्र परेका छन्।

■ निर्घात कुटपिट गर्ने असइ निलम्बनमा

चितवनको भरतपुरस्थित सडकमा सर्वसाधारणलाई निर्घात कुटपिट गर्ने प्रहरी निलम्बनमा परेका छन्। भरतपुर महानगरपालिका- ११ स्थित गणेशस्थान बिटमा कार्यरत असइ बुद्धिबहादुर घर्ती भुजेललाई निलम्बन गरिएको चितवन प्रहरीले जनाएको छ। सर्वसाधारणलाई लडाएर पटक-पटक लात हानेको भिडियो भाइरल भएपछि प्रहरीले भुजेललाई निलम्बन गरी छानबिन अघि बढाएको हो।

चितवनका एसपी गौतम मिश्रका अनुसार घटना १५ पुसको हो। चेकजाँचका क्रममा विवाद भएपछि असइ भुजेलले एक युवकलाई लात हानेर भुइँमा लडाएर थप कुटपिट गरेका थिए। घटनाको विषयमा डिएसपी ज्ञानकुमार महतोको नेतृत्वमा छानबिन समिति गठन भएको छ।

■ सिंहदरबारसँग पानी माग्न

रित्तो गाग्री बोकेर आए हर्क साम्पाङ

दीर्घकालीन रूपमा धरानको खानेपानी समस्या समाधानको माग गर्दै रित्तो गाग्री बोकेर उपमहानगरका मेयर हर्क साम्पाङ सोमबार काठमाडौं आएका छन्। गाग्री बोकेरै उनी आज सिंहदरबारमा प्रधानमन्त्री, अर्थमन्त्री र खानेपानीमन्त्रीलाई भेट्न जाँदै छन्। तर, प्रधानमन्त्री र अर्थमन्त्रीको समय पाउने-नपाउनेमा उनी निश्चित छैनन्। 'मंगलबार अर्थ र खानेपानी मन्त्रालय जान्छु, हेरौँ के हुन्छ,' उनले भने, 'सरकारले नसुनेकाले म यहाँ आउनुपरेको हो। समय दिए प्रधानमन्त्रीसँग पनि गुनासा राख्छु।' काठमाडौं आउनुअघि उनले आइतबार धरानको भानुचोकमा पनि रित्तो गाग्रीसहित प्रदर्शन गरेका थिए। तस्बिर : नयाँ पत्रिका

१८ माघदेखि संघीय संसद्‌को हिउँदे अधिवेशन

दुई वर्षमा बजेटबाहेक १० ऐन मात्रै

कमलराज भट्ट/नयाँ पत्रिका

> ■ **संसद्‌माथि धेरै कानुन बनाउन दबाब, तर कैयौँ राष्ट्रिय र जनसरोकारका मुद्दामा सत्तापक्ष र विपक्षी दलहरू आमने-सामने हुँदा विधायिकी काम प्रभावित हुने जोखिम**

कैयौँ राष्ट्रिय र जनसरोकारका मुद्दामा सत्तापक्ष र विपक्षी दलहरू आमने-सामने भएकै वेला संघीय संसद्‌को हिउँदे अधिवेशन १८ माघदेखि प्रारम्भ हुने भएको छ। मन्त्रिपरिषद्‌को सोमबार बसेको बैठकले १८ माघ दिउँसो १ बजे अधिवेशन बोलाउन राष्ट्रपतिसमक्ष सिफारिस गरेको कानुनमन्त्री अजय चौरसियाले बताए। मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिले संसद्‌को अधिवेशन बोलाउने र अन्त्य गर्ने संवैधानिक व्यवस्था छ।

संसद् छल्दै गम्भीर प्रकृतिका कानुन अध्यादेशमार्फत जारी गर्ने निर्णय संविधानको मर्म तथा भावनामाथिको प्रहार भएको भन्दै सात विपक्षी दलले शुक्रबार पत्रकार सम्मेलन गरेर तत्काल संसद् अधिवेशन बोलाउन माग गरेका थिए। विपक्षीहरूले तत्काल हिउँदे अधिवेशन नबोलाए विशेष अधिवेशन बोलाउन बाध्य हुने चेतावनी दिएका थिए। त्यसको चार दिनपछि सरकारले अधिवेशन आह्वानको निर्णय गरेको हो।

पछिल्लोपटक संसद्‌को बर्खे अधिवेशन ३१ भदौमा अन्त्य भएको थियो। यसपटक सरकारले पाँच महिनापछि हिउँदे अधिवेशन बोलाएको हो। संविधानले एक अधिवेशन र अर्को अधिवेशनबिचको अवधि ६ महिनाभन्दा

» पृष्ठ ९ मा क्रमशः

विपिन नछुट्दा परिवार निराश, थप पहल गरिदिन आग्रह

कञ्चनपुरमा **मोहन विष्ट**

१६ महिनादेखि प्यालेस्टाइनी लडाकु समूह हमासको नियन्त्रणमा रहेका कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ महेन्द्रनगरका नेपाली युवक विपिन जोशी आइतबार छुट्ने आशामा परिवार थियो। तर, उनी नछुटेपछि विपिनको परिवारमा सन्नाटा छाएको छ।

विपिनका बाबु महानन्द जोशीले छोरा छुट्ने आसले आइतबार राति १२ बजेसम्म अन्तर्राष्ट्रिय सञ्चारमाध्यम हेरेको, तर नछुटेपछि दुःख लागेको बताए। 'टेलिभिजनका च्यानलमा समाचार हेर्दै गर्यौं, तर इजरायलसहित अरू देशका नागरिक छुटे, विपिन छुटेनन्,' उनले भने, 'छुट्ला भन्ने आशा थियो, नछुटेपछि हाम्रो आशा निराशामा बदलियो।'

विपिनको रिहाइ नभएपछि जोशी परिवार थप बेचैन बनेको छ। 'पहिलो लटमै छुट्ने आशा थियो, तर छुटेनन्। किन छुटेनन्, त्यो हामीलाई थाहा छैन,' महानन्दले भने, 'अब सरकारले सीधै इजिप्ट र कतारसँग वार्ता गर्नुपर्ने देखियो।'

गत वैशाख दोस्रो साता कतारका राजा अमिर शेख

» पृष्ठ ९ मा क्रमशः

विपिनका बुबा महानन्दको बेचैनी-

> १९ असोज ०८० मा विपिनको कुरा आमा र दाजुसँग भयो, तर मेरो सम्पर्क भएन, त्यसवेलादेखि अहिलेसम्म विपिनकै यादले हामीलाई बेचैन बनाएको छ। एक सेकेन्ड भए पनि छोरासँग कुरा गर्न पाए हुन्थ्यो।

सुदूरपश्चिम विश्वविद्यालय टीकापुर कृषि क्याम्पसमा अध्ययनरत विपिनसहितका विद्यार्थी 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल गएका थिए। त्यहाँ २० असोज ०८० मा हमास समूहको आक्रमणमा परेर १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो भने विपिनलाई हमास समूहले नियन्त्रणमा लिएको थियो।

■ रुस-युक्रेन युद्धमा मारिएका ५६ मध्ये दुई नेपालीका परिवारले पाए क्षतिपूर्तिबापतको पहिलो किस्ता

एनओसी नपाउँदा परिवारजन मस्को जान पाएनन्, नेपालीलाई भर्ना र सेवा नवीकरण बन्द

पर्शुराम काफ्ले/नयाँ पत्रिका

रुस-युक्रेन युद्धमा मारिएकामध्ये दुई नेपालीका परिवारले क्षतिपूर्तिबापतको पहिलो किस्ता पाएका छन्। परिवारले पहिलो किस्ताको रकम मस्कोमै बुझेको हो। रकम तीन किस्तामा दिने रुसी रक्षा मन्त्रालयले परिवारजनलाई जानकारी दिएको छ।

परराष्ट्र स्रोतका अनुसार रुसी सेनाका तर्फबाट युक्रेनी सेनासँगको लडाइँमा मृत्यु भएका गणेश श्रेष्ठ र विराजन विष्टको परिवारलाई रुस सरकारले क्षतिपूर्ति दिन थालेको हो। रुस सरकारले रुसी सेनामा कार्यरत रहँदा मृत्यु भएका सैनिकका परिवारलाई प्रतिव्यक्ति करिब दुई करोड ३१ लाख रुपैयाँ क्षतिपूर्ति दिने भनेको छ। रुसी सेनामा कार्यरत रहेका नेपालीहरूमध्ये हालसम्म ५६ नेपालीको मृत्यु पुष्टि भएको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले रुसी सेनामा कार्यरत रहँदा मृत्यु भएका नेपालीहरूको परिवारलाई क्षतिपूर्तिका लागि सरकारले प्रयास जारी राखेको

» पृष्ठ ९ मा क्रमशः

ट्रम्पले लिए अमेरिकाको ४७औँ राष्ट्रपतिको शपथ



विश्व शान्तिका लागि काम गर्ने सन्देश, गैरकानुनी आप्रवासीप्रति कठोर नीति

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र

छैटौँ शताब्दीको ब्रह्मा मन्दिर पुनर्निर्माण सुरु

काठमाडौं/ काठमाडौं महानगरपालिकाले छैटौँ शताब्दीको ब्रह्मा मन्दिर पुनर्निर्माण सुरु गरेको छ। सोमबार शास्त्रीय विधिपूर्वक ब्रह्मा मन्दिर पुनर्निर्माणको शिलान्यास भएको हो।

महानगरको वडा नम्बर ८ जयबागेश्वरी, गायत्री मार्गमा रहेको मन्दिर उत्खननपछि सोही स्थानमा पुनर्निर्माण सुरु गरेको वडाध्यक्ष आशामान संगतले बताए। वडाध्यक्ष संगतका अनुसार उक्त मन्दिर हराएकै एक सय वर्षभन्दा धेरै भएको थियो। यस स्थानमा झाडी थियो। पुरातत्त्व विभागको सहयोगमा उत्खननपश्चात् यसको प्राचीनता अध्ययन गरिएको थियो। यसबाट मन्दिर छैटौँ शताब्दीदेखि सातौँ शताब्दीबिचमा निर्माण भएको अनुमान गरिएको छ।

'मन्दिरको बनावट र प्रकृतिसम्बन्धी दस्तावेज नपाइएपछि हामीले जगको आकृति, प्रयोग भएको निर्माण सामग्रीका आधारमा पुरातत्त्वविद्हरूबाट मन्दिरको रेखांकन गराएका हौं,' संगतले भने।

उनका अनुसार मन्दिरको मूर्ति वर्षौंदेखि गौशाला प्रहरी कार्यालयमा छ, कार्यालयबाट मन्दिरमा सार्न हतार भइसकेको छ।

सार्वजनिक खरिद प्रक्रियाबाट छानिएको निर्माण पक्षबाट मन्दिरको पुनर्निर्माण हुँदै छ। यसको लागत करिब एक करोड १५ लाख छ। आगामी वर्षको २६ साउनभित्र पुनर्निर्माण सम्पन्न गर्ने गरी कामको जिम्मा दिइएको छ। माटो, इँटा र काठको प्रयोगबाट निर्माण हुने मन्दिर दुई तलाको प्यागोडा शैलीको हुनेछ। मन्दिरमा गजुर पनि राखिनेछ। निर्माण गर्दा वडासँगै महानगरपालिकाको सम्पदा तथा पर्यटन विभाग, पशुपति क्षेत्र विकास कोष, पुरातत्त्व विभाग, स्थानीय समुदाय, संघसंस्थाहरूसँग पनि समन्वय गरिनेछ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Ilam

Invitation of Electronic Bids

Date of publication: Jan 21, 2025

1. Federal Water Supply and Sewerage Management Project - Ilam, invites electronic bids from eligible bidders for the following works. The details notice can be assessed from www.bolpatra.gov.np/egp.

Contract No	Description of Works:	Average Annual Turnover (Excluding VAT) NRs	Work Experience of Similar Size and Nature (one contract, excluding VAT), NRs	Bid Document Fee (NRS.)	Bid Security Fee (NRs.)	Last Date of Submission
FWSSMPILAM/04/081/082/NCBW	Construction of two nos. of sump well and allied works at bank of Tamor river at Yasok and Aangna Mauwa WSP, Panchthar	45,600,000.00	12,200,000.00	5,000.00	800,000.00	Feb 20, 2025 12:00 hours

2. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Project Chief

फेसबुकमा लेखेको भन्दै तारकेश्वरका मेयरले सोधे वडाध्यक्षलाई स्पष्टीकरण

वडाध्यक्ष भन्छन्- वैधानिक रूपमा राखिएको आवाज सम्बोधन नभएपछि फेसबुकमा लेखेँ

नयाँ पत्रिका

तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनले शिष्टाचार उल्लंघन गरी फेसबुकमा लेखेको भन्दै वडा नम्बर ५ का अध्यक्ष शम्भुप्रसाद फुँयाललाई स्पष्टीकरण सोधेका छन्। उनले तीन दिनभित्र स्पष्टीकरण पेस गर्न २ माघमा पत्र पठाएका थिए।

पत्रको जवाफ वडाध्यक्ष फुँयालले सोमबार पेस गरेका छन्। सामाजिक सञ्जाल फेसबुकमा फोहोरमैलाबारे लेखेर शिष्टाचार उल्लंघन गरेको भन्दै मेयर महर्जनले वडाध्यक्ष फुयाँललाई तीन दिनभित्र स्पष्टीकरण दिनका लागि २ माघमा पत्र पठाएका थिए। सोही पत्रको जवाफस्वरूप फुँयालले वैधानिक रूपमा राखिएको आवाज सम्बोधन नभएका कारण फेसबुकमा लेखेको जवाफ दिएका छन्। उनले कुनै नीति-नियमको बर्खिलाप हुने काम नगरेको दाबी पनि गरेका छन्। 'नगरपालिकाभित्र रहेका अनगिन्ती समस्या र तिनको समाधानका विषयमा हामीले गहन छलफल र त्यसको समाधान खोज्न धेरै प्रयास गरेका छौँ। नगरपालिकाभित्र फोहोरको समस्या गम्भीर अवस्थामा छ। नगरभित्र कुन माध्यमबाट फोहोर उठेको छ भनेर वैधानिक प्रक्रियाबारे नगरपालिकामा पटक-पटक प्रश्न गरेकै छुँ,' फुयाँलले स्पष्टीकरणमा भनेका छन्, 'फेसबुक पोस्ट व्यक्तिगत लाभ प्राप्त गर्ने उद्देश्यले नभई सम्पूर्ण नगरवासीप्रति नगर कार्य समितिलाई जनउत्तरदायी बनाउने उद्देश्यले गरेको हुँ। कुनै नीति-नियमको बर्खिलापमा नरहेको प्रस्ट पार्दछु।'

उनले मेयर महर्जनकै कार्यकक्षमा फोहोरमैलाबारे काम गरिरहेको संस्थालाई बोलाएर कुरा गर्दा बेवास्ता गरेकोसमेत आरोप लगाए। 'तारकेश्वर नगरपालिकामा वार्षिक रूपमा जनताले फोहोरमैलाको नाममा सात करोड बुझाउँछन्। कसलाई बुझाउँछन् थाहा छैन। हिजोको मेयर पनि चुप, आजका पनि चुप,' २९ पुसमा सामाजिक सञ्जाल फेसबुकमा उनले यस्तो लेखेका थिए। त्यसपछि मेयर महर्जनले स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ११२ को उपदफा २ बमोजिम सार्वजनिक शिष्टाचार उल्लंघन गरेको भन्दै फेसबुक पोस्टसँग सम्बन्धित सत्यतथ्यसहितको यथार्थ विवरण तीन दिनभित्र कार्यालयमा पेस गर्न भनेका थिए।

■ **कृष्णहरि महर्जन,** मेयर, तारकेश्वर नगरपालिकाका

वडाध्यक्षले सामाजिक सञ्जालमा लेखिएको विषयलाई लिएर भ्रम नपरोस् भनेर विवरण माग गरेको हो। यो स्पष्टीकरण हो। हामीबिच बाहिर आएजस्तो व्यक्तिगत समस्या केही छैन। फोहोरमैलाको विषयमा खरिद प्रक्रियाबाट अगाडी बढ्दै छौँ।

■ वडाध्यक्ष फुयाँलको प्रतिप्रश्न– अनुमतिविना नै फोहोर संकलन किन ?

नगरपालिकाभित्र फोहोर संकलन गर्ने कम्पनीले विनाअनुमति किन संकलन गरिरहेको छ ? भन्दै वडाध्यक्ष फुँयालले मेयर महर्जनलाई प्रतिप्रश्न गरेका छन्। उनले नगरपालिकाभित्र फोहोर संकलन गर्ने कम्पनीले अनुमति नलिएको आरोप लगाएका छन्। 'नगरपालिकाभित्र विभिन्न निजी कम्पनीको नाममा स्थानीयको घरबाट फोहोर संकलन गर्दै आएको र प्रतिघर मासिक तीन सय संकलन भइरहेको जनाएका छन्। उक्त कम्पनीहरूले हालसम्म नगरपालिकाबाट वैधानिक रूपमा अनुमति नलिएको विषयमा चासो राख्नु एक जनप्रतिनिधको कर्तव्य होइन र ? आमनागरिकले उठाउने सुशासन र पारदर्शिताको विषयमा बोल्न, लेख्न नगरपालिकाको अनुमति लिनुपर्ने हो ?' उनले भने। नगरपालिकाभित्र करिब ४१ हजार घरबाट प्रतिघर तीन सयको दरले एक करोड २४ लाख मासिक संकलन हुने गरेको छ। प्रतिमहिना संकलित रकमबाट हालसम्म नगरपालिका लाभान्वित हुने गरी कुनै काम नभएको उनले बताए। मेयर महर्जनले भने सामाजिक सञ्जालमा लेखिएको विषयलाई लिएर भ्रम नपरोस् भनेर विवरण माग गरेको बताए। 'खाएको विष लाग्छ, नखाएको लाग्दैन। उहाँले सामाजिक सञ्जालमा लेखेपछि मान्छेमा भ्रम सिर्जना नहोस् भनेर विवरण माग गरिएको हो। स्पष्टीकरण होइन,' उनले भने, 'हामीबिच बाहिर आएजस्तो व्यक्तिगत समस्या केही छैन।'

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/१०/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ माघ २३ गते बुधबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

चन्द्रपुर, रौतहट शाखा

१. ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
१. प्राईभेट फर्म, २०१४ बमोजिम, नेपाल सरकार, बाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६९/०१/२० मा दर्ता नं. ११६८/२८८ कायम भई आन्तरिक राजश्व कार्यालय गौर, रौतहटबाट मिति २०५८/०८/२२ मा स्थायी लेखा नं. ३००४९६६८८ लिई रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रभात हार्डवेयर**। **प्रोपाईटर विजय खड्का**	१. **अमुल राणा**को नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रपुर न.पा वडा नं ०४, (साविक चन्द्रनिगाहपुर गा.वि.स वडा नं. ०१) स्थित कित्ता नं ६७६९, २८१९, २९९५ र २९९६ क्षेत्रफल क्रमश: ०-१-३, ०-०-१०, ०-०-४१/२ र ०-०-१४ (वि-क-धु-के) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **विजय खड्का** ना.प्र.नं.- ३६४१९८८७ जारी मिति -२०५०/०५/०९, जि.प्र.का. सर्लाही। बाजे- जब्बर बहादुर खड्का बाबु - सम्शेर बहादुर खड्का पत्नि - अमुल राणा स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा, वडा नं. ११, हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. ०४	२. **अमुल राणा** ना.प्र.नं.- ३६४१०४८९ जारी मिति -२०५५/११/२७, जि.प्र.का. सर्लाही) बाजे- कर्ण प्रताप राणा बाबु - अविमन्दु प्रताप राणा पति - विजय खड्का स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ०५ हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं. ०४

ट्राफिकचोक, बुटवल शाखा

ऋणीहरुको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
क. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०७२/०४/२६ मा दर्ता नं: ३५७१२/७२ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **आर.एस. मोबाईल बजार।** **प्रोप्राईटर - रिना भारी** ख. **सुरेन्द्र भारी** ना.प्र.नं. ११०४६, जारी मिति २०५७/०८/१३, जि.प्र.का. रुपन्देही बाबु - झपेन्द्रमान भारी बाजे - दल बहादुर भारी आमा - विद्या लक्ष्मी भारी पत्नी - रिना भारी स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं. ०४ हालको ठेगाना- रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. ०३	१. **रिना भारी**को नाममा मालपोत कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, स्वाठी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ८६, २५०, २६९, २४८ र १२ को क्षे.फ. क्रमश: ८८०.३२, २८७.८०, २७०.८७, १२६९.६९ र ८४६.४६ (व.मी) (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। २. **सुरेन्द्र भारी**को नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटबल न.पा., वडा नं. ५ स्थित कित्ता नं. ३८ को क्षे.फ. ३१२.७५ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। ३. **रिना भारी**को नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला बुटवल न.पा., वडा नं. ५ स्थित कित्ता नं. २१८ र ३८० को क्षे.फ. २३१.९५ र १२९.०० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **सुरेन्द्र भारी** ना.प्र.नं. ११०४६ जारी मिति २०५७/०८/१३, जि.प्र.का. रुपन्देही बाबु - झपेन्द्रमान भारी बाजे - दल बहादुर भारी आमा - विद्या लक्ष्मी भारी पत्नी - रिना भारी स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं. ०४ हालको ठेगाना- रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. ०३	२. **रिना भारी** ना.प्र.नं. ३७२०२४/४९१७३ जारी मिति २०६५/०५/१५, जि.प्र.का. रुपन्देही) बाबु - असुनी प्रसाद लिगल बाजे - मंगल प्रसाद लिगल आमा - कमला देवी लिगल पति - सुरेन्द्र भारी स्थायी ठेगाना- रुपन्देही जिल्ला बुटवल उप.म.न.पा वडा नं. ११ हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं. ०३

बर्दिवास, महोत्तरी शाखा

१. ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
राम शरण महतो ना.प्र.नं. १८३०६३/१३८५, जारी मिति २०६३/१०/२१, जि.प्र.का. महोत्तरी बाबु - महादेव महतो बाजे - मखन महतो स्थायी ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२ हालको ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२	१. **राम शरण महतो**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा गा.बि.स./न.पा. वडा नं. ४ ख स्थित कित्ता नं. ३६९ को क्षे.फ. ०-३-०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **महादेव महतो** ना.प्र.नं. १८२६१६५७ जारी मिति २०३६/०५/२०, जि.प्र.का. महोत्तरी बाबु - मखन महतो बाजे - झल्लु महतो स्थायी ठेगाना- महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स वडा नं. ०४ हालको ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२ २. **विन्देश्वरी देवी महतो** ना.प्र.नं. १८३०६३/१३६०, जारी मिति २०६३/१०/२१, जि.प्र.का. महोत्तरी बाबु - चौधरी महतो बाजे - लालचन महतो पति - महादेव महतो स्थायी ठेगाना- महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स वडा नं. ०४ हालको ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२	३. **विभा कुमारी महतो** ना.प्र.नं. १८-०५-७५-००४५८ जारी मिति २०७५/०३/०६, जि.प्र.का. महोत्तरी बाबु - राम दरेश महतो बाजे - राम दिनेश महतो पति - राम शरण महतो स्थायी ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२ हालको ठेगाना- महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १२

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ माघ २२ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ माघ २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ माघ २३ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

स्वास्थ्य मन्त्रालयले थाल्यो स्वास्थ्य बिमा सुधारसम्बन्धी काम

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बिमा कार्यक्रमको सुधार प्रक्रिया सुरु गरेको छ। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सोमबार सामाजिक सञ्जालमार्फत स्वास्थ्य बिमा कार्यक्रम सुधारका लागि गठित कार्यदलले दिएको सुझावअनुसार प्रक्रिया अघि बढेको जनाएका छन्।

उनले भनेका छन्, 'स्वास्थ्य बिमामा सुधारका लागि गठित कार्यदलले दिएको सुझाव कार्यान्वयन प्रक्रिया अघि बढाएका छौँ। पहुँच वृद्धि गरेर अझ प्रभावकारी र नागरिकका अपेक्षा पूरा गर्ने उद्देश्यसाथ स्वास्थ्य बिमा कार्यक्रममा तत्कालीन तथा दीर्घकालीन नीतिगत र व्यावहारिक पक्षहरूमा हरसम्भव सुधार गर्ने हाम्रो अभिप्राय हो।'

उनले एक साताभित्र सुधार कार्ययोजनासहित प्रस्तुत हुने पनि जनाएका छन्। सुझावका लागि आग्रह गर्दै उनले भनेका छन्, 'हाम्रोजस्तो देशमा स्वास्थ्य बिमा कार्यक्रम आवश्यक छ। र, यसका सुधार पनि आवश्यक छ। अनि यसका लागि सरकार प्रतिबद्ध पनि छ। स्तरीय सेवाका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई परिस्कृत, प्रभावकारी र आमनागरिकको पहुँचयुक्त बनाउने अभियानमा तपाईंबाट रचनात्मक सहयोग अनि प्रतिक्रियाको अपेक्षा गरेका छौँ।'

ज्येष्ठ नागरिकको लगत संकलन गर्दै काठमाडौं महानगरपालिका

काठमाडौं/ काठमाडौं महानगरपालिकाको स्वास्थ्य विभागले ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकले सेवन गर्ने दीर्घरोगको औषधिसम्बन्धी लगत संकलन गरिरहेको छ। उनीहरूलाई औषधिको उपलब्धता सरल, सहज र पहुँचयोग्य बनाउने उद्देश्यले २२ पुसदेखि लगत संकलन गरिएको हो।

विवरण प्राप्त भएपछि उनीहरूको स्वास्थ्य प्रवर्द्धनका थप कार्यक्रम तर्जुमा गर्न सहज हुने विभागका प्रमुख दीपक केसीले जानकारी दिए। विभागले महानगरपालिकाकै पञ्जीकरण शाखाबाट १ साउन ०८१ सम्म अद्यावधिक गरेका ७० वर्ष उमेर पूरा भएका २३ हजार ७७० ज्येष्ठ नागरिकको विवरण प्राप्त गरेको छ। मेडिकल अधिकृत डा. दिवस न्यौपानेका अनुसार हरेक ज्येष्ठ नागरिकको मोबाइलमा सन्देश पठाएर सहयोगीमार्फत गुगल फर्ममा विवरण मागिएको छ। अहिलेसम्म एक हजार ४९६ जनाको विवरण प्राप्त भइसकेको छ। उनीहरूमध्ये धेरैले मधुमेह र उच्च रक्तचापको औषधि सेवन गरिरहेको जानकारी प्राप्त भएको छ।

विभागलाई प्राप्त विवरणमा ६८ वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकको संख्या ३७ हजार ६५४ छ। ७० वर्ष उमेर पूरा भएकाको संख्या २३ हजार ७७० छ। धेरै उमेर हुनेमा ११० वर्ष उमेरका छन्। एक सय वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकको संख्या ४७ छ। ९० वर्षदेखि ९९ वर्षसम्मका ८६४ जना, ८० वर्षदेखि ८९ वर्षसम्मका पाँच हजार ४८३ जना र ७० वर्षदेखि ७९ वर्षसम्मका १७ हजार ३७४ जना ज्येष्ठ नागरिक छन्।

भावपूर्ण श्रद्धाञ्जली

जन्म : २०१६/०८/०१
स्वर्गारोहण : २०८१/०९/२५

स्व. रश्मि गुरुङ खड्का

शहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था लिमिटेडको उपाध्यक्ष **रश्मि गुरुङ खड्का**ज्यूको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

शहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था लि.
तथा
शहिद मेमोरियल अस्पताल
परिवार
कलंकीचोक, काठमाडौं

मुहार फेरिएको दरबारमार्ग

पहिले

अहिले

केही समयअघिसम्म सडकमै सवारीसाधनका पार्किङ र पोलमा गुजुल्टिएका तारका कारण अव्यवस्थित देखिने दरबारमार्ग हिजोआज सुन्दर र सफा देखिन थालेको छ। काठमाडौं महानगरपालिकाले फुटपाथको व्यवस्थापन र नेपाल विद्युत् प्राधिकरणले तार भूमिगत गरेपछि दरबारमार्गको मुहार नै फेरिएको छ। महानगरले फुटपाथ फराकिलो पारेर ढलानको काम सकेको छ। ढलानपछि फुटपाथमा महानगरले मार्बल लगाउने र नयाँ बत्ती जडान गर्दै छ। **तस्बिर : सतिश पोखरेल**/नयाँ पत्रिका

नदीखोलाको अवैध उत्खनन रोक्न परमादेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले देशभरका खोलानदीबाट ढुंगा, गिटी, बालुवाको अवैध उत्खनन रोक्न सरकारका नाममा परमादेश जारी गरेको छ। न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र टेकप्रसाद ढुंगानाको सोमबारको संयुक्त इजलासले अवैध उत्खननलाई नियमन गर्न पनि भनेको छ।

न्यायाधीश डा. मनोजकुमार शर्मा

न्यायाधीश टेकप्रसाद ढुंगाना

ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा १७ अनुसार नदीजन्य पदार्थको उत्खनन् गरिने स्थानको लम्बाइ, चौडाइ तथा गहिराइसहितको चार किल्ला उत्खनन गर्ने अवधि र समय, प्रयोग गरिने साधनसमेत जानकारीसहित उत्खनन स्थलमा सूचनापाटी अनिवार्य रूपमा मिलाउनुपर्छ। तर, उक्त मापदण्डसँगै वातावरण संरक्षण ऐन,०७६ विपरीत उत्खनन् भइरहेकाले रोक्न माग गर्दै नेपाल वातावरण कानुन समाजका तर्फबाट वरिष्ठ अधिवक्ता पदमबहादुर श्रेष्ठ तथा अधिवक्ताहरू हेमकला कटेल, रामेश्वर सेढाईं, विश्वजित तिवारी, रामप्रसाद शर्मा, पदमबहादुर शाही र गंगाराम पाध्यायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र सातवटै प्रदेशलाई विपक्षी बनाएर १२ वैशाख ०७८ मा रिट दायर गरेका थिए। त्यस्तै, सिन्धुपाल्चोकको भोटेकोशी नदीमा भइरहेको अवैध उत्खनन रोक्न मागसहित एक्सफोर्ट ल्याबका तर्फबाट पनि रिट परेको थियो। दुवै रिटको संयुक्त सुनुवाइ गर्दै सर्वोच्चले परमादेश जारी गरेको हो।

रिट निवेदकले नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐनको माग पनि गरेका थिए। सर्वोच्चले यसअघि गत १७ वैशाखमा एक छुट्टै रिटमा क्रसर उद्योग र ढुंगागिटी व्यवस्थापनका लागि कानुन बनाउन परमादेश जारी गरिसकेको छ। तर, सरकारले कार्यान्वयन गरेको छैन। हाल ढुंगा, गिटी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ रहे पनि प्रभावकारी कार्यान्वयन भएको छैन।

वरिष्ठ अधिवक्ता श्रेष्ठका अनुसार कोशी सरकारले बालुवा, गिटी, उत्खननसम्बन्धी कार्यविधि बनाएको छैन भने मधेश प्रदेशले ढुंगा, गिटी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री-वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि बनाएको छ। बागमती प्रदेशले नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, गण्डकी प्रदेशले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, लुम्बिनी प्रदेशको ढुंगा, गिटी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री-वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि बनाएका छन्।

कर्णाली प्रदेशले पनि ढुंगा, गिटी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री-वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि बनाएको छ। सुदूरपश्चिम प्रदेशले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि र ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड बनाएको छ। तर, कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन नगरिँदा नदीजन्य पदार्थको उत्खनन गरेर समग्र वातावरणमा असर परेको छ। 'कानुन र अनुसन्धानविनै प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (आइई)को भरमा ठेक्का लगाएर उत्खनन भइरहेको छ,' श्रेष्ठले भने, 'नदी संरक्षण, व्यवस्थापन, जैविक विविधताका विषयमा सर्वोच्चबाट महत्त्वपूर्ण परमादेश जारी भएको छ।'

घाटामा कांग्रेस
बढ्दो खर्च, घट्दो आम्दानी !

कांग्रेस लेखा समिति संयोजक **श्यामकुमार घिमिरे** भन्छन्-

खर्च र आम्दानीको सन्तुलन नमिल्दा पार्टी लगातार घाटामा छ

तीन वर्षदेखि कांग्रेस घाटामै छ। हाम्रो आम्दानी भनेको पार्टीको क्रियाशील सदस्यता, सांसदको लेबी हो। क्रियाशील सदस्यताको शुल्क महाधिवेशनको समयमा आउँछ। लेबी मात्रले त्यो पूर्ति हुँदैन। घाटा पूर्तिका लागि चन्दा संकलन गर्छौं, साथीभाइ गुहार्छौं। यसबिचमा पार्टीको महाधिवेशन र आमनिर्वाचन भयो, जसले गर्दा खर्च र आम्दानीको सन्तुलन हुन सकेन। घाटा पूर्तिका लागि पार्टीले प्रयास गरिरहेको छ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सत्तारूढ कांग्रेस तीन वर्षदेखि लगातार घाटामा चलेको छ। तीन वर्षको लेखापरीक्षण प्रतिवेदनले कांग्रेसको आम्दानीभन्दा खर्च बढी देखिएको हो।

कांग्रेसले हालै आर्थिक वर्ष ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको छ। जसअनुसार उसले आव ०८०/८१ मा दुई करोड ५९ लाख ८ हजार ७ सय ७५ रुपैयाँ ५५ पैसा आम्दानी गरेको देखिन्छ। सदस्यता, लेबी र सदस्यता नवीकरण शुल्कबापत ७१ लाख ९८ हजार १ सय ६३ रुपैयाँ, चन्दाबापत १ करोड ७३ लाख ९४ हजार ४ सय ३९ रुपैयाँ, प्रकाशन बिक्रीबाट १८ हजार २ सय र व्याजबापत १२ लाख ९७ हजार ९ सय ७३ रुपैयाँ ५५ पैसा आम्दानी गरेको थियो। यस आवमा ४ करोड ९१ लाख ५६ हजार ३ सय ७५ रुपैयाँ खर्च भएको देखिन्छ। जसमा तीनै तहको निर्वाचनमा ३ करोड ८८ लाख ५७ हजार ९ सय ९३ रुपैयाँ भएको खर्च समेटिएको छ। कार्यालय सञ्चालनमा ४ करोड ५४ लाख ६७ हजार नौ १ सय रुपैयाँ र ह्रासकट्टी तथा अपलेखनबापत ३६ लाख ८८ हजार ४ सय ७५ रुपैयाँ खर्च भएको देखिन्छ।

गत वर्ष फागुन (७ देखि १० सम्म)मा भएको महासमिति बैठकमा कांग्रेस लेखा समिति संयोजक श्यामकुमार घिमिरेले आव ०७८/७९ र ०७९/८० को लेखापरीक्षण प्रतिवेदन पेस गरेका थिए। जसअनुसार आव ०७८/७९ मा कांग्रेसको आम्दानी १४ करोड ८९ लाख ९४ हजार ८७ रुपैयाँ थियो। सदस्यता, लेबी र नवीकरण शुल्कबापत ७ करोड ४३ लाख ३ हजार ५ सय १ रुपैयाँ, चन्दाबापत ६ करोड ६८ लाख २४ हजार रुपैयाँ, प्रकाशन बिक्रीबाट ११ लाख ४९ हजार ४ सय र ब्याजबापत ६७ लाख १७ हजार १ सय ८५ रुपैयाँ आम्दानी गरेको थियो। यस आवमा १७ करोड ९० लाख ७८ हजार २ सय २२ रुपैयाँ खर्च भएको थियो। कांग्रेसको १४औँ महाधिवेशनका लागि १२ करोड २१ लाख ९७ हजार ७ सय ७ रुपैयाँ खर्च भएको थियो। स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा एक करोड १५ लाख ६५ हजार २ सय १० रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

आव ०७९/८० मा कांग्रेसले ३ करोड ६४ लाख ७६ हजार २ सय ७० आम्दानी गरेको देखिन्छ। सदस्यता, लेबी र नवीकरण शुल्कबापत ५७ लाख ६० हजार ८ सय रुपैयाँ, चन्दा तथा सहयोगबापत २ करोड ६५ लाख ६४ हजार ५ सय ७७ रुपैयाँ, प्रकाशन बिक्रीबाट ९४ हजार ६ सय पचास रुपैयाँ, लिलाम बिक्रीबापत २ लाख २५ हजार रुपैयाँ र ब्याज आम्दानीबापत ३८ लाख ३१ हजार २ सय ७० रुपैयाँ आम्दानी गरेको थियो। सो आवमा ७ करोड ९९ लाख ९५ हजार १ सय २१ रुपैयाँ खर्च भएको थियो। जसमा निर्वाचन खर्चबापत ३ करोड ८८ लाख ५७ हजार ९ सय ९३ रुपैयाँ, कार्यालय सञ्चालनमा ३ करोड २२ लाख ५० हजार ४ सय ३२ रुपैयाँ, भ्रातृ संगठनसम्बन्धी खर्चबापत ४९ लाख ६० हजार रुपैयाँ र ह्रासकट्टी तथा अपलेखनबापत ३९ लाख २६ हजार ६ सय ९६ रुपैयाँ खर्च भएको देखिन्छ।

आव ०७८/७९ मा जगेडा कोषको ६ करोड ९६ लाख ५९ हजार १ सय २३ रुपैयाँ रेहकोमा मा ०७९/८० मा घटेर २ करोड ६१ लाख ४० हजार रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ। आव ०७८/७९ मा मा कुल स्थिर सम्पत्ति पाँच करोड ७६ लाख ३७ हजार ६ सय ७० रुपैयाँ रहेकोमा आव ०७९/८० मा ह्रासकट्टी भई पाँच करोड ५३ लाख ५५ हजार ७ सय ११ रुपैयाँ कायम भएको थियो। ११ वटा बैंकमा १७ वटा खाता रहेको कांग्रेस प्रतिवेदनमा उल्लेख छ। जसमा ८४ लाख ९३ हजार ४ सय ६९ रुपैयाँ ३६ पैसा मौज्दात छ।

एकीकृत समाजवादी ३३ लाख घाटामा

एकीकृत समाजवादी पार्टी ३३ लाख घाटामा देखिएको छ। सोमबार केन्द्रीय कार्यालयमा प्रतिवेदन सार्वजनिक गर्दै सो पार्टीले गत आर्थिक वर्षमा आम्दानीभन्दा ३३ लाख रुपैयाँ बढी खर्च भएको उल्लेख गरेको हो। केन्द्रीय कार्यालयका लेखा प्रमुख खेमराज पौडेलका अनुसार आर्थिक वर्ष ०८०/८१ मा चार करोड २४ लाख ५३ हजार ६९१ रुपैयाँ आम्दानी भएकोमा चार करोड ५७ लाख ४० हजार ८५४ रुपैयाँ खर्च भएको छ। जसमा पार्टी सदस्यता, नवीकरण, लेबी, प्रकाशन सामग्री बिक्री-वितरण र शुभचिन्तकहरूको सहयोगलगायतबाट पार्टीले आम्दानी गरेको लेखा प्रतिवेदनमा उल्लेख छ। गत आर्थिक वर्षमा मेची-महाकाली जागरण अभियान, पार्टीको दसौँ राष्ट्रिय महाधिवेशन र उपनिर्वाचन एकै वर्ष परेकाले पनि आम्दानीको तुलनामा केन्द्रीय कार्यालयले बढी खर्च गरेको पौडेलको भनाइ छ।

एक महिनामा ६५ फरार अपराधी पक्राउ

बाँके/ जिल्ला प्रहरी कार्यालय बाँकेले पुसमा ६५ जना फरार अपराधी पक्राउ गरेको छ। बाँके जिल्ला अदालत र उच्च अदालत तुलसीपुर इजलास नेपालगन्जबाट सजाय फैसला भए पनि फरार रहेका अपराधीलाई पक्राउ गरी सम्बन्धित अदालतमा पेस गरिएको प्रहरीले जनाएको छ। फरार अपराधीबाट १९ वर्ष चार महिना २७ दिन कैद र ५१ लाख ५५ हजार १३ रुपैयाँ जरिवाना असुल गरिएको बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले बताए। उनले पुसमा लागुऔषध ओसारपसारमा संलग्न २९ जनालाई पक्राउ गरिएको बताए। उनीहरूको साथबाट दुई सय ६८ ग्राम ५६ मिलिग्राम ब्राउनसुगर र तीन सय ६७ ट्याब्लेट ट्रामाडोल बरामद गरिएको बताए। लागुऔषधसहित पक्राउ गरेकालाई कानुनअनुसार कारबाही गरिएको उनले बताए। प्रहरीले पुसमा १२ लाख ९४ हजार एक सय ५८ रुपैयाँबराबरको अवैध सामान बरामद गरेको जानकारी दिँदै उनले ट्राफिक नियम उल्लंघन गर्ने तीन हजार ५७ सवारीसाधनलाई कारबाही गरेको बताए। ट्राफिक कारबाहीबाट २४ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन भएको छ। प्रहरीले अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गर्ने सातवटा ट्र्याक्टर, टिपर र जेसिवी एक-एकवटा नियन्त्रणमा लिएको छ। पुसमा विभिन्न अपराधसम्बन्धी ११७ वटा उजुरी दर्ता भएकोमा १२१ जना व्यक्तिलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएर कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको एसपी कार्कीले बताए।

संक्षेप

भूराजनीतिलाई देखाएर सरकारले कायरता लुकाउँदैन : ओली

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले भूराजनीतिलाई देखाएर सरकारले आफ्नो कायरतालाई लुकाउने काम नगर्ने बताएका छन्। एमालेको परराष्ट्र मामिला विभागद्वारा सोमबार आयोजित 'नेपालको परराष्ट्र नीतिबारे सांसद संवाद' कार्यक्रममा उनले सरकार छिमेकी मुलुकहरूसँग नेपालको हितका मामिलामा खुलस्त संवाद गर्ने पक्षमा रहेको बताए। 'भूराजनीतिलाई देखाएर आफ्नो कायरतालाई लुकाउने काम हामी गर्दैनौँ। राष्ट्रिय हितको रक्षा गर्न भूराजनीतिक परिस्थितिलाई सन्तुलित रूपमा सामना गर्न सक्छौँ। छिमेकी देशसँग उत्ताउलो नभईकन खुलस्त र मित्रतापूर्ण रूपमा आफ्ना जायज कुरा राख्नुपर्छ,' ओलीले भने, 'जिब्रो लट्पट्याएर नबुझिने गरी कूटनीतिक संवाद गर्नुपर्छ भन्ने छैन। बुझिने गरी संवाद गर्नुपर्छ। त्यसरी कुरा गर्दा अर्को पक्षले पनि आफ्नो धारणा बनाउन सहजता महसुस गर्न सक्छ।' ओलीले नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा रहेको पनि स्पष्ट पारे। उनले साना र ठुला राष्ट्रको हित समान हित हो भन्ने मान्यताका साथ नेपालको सार्वभौमिकता, स्वाभिमान र भौगोलिक अखण्डताका पक्षमा नेपाल सदैव कटिबद्ध रहने पनि जनाए।

कुलमानविरुद्धको मुद्दा स्थगित

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङको नियुक्तिविरुद्ध हितेन्द्रदेव शाक्यको मुद्दा सोमबार स्थगितको सूचीमा परेको छ। सर्वोच्च अदालतले ६ महिनाअघिका लागि दिएको पेसी तारेख सारेर सोमबारका लागि तोकेकोमा सुनुवाइ नभएको हो। शाक्यको मुद्दामा गत कात्तिकयता चारपटक पेसी तोकिएको छ। १ कात्तिकमा पेसी तारेख दिइएकोमा बेन्च बस्न नभ्याएकाले सुनुवाइ हुन नसकेको सर्वोच्चको अभिलेख छ। त्यसपछि ३ मंसिरका लागि दिइएको पेसीमा पनि बेन्चसम्म यो मुद्दा पुग्न सकेको थिएन भने ६ मंसिरमा पाँच महिनापछि २ वैशाख ०८२ को साप्ताहिक पेसीमा चढाइएको थियो। तर, त्यसलाई हटाएर यही २८ पुसका लागि पेसी तारेख दिइएको थियो। सो दिन पनि सुनुवाइ नभएपछि सोमबारका लागि पेसी तोकिएकोमा अदालत प्रशासनले स्थगित गरेको हो।

खुट्टी खोला नहर सञ्चालनको माग गर्दै प्रदर्शन

लहान/ खुट्टी खोला नहरबाट किसानको खेतमा सिँचाइ गर्नुपर्ने माग गर्दै सोमबार लहानमा प्रदर्शन भएको छ। स्थानीय पशुपति आदर्श माविबाट गाउँगाउँबाट आएका अगुवा किसानसहित विभिन्न राजनीतिक दलसम्बद्ध कार्यकर्ताले 'नहरलाई ढलमा परिणत गर्ने कार्य बन्द गर', 'नहरको अतिक्रमित जग्गा खाली गर', 'किसान एकता जिन्दावाद'लगायतका नारा लगाउँदै नगर कार्यपालिकाअगाडि प्रदर्शन गरेका थिए। विरोध र्‍यालीमा सहभागीहरूले लहान नगरपालिका- ७ स्थित मारवाडी सेवा सदननजिक नहरमा हालिएको ह्युमपाइपसँगै बनाइएको च्याम्बर र आयोजनासम्बन्धी साइनबोर्ड तोडफोड गर्नुका साथै पूर्व-पश्चिम लोकमार्गको लहान मुख्य चोकमा करिब एक घण्टा सडक अवरुद्ध गरे। गत चैतमा नगरपालिकाले लगाएको टेन्डर सकार गरी सुल्भ-गुक्ता-पिपिजेभीले लहान- ७ बाट नाला तथा करिडोर निर्माण थालेसँगै खुट्टी खोला नहर सिँचाइ संघर्ष समितिसहित विभिन्न दलहरूले विरोध जनाउँदै आएका छन्। लहान नगरपालिका-१० स्थित ओशो आश्रमदेखि उत्तरपट्टिबाट लहान वडा नम्बर ५, ६, ७, ८ हुँदै खनिएको खुट्टी खोला नहरमा वर्षौंदेखि पानी नबगेको स्थानीय बासिन्दा बताउँछन्। लहान नगरको मुख्य बजार क्षेत्र हुँदै गएको खुट्टी खोला नहरमा पानी नबग्दा फोहोरसँगै दुर्गन्धित हुँदै गएकाले कुरूप बनेपछि नहर व्यवस्थित बनाउन ड्रेन र करिडोर निर्माणको काम थालिएको नगरप्रमुख महेशप्रसाद चौधरीले बताए।

■ सूर्यदर्शन सहकारी ठगी प्रकरण

जिल्लाको आदेश बदर गरी सातजनालाई थुनामा पठाउन माग गर्दै उच्चमा निवेदन

कास्कीमा **रोहितराज पराजुली**

सूर्यदर्शन सहकारी ठगी प्रकरणका सात प्रतिवादीलाई धरौटीमा छाड्न कास्की जिल्ला अदालतले गरेको आदेश बदर गरी उनीहरूलाई थुनामा पठाउन माग गर्दै उच्च अदालत पोखरामा सोमबार निवेदन दर्ता भएको छ। सरकारी वकिल कार्यालय कास्कीले धरौटीमा छाड्ने आदेश बदर गरी उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठाउन माग गर्दै उच्चमा निवेदन दिएको अदालतका फाँटवाल राजन आचार्यले बताए।

कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको एकल इजलासले गत २५ पुसमा ठगी प्रकरणमा जोडिएका रास्वपा सभापति एवं गोर्खा मिडियाका तत्कालीन सञ्चालक एवं प्रबन्ध निर्देशक रवि लामिछानेसँगै सातजनालाई धरौटीमा छाड्न आदेश दिएको थियो। अदालतले लामिछानेसँग ६५ लाख, गोरखा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक एवं पूर्वडिआइजी छविलाल जोशीलाई ८८ लाख, जिबी राईका साझेदार लीला पछाईलाई ३७ लाख, नेचर हर्ब्स इन्टरनेसनल प्रालिका सञ्चालक रामबहादुर खनाललाई १५ लाख, सूर्यदर्शन सहकारीका पूर्वउपाध्यक्ष मीना गुरुङलाई पाँच लाख, सहकारीकी कोषाध्यक्ष आरती गुरुङलाई पाँच लाख र सहकारी सञ्चालक कृष्णबहादुर गुरुङलाई एक लाख धरौटी माग गर्दै धरौटीमा छाड्न आदेश गरेको थियो। अदालतले प्रतिवादी सातैजनालाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ समेतका आधारमा धरौटीमा छाड्ने आदेश दिएको थियो।

उच्च अदालत पोखराका रजिस्ट्रार विश्वनाथ अर्यालका अनुसार दर्ता निवेदन मंगलबार इजलासमा पेस हुनेछ। इजलासले कास्की जिल्ला अदालतसँग किन र के कारणले धरौटीमा छाडेको हो भनी कैफियत माग गर्नेछ। त्यसपछि फैसला गर्ने न्यायाधीश, अदालतका श्रेस्तेदार र फाँटवालाले हस्ताक्षर गरी कैफियत प्रतिवेदन उच्चमा पेस गर्नेछन्। जिल्लाबाट आएको कैफियत प्रतिवेदन उच्चको संयुक्त इजलासमा पेस भएपछि के गर्ने भन्ने निर्णय वा आदेश आउने अर्यालले बताए। यसअघि जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले ४४ जनाविरुद्ध ७ पुसमा कास्की अदालतमा अभियोगपत्र दर्ता गरेको थियो। ४४ मध्ये प्रहरी हिरासतमा रहेका सातजनालाई अदालतमा बयानसँगै थुनछेक बहसपछि धरौटीमा छाड्न आदेश भएको थियो। लामिछाने, जोशी र खनाललाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण, पछाईलाई सहकारी ठगी, संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन २०५८ को अभियोग लगाइएको छ।

हिमाली जिल्लामा फागुनदेखि नै नयाँ शैक्षिक सत्र सुरु गर्न माग

जुम्लामा मानदत्त रावल

संघीय सरकारले १५ हिमाली जिल्लामा १ वैशाखदेखि लागू गरेको नयाँ शैक्षिक सत्र हटाएर फागुनदेखि नै सुरु गर्ने विषयमा आवाज उठ्न थालेको छ। शिक्षा मन्त्रालय, मानव संसाधन विकास केन्द्रले ६ माघ ०७९ मा देशभरका विद्यालयलाई ०८० को शैक्षिक सत्र १ वैशाखदेखि लागू गर्न निर्देशन दिएको थियो। जसकारण अहिले सबै जिल्लामा १ वैशाखदेखि नयाँ शैक्षिक सत्र लागू हुँदै आएको छ।

विद्यार्थीको पठनपाठनभन्दा पनि आफ्नो अनुकूल हुने गरी यो नीति लागू गरिएको भन्दै जुम्लाका स्थानीय तहले फागुनदेखि नै नयाँ शैक्षिक सत्र सुरु गर्नुपर्ने आवाज उठाउन थालेका छन्। गत १९ वैशाखमा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यको अध्यक्षतामा आयोजित बैठक र २० मंसिरमा माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरूको बैठकले यस्तो माग गर्ने निर्णय गरेको हो। त्यसवेलाको परिपत्रअनुसार वैशाखदेखिको शैक्षिक सत्रलाई नमान्ने र फागुनदेखिको शैक्षिक सत्रलाई मान्यता दिने विषयमा हिमा गाउँपालिकाको कार्यपालिका बैठकले निर्णय गरेको थियो।

जुम्लासहित हिमाली जिल्लामा १० पुसदेखि माघ मसान्तसम्म जाडो बिदा हुने र बिदा सकिएलगत्तै १ फागुनदेखि नयाँ शैक्षिक सत्र सञ्चालन हुँदै आएको थियो। तर शिक्षा मन्त्रालय, मानव संसाधन विकास केन्द्रले ६ माघ ०७९ मा देशभरका विद्यालयलाई १ वैशाख ०८० देखि नयाँ शैक्षिक सत्र लागू गर्न निर्देशन दिएको थियो। जुन निर्णय जुम्लाका लागि अनुकूल नहुने हिमा गाउँपालिकाले ठहर गरेको थियो। 'संघीय सरकारले फागुनमा पाठ्यपुस्तक नै नपठाएपछि वैशाखदेखिकै शैक्षिक सत्रलाई मान्नुपर्ने बाध्यता बनायो,' हिमा गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाहीले भने, 'हाम्रोजस्तो हावापानी नमिलेको हिमाली जिल्लामा वैशाखदेखि शैक्षिक सत्र उपयुक्त छैन। तर, संघीय सरकारले जबर्जस्ती निर्णय लाद्यो।'


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाइ

विषय: शैक्षिक सत्र संशोधन सम्बन्धमा।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी भक्तपुर।

[illegible]

रमेश बहादुर मल्ल
इकाइ प्रमुख

कर्णाली माध्यमिक विद्यालय अनामनगरका प्रधानाध्यापक मीनराज शर्मा हिमाली जिल्लाका लागि वैशाखदेखिको शैक्षिक सत्र अनुकूल नहुने बताउँछन्। 'फागुनदेखि सुरु हुने शैक्षिक सत्र अनुकूल थियो,' उनले भने, 'फागुनदेखि सुरु भएको शैक्षिक सत्र पुस पहिलो-दोस्रो सातासम्म वार्षिक परीक्षा लिएर सम्पन्न हुने गरेको थियो। वार्षिक परीक्षापछि ५० दिन जाडो बिदा हुन्थ्यो। अहिले शैक्षिक सत्र वैशाखमा सुरु भएर चैतमा वार्षिक परीक्षा हुने गरेको छ। यसले गर्दा विद्यार्थीको पठनपाठनमा समस्या हुने गरेको छ।'

अहिलेको नयाँ शैक्षिक सत्रमा वार्षिक परीक्षा नहुँदै अगाडि ५० दिन बिदा हुने भएकाले घरमा पढ्ने वातावरण नहुने उनको भनाइ छ। 'विद्यार्थीले पढेर सिकेका कुरा फागुनमा स्कुल सञ्चालन हुँदासम्म बिर्सिसकेका हुन्छन्। नयाँ शैक्षिक सत्रको भर्ना अभियानजस्ता समस्याले गर्दा ७० प्रतिशत कोर्ष पूरा नहुँदै बार्षिक परीक्षामा विद्यार्थीले भाग लिनुपर्ने बाध्यता छ,' उनले भने।

देवीमहादेव माध्यमिक विद्यालय रुखेडाचौर तिला गाउँपालिकाका प्रधानाध्यापक भुपे रावत वैशाखदेखि नयाँ शैक्षिक सत्र सुरु भए पनि जुम्लाजस्ता हिमाली जिल्लाका लागि उपयुक्त नभएको बताउँछन्। 'भौगोलिक वातावरण र हावापानीले पुस र माघमा ५० दिन जाडो बिदा गर्नैपर्ने हुन्छ। फागुनदेखि पुनः विद्यालय सञ्चालन गरी चैतमा वार्षिक परीक्षा लिनुपर्ने हुन्छ। वार्षिक परीक्षा नहुँदै दुई महिना विद्यार्थी घरमा बिदा बस्ने हुँदा पढेका कुरा सबै बिर्सिसक्छन्। फागुनमा विद्यालय खुला हुन्छ, चैतमा वार्षिक परीक्षा हुन्छ। वैशाखमा नयाँ शैक्षिक सत्र सुरु भइहाल्छ,' उनले भने।

शैक्षिक सत्रका कारण पठनपाठनमा समस्या उत्पन्न भएको भन्दै १ फागुनदेखि शैक्षिक सत्र सुरु गर्न माग गरिएको शिक्षा विकास तथा समन्वय एकाइ जुम्लाका प्रमुख रमेश मल्लले बताए। उनका अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरलाई पठाइएको पत्रमा शैक्षिक सत्र संशोधनको माग गरिएको हो। '१९ वैशाख ०८१ मा जिल्ला समन्वय समिति जुम्लाका प्रमुखको अध्यक्षतामा बसेको बैठक र २० मंसिरमा माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरूको बैठकले यस्तो माग गर्ने निर्णय गरेको थियो। बैठकमा आठवटा स्थानीय तहका प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखलगायत अन्य सरोकारवालाहरूको सहभागिता थियो,' उनले भने। जुम्लामा १४५ आधारभूत र ५५ सामुदायिक विद्यालय छन्। ४३ हजार ४१९ विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन्।

मार्क्सवादको 'अन्धानुकरण' कि 'सिर्जनात्मक अनुसरण' ?

आफूलाई कट्टर मार्क्सवादी भन्ने कतिपय कम्युनिस्ट पार्टीहरू मार्क्सवादी दर्शनलाई धर्मशास्त्रको मन्त्रजस्तो गरी व्याख्या गर्ने गर्छन्

● डा. प्रेमराज सिलवाल

अग्रलेख

मार्क्सवाद बीसौँ शताब्दीमा भूराजनीतिलाई सर्वाधिक प्रभाव पर्ने राजनीतिक दर्शन रह्यो। तथापि जर्मन दार्शनिक कार्लमार्क्सको दर्शनको 'बुझाइ' र 'व्यावहारिक प्रयोग (प्राक्टिकल एप्लिकेसन)'मा अनेकौँ भ्रम र समस्या रहे। सन् १८४८ मा मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र जारी गरेपछि त्यसले वैचारिक एवं राजनीति विश्वमा हलचल ल्यायो। भ्लादिमिर लेलिनले सोभियत संघमा सन् १९१७ को अक्टोबरमा मार्क्सवादको प्रयोग गरे। सोभियत रुसमा ससाजवादी सत्ता आएपछि मार्क्स र एङ्गेल्सको देवत्वकरण गरियो। उनका रचनालाई मुस्लिम धर्मग्रन्थ 'बाइबल' र 'कुरान' जस्तै असंशोधनीय र अन्तिम ठानियो र मार्क्सवाद रुसको राजधर्मजस्तो बन्न पुग्यो। त्यस प्रकारको 'प्रयोग' हुनु मार्क्सवादको भद्दा प्राविधिक नक्कल (स्क्रिन सट) थियो। त्यसले मार्क्सवाद र त्यो दर्शनको बुझाइमा पनि अन्योल र साँघुरोपन ल्याइदियो। अन्धानुकरणको कारण सन् १८७१ मा फ्रान्स स्थापित हुन पुगेको सर्वहारा (मजदुर) वर्गको सत्ता अर्थात् पेरिस कम्युन ७२ दिनकै अल्पायुमा ढल्न पुग्यो।

सन् १९८९ मा सोभियत संघको समाजवादी सत्ता ढलेपछि कम्युनिस्ट विश्वमा संकट बढ्यो। यद्यपि अहिले पनि आधा दर्जनबढी मुलुकमा विभिन्न मोडेलका मार्क्सवादी विचार निर्देशित समाजवादी सत्ता सञ्चालित छन्। समाजवादी चीनले मार्क्सवादी सत्ताको आफ्नै खालको मोडेल प्रयोग गऱ्यो। सन् १९४९ देखि चीनले सफलतापूर्वक मार्क्सवादको अनुप्रयोगबाटै देशलाई स्थिर, विकसित र समृद्ध बनाउँदै अमेरिकालाई चुनौती दिने अवस्थामा पुऱ्याएको छ। क्युबामा पनि सन् १९६० देखि समाजवादी सत्ता सञ्चालनमा देखिन्छ। उनीहरूले सोभियत रुसको समाजवादको 'स्क्रिन सट' नगरी मार्क्सवादको 'रचनात्मक' र 'सिर्जनात्मक प्रयोग' गरे। मार्क्सले समाजलाई विचार निर्देशित क्रान्तिको उपज भने।

क्रान्ति एउटा व्यापक र निरन्तर गतिविधि हो। त्यसका निम्ति व्यक्तिभन्दा वर्गहरूको अवस्थिति र अवस्था जान्नुपर्छ भन्ने उनको मान्यता थियो। मुलुकअनुसार वर्गको अवस्था र अवस्थिति फरक हुने भएकाले मार्क्सवादी विचारको प्राविधिक अनुकरण अवस्तुवादी र अवैज्ञानिक हुन्छ। क्रान्ति आफैँमा व्यापक खालको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनको मार्गचित्र हो, जसमा व्यवस्थापन र नियन्त्रणको ज्ञान, कला, सीप र क्षमता आवश्यक हुन्छ। मार्क्सवादलाई सूत्रमा बुझ्ने र हुबहु प्रयोग गर्नेहरूले मार्क्सवादको हुर्मत काढेका छन्।

नेपाली राजनीतिमा मार्क्सवादी विचारको प्रभाव निरन्तर रहेको देखिन्छ। दर्जनबढी मार्क्सवादी-लेलिनवादी विचारमा आस्था राख्ने राजनीतिक दलहरू नेपाली राजनीतिमा क्रियाशील रहेका छन्। यिनमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) र माओवादी केन्द्र दुई ठुला शक्ति हुन्, जसको नेपाली राजनीतिमा प्रत्यक्ष भूमिका र प्रभाव रह्यो। कम्युनिस्ट नामका पार्टीहरूको राजनीतिक आदर्श मार्क्सवाद, लेलिनवाद, माओवाद र साम्यवाद भनिए पनि तिनका बुझाइ र व्याख्यामा भिन्नता देखिन्छ। कस्तो मार्क्सवाद ? किन मार्क्सवाद ? कसरी मार्क्सवादको प्रयोग गर्ने ? भन्नेजस्ता आधारभूत विषयमा भ्रमपूर्ण र आग्रही बुझाइ देखिन्छ। नाम र लोगो कम्युनिस्टको भएपछि मार्क्सवाद हुने हो कि कम्युनिस्ट भनेको रुसमा जसरी लेलिन र मूलतः जोसेफ स्टालिनले चलाएकोजस्तो सत्ता सञ्चालन गर्नेहरू हुन ? यस्ता विषय अहिले पनि राजनीतिक, दार्शनिक तथा वैचारिक बहसमा आइरहन्छन्।

मार्क्सवाद के हो ? आफूलाई मार्क्सवादी भन्नेहरू यसमै प्रस्ट छैनन्। मार्क्सवाद र मार्क्सवादी दर्शन भनेको जीवन र जगत्लाई बुझ्ने, अध्ययन गर्ने र समाजलाई बदल्ने वैज्ञानिक, भौतिक र वस्तुवादी विचार, मान्यता, दर्शन र सिद्धान्त हो। मार्क्सको सबल पक्षमध्येमा 'सोच' र 'सोच्ने तरिका' रह्यो। हरेक विषयको इतिहास हुन्छ र त्यसको अध्ययन गरी नयाँ विचार दिनुपर्छ भन्ने उनको विचार थियो। सोच्ने तरिकामा चिन्तन, मनन, निरन्तरता र फड्को हुनुपर्छ भन्ने मार्क्सको दृष्टि हो। मार्क्सले मानव समाजलाई गतिशीलतामा बुझ्नुपर्छ भने। तत्कालीन समयमा प्रचलित थुप्रै दर्शन, सिद्धान्त र विचारको अध्ययनपछि मार्क्सले द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको विकास गरेका हुन्। लन्डनमा रहँदा उनको रुचि अर्थशास्त्रमा पनि गयो। उनले 'दास क्यापिटल'जस्ता चर्चित पुस्तक लेखे। जर्मनका तत्कालीन दार्शनिक हेगेलको आदर्शवादी द्वन्द्ववादलाई उनले गहन अध्ययनपश्चात् त्यसलाई खारेज गर्दै द्वन्द्वात्मक भौतिकवादको सूत्रपात गरे। सत्रौँ शताब्दीअघिसम्मका सबैजसो दार्शनिक ईश्वर, प्रकृति, धर्म र पादरीहरूको आदेश र इच्छाबाटै समाज सञ्चालित हुन्छ भन्नेमा विश्वास गर्थे।

लेलिनले लेखेका थिए, 'हेगेल नपढ्दासम्म कार्लमार्क्सलाई बुझ्न नसकिने रहेछ।' हेगेल आदर्शवादी, धार्मिक राज्यमा विश्वास गर्ने, अदृश्य शक्तिप्रति विश्वास राख्ने र मूल रूपमा भन्दा आर्थिक असमानता र गरिबीका कारण अदृश्य शक्ति वा धार्मिक कारण हो भन्ने मान्यता राख्थे। हेगेलको त्यस्तो आदर्शवादी, अवैज्ञानिक र अवस्तुवादी दर्शनलाई मार्क्सले शतप्रतिशत सुल्टो पारे। गरिबीको कारण आर्थिक शोषण र असमानता हुने, पुँजीपति वा धनी वर्गले निरन्तर श्रमिक, किसान र आमजनतालाई वर्गीय शोषण गर्ने मार्क्सको दृष्टिकोण रह्यो। आर्थिक असमानता, राजनीतिक र सामाजिक मुक्तिका लागि श्रमिक, किसान र आमनागरिकले निरन्तर क्रान्ति र संघर्ष गर्नुपर्ने उनको विचार थियो।

क्रान्ति आफैँमा व्यापक खालको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनको मार्गचित्र हो, जसमा व्यवस्थापन र नियन्त्रणको ज्ञान, कला, सीप र क्षमता आवश्यक हुन्छ। मार्क्सवादलाई सूत्रमा बुझ्ने र हुबहु प्रयोग गर्नेहरूले मार्क्सवादको हुर्मत काढेका छन्।

दार्शनिक कार्लमार्क्स र लेलिनको दर्शनबाट प्रेरित भएर सन् १९४९ अप्रिल २२ मा नेपालमा कम्युनिस्ट पार्टीको गठन गरियो। सोही दर्शन, सिद्धान्त, मूल्य र आदर्शबाट सन् १९५१ देखि निरन्तर सामाजिक-राजनीतिक, आर्थिक अधिकार तथा सांस्कृतिक अधिकारको आन्दोलन र राजनीतिक संघर्ष हुँदै आएका छन्। सन् १९९१ पछिका सबैजसो निर्वाचनमा मार्क्सवादी भनिएका राजनीतिक दलहरूले निरन्तर जनताको मत प्राप्त गरे। नेपालको संविधानको प्रस्तावनामा समाजवादउन्मुख राज्य प्रणालीका लागि जनताका व्यापक सामाजिक, राजनीतिक, आर्थिक अधिकारको पक्षमा राज्यले कार्य गर्ने उल्लेख गरिएको छ। धारा १६ देखि ४६ सम्म विभिन्न मौलिक हकको सुनिश्चितता संविधानले गरेको पाइन्छ। यद्यपि, समाजको व्यापक सुधार र परिवर्तनमा मार्क्सवाद कति सहायकसिद्ध भयो भन्ने प्रश्न अहिले पनि छ।

आफूलाई कट्टर मार्क्सवादी भन्ने कतिपय कम्युनिस्ट पार्टीहरू मार्क्सवादी दर्शनलाई धर्मशास्त्रको मन्त्रजस्तो गरी व्याख्या गर्ने गर्छन्। मार्क्सले यो भनेका छैनन् भन्दै जनताको आवश्यकता र गतिशीलताविरोधी तर्क गर्न पुग्छन्। सिद्धान्तलाई जुन देश, पार्टी वा समूहले धर्मशास्त्र वा कुरानजस्तो बनाए वा सम्झे वा सोअनुसारको सिद्धान्त लागू गरे, ती सकिए भन्ने हेक्का राख्नुपर्छ। त्यस्तो सोच, शैली र व्यवहार मार्क्सवादको 'स्क्रिन सट'को शैली हो। बदलिँदो समय, आवश्यकता र औचित्यका आधारमा आफूलाई सुधार र परिवर्तन गर्न आवश्यक छ। नेपालमा मार्क्सवादी दर्शनको 'सिर्जनात्मक प्रयोग'को विचार र सिद्धान्त पहिलोपटक तत्कालीन एमाले नेता मदनकुमार भण्डारीले अघि सारेका थिए, जसलाई जनताको बहुदलीय जनवाद (जबज) भनियो। वास्तवमा मार्क्सवादी दर्शनलाई कुनै पार्टीको विचार वा सिद्धान्तको रूपमा सीमित गर्नु आवश्यक छैन। आवश्यकता र औचित्यअनुसार त्यसको सिर्जनात्मक प्रयोग गर्नु व्यावहारिक र बुद्धिमानी कुरा हो। न्यूनतम भौतिक सुविधाको प्रयोग गर्दा मार्क्सवादीविरोधी भइने होइन। तथापि, आवश्यकताभन्दा बढी भौतिक साधनको प्रयोग गर्ने र बिलासी जिन्दगी बिताउने कथित मार्क्सवादीबाट कस्तो परिवर्तनको अपेक्षा गर्ने भन्ने प्रश्न निरन्तर उठ्ने गरेको छ।

मार्क्सवादी विचार र दर्शनलाई जडसूत्रमा बुझ्नेहरूले मार्क्सवादको 'स्क्रिन सट' मात्र गरे। सिद्धान्त गतिशील हुनुपर्छ। विचार र सिद्धान्त केवल सिद्धान्तका लागि होइनन्, मानव समाजको हितका लागि हुन्। समाजका आफ्ना विशेषता हुन्छन्। सोहीअनुसार अघि बढ्नुपर्छ। संसार बदल्ने र इतिहासका निर्माता कुनै राजा-महाराजा, ईश्वर, पादरी वा महात्मा होइनन्। श्रमजीवी र मजदुर, किसान र परिश्रमी स्वतन्त्र नागरिक हुन्। यो कुरा मार्क्सले स्थापित गरिदिए। मार्क्सवादको सिर्जनात्मक प्रयोग आजको सन्दर्भमा अझ बढी सान्दर्भिक छ। यद्यपि, सिर्जनात्मक प्रयोग भनेर मार्क्सवादी दर्शनको 'हुर्मत काढ्ने (स्किन कट)' प्रवृत्तिले मार्क्सवादी भनिएका राजनीतिक दलहरूलाई नै क्षति पुऱ्याउनेतर्फ सचेत हुनु जरुरी छ। मार्क्सवादको 'स्क्रिन सट' र 'स्किन कट' गर्ने दुवै विचार अतिवादी हुन्। दुवैको सन्तुलन भनेको 'सिर्जनात्मक/गतिशील' र 'वैज्ञानिक प्रयोग (साइन्टिफिक एप्लिकेसन)' गर्नु नै हो।

(सिलवाल कानुनविद् हुन्)

---

३ प्रश्न

पूर्वयातायातसचिव **श्यामप्रसाद मैनाली**लाई

शंकास्पद लाइसेन्ससम्बन्धी सरकारी प्रतिवेदन यातायात व्यवस्था विभागबाट गायब हुनु कति गम्भीर विषय हो ?

सवारी लाइसेन्सजस्तो नागरिकको जिउज्यानसँग जोडिएको कुरा पनि नक्कली बनाएर बाँड्ने र यस्तो संवेदनशील विषयमाथिको छानबिन प्रतिवेदन तालुकदार निकायले नै गायब बनाउने कुरा अति गम्भीर विषय हो। यो अत्यन्त ठुलो अपराध हो। नक्कली लाइसेन्स बाँड्नु भनेको त मान्छे मार्ने लाइसेन्स दिएसरह हो। यस्तो अपराधसँग सम्बन्धित प्रतिवेदन गायब बनाउने काममा संलग्नहरूलाई सरकारले जिम्मेवार बनाउनुपर्छ। यातायात व्यवस्था विभागमा यो ट्रेन्ड पहिलेदेखि नै बसेको हो। कर्मचारीसँगको मिलिभगतमा द्वन्द्वकालमा पनि निकै नक्कली लाइसेन्स वितरण भएको थियो। तर, सरकारले कारबाही गर्ने इच्छाशक्ति देखाएन।

यसमा को जिम्मेवार छ ?

नक्कली लाइसेन्स बनाउने काममा संलग्न मानिसलाई सहजै फेला पार्न सकिन्छ। यसका लागि सरकारसँग इच्छाशक्तिचाहिँ हुनुपऱ्यो। यस्ता काममा माफियाहरू संलग्न हुने र तिनको पहुँच माथिसम्मै हुने गरेका कारण कारबाही भने हुने गरेको छैन। सरकारमा रहनेहरू माफियाहरूको घेराउमा रहने गरेका छन्। नेपालमा यस्तो घटना नौलो होइन। यो सवाल जवाफदेहिताको पनि हो।

सम्बन्धित अधिकारीलाई जवाफदेही बनाउन के गर्नुपर्छ ?

हामीकहाँ पदविशेषका हिसाबमा 'टिओआर' दिने अभ्यास सरकारमा छैन। यातायात व्यवस्था विभागमा डिजीसहित विभिन्न अधिकारी हुन्छन्। तिनले गर्ने कामको सरकारले टिओआर बनाएर दिने हो भने उनीहरू जवाफदेही भइहाल्छन्। तर, टिओआर नहुँदा लुपहोलबाट फाइदा उठाउँदै यस्ता अपराध हुने र जवाफदेहिताबाट उम्किने मौका पाइरहन्छन्। नागरिकको जीवनमाथि नै खेलबाड गरिएको यस्तो गम्भीर विषयमा पनि सरकार संवेदनशील हुँदैन भने त्यस्तो सरकारबाट नागरिकले के अपेक्षा गर्न सक्छ र ?

प्रेरक प्रसंग

यात्रुको कर्तव्य

विन्स्टन चर्चिल बेलायती राजनीतिका अनुभवी, पाका र चर्चित राजनीतिज्ञ हुन्। त्यतिखेर उनी इंग्ल्यान्डका प्रधानमन्त्री बनिसकेका थिएनन्, तर चर्चित नेताका रूपमा भने परिचित थिए। पत्रिकाको हेडलाइनमा उनको भाषण छापिन थालेको धेरै भइसकेको थियो।

एकपटक उनी कतै भाषण दिने सिलसिलामा रेलबाट यात्रा गरिरहेका थिए। केही क्षणमै टिकट निरीक्षक यात्रीको टिकट जाँच गर्नका लागि डब्बामा आइपुगे। उनले अन्य यात्रीलाई जसरी चर्चिलसँग पनि टिकट देखाउन आग्रह गरे।

विन्स्टन चर्चिलले गोजीमा हात हाले, तर टिकट भेटेनन्। उनी चिन्तित भएर आफ्ना सबै गोजी र ल्याएका सामान निकालेर टिकट खोज्न थाले। टिकट निरीक्षकले उनलाई चिनिसकेका थिए। उनले मुस्कुराएर नम्रतापूर्वक भने, 'भइगयो छाडिदिनुस् चर्चिल महोदय, मलाई थाहा छ तपाईंले टिकट अवश्य किन्नुभयो होला, तर कतै राखेर बिर्सनुभयो होला।'

टिकट निरीक्षकको कुरा सुनेर चर्चिल एकक्षण रिसाए र फेरि गम्भीर स्वरमा भने, 'टिकट निरीक्षकले माग्दा टिकट देखाउनु हरेक यात्रीको कर्तव्य हो। र, हरेक यात्रुको टिकट इमानदारीसाथ जाँच्नु टिकट निरीक्षकको पनि दायित्व हो। यसमा कुनै प्रकारको बहाना बनाउनु हुँदैन।'

यति भनेर उनी फेरि टिकट खोज्नमा लागे र अन्ततः टिकट फेला पारेरै छाडे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गठबन्धन सरकारका उपलब्धि : राष्ट्रघाती चार अध्यादेश

सरकारले हालै जारी गरेका चारै थान अध्यादेश राष्ट्रहितविपरीत छन्। यी अध्यादेश केही व्यक्तिलाई विभिन्न तरिकाले फाइदा पुऱ्याउन र पोस्न आएको देखिन्छ। अहिले जारी भएकै अध्यादेश हुबहु जारी भएमा राष्ट्रलाई अपूरणीय क्षति पुग्छ। जुन निम्न बुँदाबाट देखिन्छ :

- एउटा अध्यादेशबाट २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने प्रावधान हटाएर जनतालाई लुट्न छुट प्रदान गरिएको छ।
- दोस्रो अध्यादेशले तीन वर्षको वासलातविनै कम्पनीलाई प्रिमियममा आइपिओ जारी गर्न दिएर सर्वसाधारणलाई ठग्ने मार्ग खुला गरिएको छ। यसबाट जस्तासुकै कम्पनीले पनि प्रिमियम मूल्यमा सेयर जारी गरी सर्वसाधारणबाट पैसा उठाएर भाग्ने अवसर पाउनेछन्। यो प्रावधानले ठगी हुँदैन भनेर कसले जिम्मा लिन्छ ?
- तेस्रो अध्यादेशले तीन करोडसम्मको राजस्व छलीमा मुद्दा नचलाइने प्रावधान ल्याएर राजस्व छलीलाई प्रश्रय दिएको छ।
- चौथो अध्यादेशले आफ्ना कार्यकर्तालाई खोलानाला र वनको जग्गा वितरण गर्ने मार्ग खुलाएको छ, जसमा सरकारमा रहेका दुई ठुला दलको पहिलेदेखि नै नजर थियो।

पूर्वसचिव शारदाप्रसाद त्रितालले भ्रष्टाचारका सरदारहरूले अध्यादेश ल्याएर राष्ट्रमा नीतिगत भ्रष्टाचारलाई संस्थागत गरेको कडा प्रतिक्रिया दिएका छन्। त्रिताल तिनै सचिव हुन्, जसले ललीता निवास जग्गा प्रकरणको छानबिन गरी दोषीहरूलाई कडा कारबाही गर्नुपर्ने सिफारिस गरेका थिए। नयाँ अध्यादेशबारे बहालवाला एक सचिवको पनि तिखो प्रतिक्रिया आएको छ। सरकारले अहिलेको अध्यादेशबाट उद्यमी, व्यापारीहरूलाई जतिसुकै नाफा लिन सक्ने छुट दिएको छ। यसबाट कालोबजारियाहरूले मनग्य कमाउने अवसर पाउनेछन्। तालुकदार वाणिज्य तथा आपूर्ति विभाग र मन्त्रालयलाई नै बाइपास गरी जति नाफा खाए पनि हुने गरी ल्याइएको अध्यादेश कसको हितमा छ ? कसको स्वार्थ पूरा गर्न ल्याइएको हो यो ? अध्यादेशमार्फत् यो सरकार मुलुकलाई लुटको स्वर्ग बनाउन उद्यत् देखिएको छ, जुन निकै गम्भीर विषय हो। सबै चनाखो हुन जरुरी छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

यो के चाला हो ?

कुलमानको नियुक्तिविरुद्ध हितेन्द्रको मुद्दाको पेसी तीन महिना अगाडि तान्ने कामले आशंका उब्जाएको छ। वर्तमान सरकारको नेतृत्व जुनसुकै हालतमा र मूल्यमा कुलमानलाई विद्युत् प्राधिकरणबाट हटाउन चाहन्छ। अत्यन्त महत्त्वपूर्ण मुद्दाका पेसी धकिलिने र सत्ताधारीका स्वार्थ साध्ने खालका मुद्दाका पेसी चाहिँ अगाडि सार्दै सहयोग गरिदिने कार्यले सम्मानित अदालतप्रतिको सम्मानमा कमी आउन सक्छ।

● **रामजी प्रसाईं**
कपन, काठमाडौं

ठिक छैन लक्षण

शंकास्पद लाइसेन्स छानबिन समितिले कारबाही तथा अनुसन्धान गर्न दिएको सफारिस प्रतिवेदन नै यातायात व्यवस्था विभागबाट गायब भएको समाचारले यो सरकार आफ्ना हर कुकर्म छोप्न यत्नशील रहेको तथ्यलाई नै उजागर गर्छ। सबैभन्दा धेरै सुशासनको दुहाइ दिँदै यो सरकार सबभन्दा भ्रष्ट सरकारमा दर्ज हुने लक्षण देखियो।

● **सुवास खड्का**
बालकोट, भक्तपुर

खो-खोका खेलाडीलाई सलाम

नेपालले आजसम्म फाइनलमा कुनै पनि स्तरको विश्वकप खेलेको यो नै पहिलोपटक हो। भारतको नयाँदिल्लीमा आयोजना भएको खोखो विश्वकपमा नेपालले फाइनल खेलबाट उपविजेता भएर मुलुकको गौरव बढाएको छ। नेपाल र नेपालीको नाम उच्च पारेकोमा खोखोका महिला र पुरुष दुवै टोलीका खेलाडीलाई बधाई तथा सम्मान छ। सरकारले पनि खेलमा उत्कृष्ट प्रदर्शन गरेका यी खेलाडीका लागि यथोचित पुरस्कार दिएर सम्मान गरोस्।

● **बलराम थापा**, कुश्लेचौर, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पूरा गरिँदैनन् ग्वान्टानामो बन्द गर्ने वाचा

अमेरिकाको अधिकार क्षेत्रभन्दा बाहिर क्युबास्थित ग्वान्टानामो हिरासत केन्द्र अमेरिकी संविधान र अन्तर्राष्ट्रिय मान्यतालाई छल्न निर्माण गरिएको थियो

देश/विदेश

● मन्सुर अदैफी

म १४ वर्षसम्म विनाकुनै अभियोग ग्वान्टानामो हिरासत केन्द्रमा राखिएको थिएँ। मलाई १९ वर्षको हुँदा ग्वान्टानामोको कालकोठरीमा जाकियो। मलाई किन, के कारणले थुनियो र म कहिले रिहा हुन्छु भन्नेबारे मलाई केही जानकारी थिएन। ग्वान्टानामोमा रहेका धेरै पुरुष कैदीझैँ मैले पनि मलाई थुन्ने अमेरिकी फौज आफ्नो कानुन र न्यायको आदर्शमा कायम रहनेछन् र मलाई आफ्नो बचाउ गर्ने र निर्दोषिता साबित गर्ने अधिकार दिनेछन् भन्ने विश्वास गरेको थिएँ। तर, यो विश्वास पूरा हुन सकेन। ग्वान्टानामोमा मैले यातना र दुर्व्यवहार सहेँ। त्यहाँ रहुन्जेल मानवीय व्यवहार र आधारभूत अधिकारका लागि संघर्ष गरेँ। म त्यहाँबाट १४ वर्षपछि रिहा भएँ। सत्यतथ्य प्रकाशमा आएपछि विश्वले न्यायको माग गर्ला र यो यातना केन्द्र बन्द गरिएला भन्ने आशा गरेको थिएँ। तर, मेरो कथा उजागर भएको नौ वर्ष पुग्दा पनि ग्वान्टानामो हिरासत अझै खुलै छ।

यो महिना ग्वान्टानामो स्थापना भएको २३ वर्ष भएको छ। यसलाई बन्द गर्ने वाचा गरेका अमेरिकी राष्ट्रपति बाइडेनले आफ्नो वाचा पूरा नगरी कार्यकाल समाप्त गरेका छन्। राष्ट्र संघका प्रतिवेदन, मानव अधिकार अभियान, मिडिया कभरेज र विभिन्न अनुसन्धान पुस्तकका बाबजुद यो अन्यायको अखडा अझै कायम छ। सन् २००१ को सेप्टेम्बर ११ को हमलापछि स्थापना भएको ग्वान्टानामो अमेरिकाको 'आतंकविरुद्धको युद्ध'को हिस्सा बन्यो र यसले यातनालाई वैधानिकता दियो। अन्तर्राष्ट्रिय कानुनलाई कमजोर बनायो। एक निश्चित धार्मिक समुदायको अमानवीकरण गऱ्यो।

अमेरिकी अधिकार क्षेत्रभन्दा बाहिर क्युबामा अवस्थित ग्वान्टानामो बन्दीगृह संविधान प्रदत्त अधिकारका साथै अन्तर्राष्ट्रिय मूल्य-मान्यतालाई छल्न निर्माण गरिएको थियो। यसले उसलाई कुनै अभियोग वा न्यायिक प्रक्रियाविनै व्यक्तिलाई अनिश्चितकालसम्म थुनामा राख्ने अवसर प्रदान गऱ्यो। नतिजा विभिन्न न्यायका सिद्धान्त उल्लंघन भए। यसबाहेक यो हिरासतले थुनुवालाई आफ्नो बचाउ गर्ने अवसरबाट वञ्चित गर्दै वर्षौं र कहिलेकाहीँ दशकौँसम्म समाधानविनाको पीडामा बाँच्न बाध्य बनाउँछ।

ग्वान्टानामोले विश्वभर न्यायाधिकार क्षेत्र बाहिर हुने गिरफ्तारी, यातना र मानव अधिकार उल्लंघनका लागि नजिर सिर्जना स्थापित गरेको छ। यसको बिरासत सिआइएका गोप्य केन्द्रको स्थापना, इस्लामद्वेषको सामान्यीकरण र मानवीय मर्यादा संरक्षण गर्ने अन्तर्राष्ट्रिय मान्यताको क्षयमा देख्न सकिन्छ। विश्वव्यापी आतंकविरुद्धको युद्धको प्रतीकका रूपमा ग्वान्टानामोले मुसलमानलाई अमानवीय बनाउने नीतिलाई संस्थागत गऱ्यो। इस्लामद्वेषी विचारधारालाई प्रोत्साहन गऱ्यो। खुफिया निगरानीलाई उचित ठहऱ्यायो। सम्पूर्ण समुदायलाई सम्भावित खतराका रूपमा कलंकित गऱ्यो। ग्वान्टानामो यातना गृह उत्कर्षमा रहेको अवस्थामा ग्वान्टानामोमा करिब ६ सय ८० पुरुष र किशोर राखिएका थिए। यसमा 'आतंककारी'का रूपमा अमेरिकी फौजलाई बेचिएकाहरू पनि थिए। म पनि यस्तै नियति व्यहोर्नेमध्येको एक हुँ।

हाल ग्वान्टानामोमा १५ जना पुरुष बाँकी छन् र केहीलाई रिहाइका लागि स्वीकृति दिइएको छ। तर, यी अझै अलमलमा छन्। वास्तवमा यो अमेरिकी प्रणालीको असफलता अर्थात् अमेरिकाले आधारभूत मानव अधिकारको रक्षा गर्न नसकेको प्रमाण हो। यी पुरुषका लागि हिरासतका हरेक दिन मानसिक र

तस्बिर : एलिजाबेथ फ्रान्ज/रोयटर्स

शारीरिक यातनाको निरन्तरता हो, जहाँ यी बन्दी न स्वतन्त्र छन्, न त औपचारिक अभियुक्त छन्।

ग्वान्टानामो बन्द गर्ने विषयमा विगत १६ वर्षदेखि निरन्तर वाचा गरिँदै आएका छन्। राष्ट्रपति ओबामाले सन् २००९ मा आफ्नो दोस्रो कार्यकाल ग्रहणका दिनको एक कार्यकारी आदेशमा ग्वान्टानामो बन्द गर्ने आदेश दिएका थिए। त्यस समय उपराष्ट्रपति जो बाइडेन उनीसँगै थिए र यसलाई समर्थन पनि गरेका थिए। सन् २०२१मा बाइडेनले पनि सोही वाचा गरे र उनले पनि अन्ततः त्यसलाई पूरा गरेनन्। यो जेल अझै वर्षको ५४ करोड डलर खर्चमा चलिरहेको छ। ग्वान्टानामोको निरन्तर सञ्चालन केवल नीति असफलता मात्र नभई अमेरिकाका लागि एक नैतिक कलंक पनि हो। यसको अस्तित्वले अमेरिकाको वैश्विक छविलाई कमजोर बनाउँछ। अधिनायकवादी शासनलाई आफ्ना मानव अधिकार दुरुपयोगको न्यायिकता प्रमाणित गर्न प्रोत्साहन दिनेछ।

ग्वान्टानामो स्थापनाको प्रत्येक वर्षगाँठमा म अन्तर्राष्ट्रिय समुदायको जागरुकता बढोस् र यो सैन्य कारागार बन्द होस्। पीडितलाई न्याय मिलोस् र क्षतिपूर्ति दिइयोस् भन्ने आशा राख्छु। तर, म निरन्तर निराश हुन पुग्छु। ग्वान्टानामो केवल थुनुवा र तिनका परिवारका लागि अपराध मात्र नभई यो दुई दशकभन्दा बढी समयदेखिको प्रणालीगत यातना, अन्यायपूर्ण गिरफ्तारी र विश्वव्यापी मानव अधिकार उल्लंघनको प्रतीक बनिरहेको छ। ग्वान्टानामोले जेनेभा अभिसन्धि उल्लंघन गरेको छ। मुख्यतः मुसलमान कैदीमाथिको निरन्तर हिंसा मानवताविरोधी अपराधका उदाहरण हुन्। नयाँ प्रशासनलाई ग्वान्टानामो बन्द गर्न आग्रह गर्दै अनिश्चितकालीन गिरफ्तारीको अभ्यास रोकिनुपर्छ भन्ने माग गर्छु। यसबाहेक स्थानान्तरणका लागि स्वीकृत व्यक्तिलाई रिहा गरेर बाँकीलाई उचित व्यवहार गरियोस् भन्ने पनि चाहन्छु। यातना, गैरन्यायिक गिरफ्तारी र अन्य दुर्व्यवहारका लागि जिम्मेवार व्यक्तिलाई अनुसन्धान गरी जवाफदेही बनाउनुपर्छ। अन्त्यमा, भए गरिएका अन्यायप्रति माफी माग्दै पूर्वकैदी बन्दीलाई क्षतिपूर्ति दिइनुपर्छ। ग्वान्टानामो बन्द गर्नु केवल एउटा बन्दीगृह बन्द गर्नु होइन, यो त इतिहासको एक अन्धकारपूर्ण अध्यायको अन्त्य हुन्छ। सबै धर्म, सम्प्रदायका व्यक्तिका लागि न्याय, गरिमा र मानव अधिकारको पुनः स्मरण हुन्छ। ग्वान्टानामोले अर्को वर्षगाँठ नमनाउने आशा गरौँ।

(अदैफी लेखक, अभियन्ता एवं ग्वान्टानामोका पूर्वबन्दी हुन्)
अल जजिराबाट

कांग्रेस कोशी प्रदेश दलका नेता थापालाई गाडी सुविधा नदिन अन्तरिम आदेश

विराटनगरमा **गणेश लम्साल**

पूर्वमुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई कोशी सरकारले चालकसहित दिएको सुविधा कार्यान्वयन नगर्न उच्च अदालत विराटनगरले अन्तरिम आदेश दिएको छ। न्यायाधीश राजेन्द्र अधिकारी र केशवप्रसाद वास्तोलाको संयुक्त इजलासले सोमबार थापालाई गाडी, सवारीचालक र इन्धन सुविधा उपलब्ध गराउने प्रदेश सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो।

कांग्रेस नेता थापालाई दिएको सुविधा गैरकानुनी भन्दै सरकारको निर्णयविरुद्ध अधिवक्ताहरू कर्णबहादुर राई र प्रेमकुमार घिमिरेले २१ पुसमा प्रदेश मन्त्रिपरिषद्सहित मुख्यमन्त्री हिक्मतकुमार कार्की, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कांग्रेस संसदीय दलका नेता थापा, प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक र प्रदेश सभाका सातैवटा समितिका सभापतिसहित १३ जनालाई विपक्षी बनाई उच्च अदालतमा रिट दर्ता गरेका थिए। रिटमा २२ पुसमा न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यको इजलासले कारण देखाउ आदेश जारी गरेको थियो। कोशी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले गत १३ असोजमा पूर्वमुख्यमन्त्री थापालाई एउटा हलुका सवारीसाधन, सवारीचालक र मासिक १२५ लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरेको थियो। थापाले सोही निर्णयअनुसार सुविधा उपभोग गर्दै आएका थिए।

कोशी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूले पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७५ बमोजिम गाडी, चालक र इन्धनसहितको सेवा-सुविधा प्राप्त गर्ने गरेका छन्। ऐनमा प्रदेश सभाको सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, प्रतिपक्षी दलको नेता, सत्तापक्ष दलको सचेतक र प्रदेश सभा समितिका सभापतिलाई मात्र पदाधिकारी भनिएको छ। सोमबारको कोशी प्रदेश सभाको बैठकमा पूर्वमुख्यमन्त्री तथा एकीकृत समाजवादी दलका नेता राजेन्द्रकुमार राईले सत्तागठबन्धनको भएकै कारण सरकारले थापालाई गैरकानुनी रूपले गाडी सुविधा दिएको भन्दै आलोचना गरेका थिए।

मुख्यमन्त्री कार्कीले खारेज गरेका थिए सुविधाको अध्यादेश

६ माघ ०८० मा केदार कार्की नेतृत्वको सरकारले अध्यादेशमार्फत प्रदेश सभाका पदाधिकारी तथा सदस्यको सेवा तथा सुविधासम्बन्धी कानुन संशोधन गरेको थियो। संशोधनमा पदाधिकारीको परिभाषामा पूर्वमुख्यमन्त्री र दलका नेताहरूलाई थप गरिएको थियो। त्यो सुविधाको प्रतिपक्षमा रहेको एमाले दलका नेता तथा वर्तमान मुख्यमन्त्री हिक्मत कार्कीले विरोध गरेका थिए। केदार कार्की नेतृत्वको सरकारपछि मुख्यमन्त्री बनेका हिक्मत कार्कीले अध्यादेश खारेज गरेका थिए। तर, पछि एमाले-कांग्रेस गठबन्धनको सरकार बनेपछि पूर्वमुख्यमन्त्री थापालाई सुरक्षा थ्रेटको कारण देखाउँदै गाडी सुविधा दिने निर्णय भएको थियो।

लुम्बिनी प्रदेश सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय
प्यूठान

बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

प्रकाशन मिति: २०८१।१०।०८

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि मिति २०८१/०८/२० गते प्रक्षेपण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान तथा आर्थिक प्रस्ताब खोल्ने सूचना अनुसार तोकिएको मिति सम्ममा Electronic Bid Submission मार्फत यस कार्यालयमा रित पुर्बक प्राप्त भएका बोलपत्रहरु मध्येबाट तपसिलको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल:

सि. नं.	ठेक्का नं.	कामको विवरण	स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (मु.अ.कर सहित)
1.	WRIDDO/PYUTHAN/KUSUNDEIP/WORKS/NCB-03/081-82	Construction of Canal & Canal Protection Work at Kusunde Darimchaur Irrigation Project, Jhimruk-03, Pyuthan	Acharya Construction, Jhimruk-05, Pyuthan	12,40,413.85
2.	WRIDDO/PYUTHAN/JHIMRUKRT/WORKS/NCB-04/081-82	Construction of Revetment Works at Jhimruk Nadi Dhunge Pulma Tatbanda, Pyuthan-07, Pyuthan	Amod Nirman Sewa, Pyuthan NP-04, Pyuthan	15,05,585.17/-

नि. डिभिजन प्रमुख

लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१०/०८)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सवै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्वन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः पुरानो बानेश्वर

१. ऋणीको नाम : प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा प्राइभेट फर्म दर्ता नं. ११८४९ मिति २०७८/०१/०२ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय, नयाँ बानेश्वरमा पान नं. ६१५७६५६५३ भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, पुरानो बानेश्वर स्थित **बिमला सिलाई बुनाई सेन्टर।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको नाम : दुर्गा प्रसाद दाहालकी नातिनी, श्री प्रसाद दाहालकी छोरी, धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं.३ भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ बस्ने **विमला दाहाल** (ना.प्र.नं. ७४३ जि.प्र.का. धनकुटा, जारी मिति २०५९/०३/२१)

व्यक्तिगत जमानतकर्ता :* हिरण्य प्रसाद भट्टराईको नाति, कृष्ण राज भट्टराईको छोरा, झापा जिल्ला, बाहुन्डागी न.पा./गा.वि.स वडा नं. ७ भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३१ बस्ने **निश्चल भट्टराई** (ना.प्र.नं. ०४-०१-७१-०२३७८, जि.प्र.का. झापा, जारी मिति २०७१/०२/२३)

धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालयः बर्दिबास, महोत्तरी

१. संयुक्त ऋणीको नाम :

क) भिम महतोको नाति, विलट महतो कोईरीको छोरा, महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. ०९ भई हाल बर्दिबास न.पा. वडा १३ बस्ने **सिंहेश्वर महतो कोइरी** (ना.प्र.नं. १८२६२९४३ जि.प्र.का. महोत्तरी, जारी मिति २०५२/०६/०८)

ख) विलट महतो कोइरीको नाति, सिहेंश्वर महतो कोइरीको छोरा, महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. ०९ भई हाल बर्दिबास न.पा वडा नं.१३ बस्ने **पुरेन्द्र महतो** (ना.प्र.नं. १८२६३०६० जि.प्र.का. महोत्तरी, जारी मिति २०५४/०९/२४)

ग) विलट महतो कोइरीको नाति, सिहेंश्वर महतो कोइरीको छोरा, महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. ९ भई हाल बर्दिबास न.पा. वडा नं. १३ बस्ने **अजित कुमार महतो** (ना.प्र.नं.१८२६३०६२ जि.प्र.का. महोत्तरी, जारी मिति २०५४/९/२४)

व्यक्तिगत जमानतकर्ताः* विलट महतो कोइरीको नाति, सिहेंश्वर महतो कोइरीको छोरा, महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. ०९ घर भई हाल बर्दिबास न.पा वडा नं.१३ बस्ने **रविन्द्र महतो कोइरी** (ना.प्र.नं. १८२६३०६१ जि.प्र.का. महोत्तरी, जारी मिति २०५४/०९/२४)।

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनि सिंहेश्वर महतो कोइरीको नाममा मालपोत कार्यालय बर्दिबास महोत्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला विजलपुरा गा.वि.स/न.पा वडा नं. ३क स्थित कित्ता नं. ३७० को क्षेत्रफल ०-६-१४-० (वि-क-धु-क) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : रजहर, नवलपरासी

१. ऋणीको नाम : हरिलाल सापकोटाको नाती छविलाल सापकोटाको छोरा जिल्ला नवलपरासी गैडाकोट न.पा. वडा नं. २ भई हाल गैडाकोट न.पा. वडा नं. १० बस्ने **कृष्ण प्रसाद सापकोटा** (ना.प्र.नं. ३०११५ जि.प्र.का. नवलपरासी जारी मिति २०४६/०१/१४)

व्यक्तिगत जमानतकर्ताहरु :*

क. छविलाल सापकोटाको बुहारी, गोविन्द राम कडेंलको छोरी, कृष्ण प्रसाद सापकोटाको पत्नी नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. ६ भई हाल गैडाकोट न.पा. वडा नं. १० बस्ने **जुना सापकोटा** (ना.प्र.नं. ३६३००६/१२५ जि.प्र.का. नवलपरासी जारी मिति २०६३/१०/१६)

ख. छविलाल सापकोटाको नाती कृष्ण प्रसाद सापकोटाको छोरा नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. ६ भई हाल गैडाकोट न.पा. वडा नं. १० बस्ने **प्रकाश सापकोटा** (ना.प्र.नं. ३६२००६"९६५ जि.प्र.का. नवलपरासी जारी मिति २०६९/०५/१९)

धितो सुरक्षणको विवरण :

१. ऋणी **कृष्ण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स/न.पा वडा नं. १ख स्थित कित्ता नं. २०८, ११५, ४१५ र ३६९ को क्षेत्रफल क्रमशः २०३१.५०, १५०६.९५, १५३१.३० र १६९२.९२ व.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

२. ऋणीको नाम : गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट, नवलपरासी (बर्दघाट, सुस्तापूर्व), गण्डकी प्रदेश, नेपालमा प्रमाण पत्र नं. १६७ दर्ता मिति २०७८/०५/१८ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुरमा पान नं. ६१६८०८१०० भएको नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं. १० स्थित **पितौजी पोल्टी सप्लायर्स।**

प्रोप्राइटरको विवरण : छविलाल सापकोटाको बुहारी, गोविन्द राम कडेंलको छोरी, कृष्ण प्रसाद सापकोटाको पत्नि नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. ६ भई हाल गैडाकोट न.पा. वडा नं. १० बस्ने **जुना सापकोटा** (ना.प्र.नं. ३६३००६/१२५ जि.प्र.का. नवलपरासी जारी मिति २०६३/१०/१६)

धितो जमानतकर्ता : हरिलाल सापकोटाको नाती छविलाल सापकोटाको छोरा जिल्ला नवलपरासी गैडाकोट न.पा. वडा नं. २ भई हाल गैडाकोट न.पा. वडा नं. १० बस्ने **कृष्ण प्रसाद सापकोटा** (ना.प्र.नं. ३०११५ जि.प्र.का. नवलपरासी जारी मिति २०४६/०१/१४)

धितो सुरक्षणको विवरण :

१. ऋणी **कृष्ण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स/न.पा वडा नं. १ख स्थित कित्ता नं. २०८, ११५, ४१५ र ३६९ को क्षेत्रफल क्रमशः २०३१.५०, १५०६.९५, १५३१.३० र १६९२.९२ व.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

ऋणी तथा जमानतकर्ताको विवरण

३. ऋणीको नाम : गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट, नवलपरासी (बर्दघाट, सुस्तापूर्व), गण्डकी प्रदेश, नेपालमा प्रमाण पत्र नं. ४५ दर्ता मितिः २०७५/१०/१३ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुरमा पान नं. ६११४६०८२४ भएको नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं. १० स्थित **पितौजी पोल्टी फार्म।**

प्रोप्राइटरको विवरण : छवि लाल सापकोटाको नाती, कृष्ण प्रसाद सापकोटाको छोरा, नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. वडा नं. ६ भई हाल गैंडाकोट न.पा. वडा नं. १० बस्ने **प्रकाश सापकोटा** (ना.प्र.नं. ३६२००६-९६५, जि.प्र.का. नवलपरासी, जारी मिति २०६९/०५/१९)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) छवि लाल सापकोटाको नाती, कृष्ण प्रसाद सापकोटाको छोरा नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं. १० बस्ने **विकास सापकोटा** (ना.प्र.नं. ३६-०२-७४-०५०४२, जि.प्र.का. नवलपरासी, जारी मिति २०७४/०५/०४)

ख. हरि लाल सापकोटाको नाती, छवि लाल सापकोटाको छोरा नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं. २ भई हाल गैंडाकोट न.पा. वडा नं. १० बस्ने **कृष्ण प्रसाद सापकोटा** (ना.प्र.नं. ३०११५, जि.प्र.का. नवलपरासी, जारी मिति २०४६/०१/१४)

धितो सुरक्षणको विवरण :

१. **जग्गाधनी कृष्ण प्रसाद सापकोटाको** नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला बेल्डिहा गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. ५२० र ५१३ को क्षेत्रफल क्रमशः ०-०-७-० र ०-०-४-० विगाह भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **पितौजी पोल्टी फार्म** जनिएको मोडेल Mahindra Bolero, CPR SC XL FB 2WD PS (2021) च्यासिस नं. MA1ZN2TBKM1D39584 इन्जिन नं. TBM1D15691 भएको सवारी दर्ता नं. **बाग्मती प्रदेश ०३-००१च १२५१** को भाडा/निजी सवारी साधन थान ....।

३. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : तुल्सीपुर, दाङ

१. संयुक्त ऋणीहरुको नाम :

क) नन्द राम खत्रीकी छोरी, अर्जुन बहादुर पाण्डेकी बुहारी, ध्रुव विक्रम पाण्डेकी पत्नी, बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ भई हाल दाङ्ग जिल्ला, शान्तीनगर गा.पा. वडा नं. ७ बस्ने **गोमा कुमारी के.सी.** (ना.प्र.नं. ५२२ जि.प्र.का. बाँके जारी मिति २०५३/०९/१८)।

ख) वीर बहादुर पाण्डेको नाति, अर्जुन बहादुर पाण्डेको छोरा, दाङ जिल्ला, धनौरी गा.वि.स. वडा नं. ७ भई हाल शान्तीनगर गा.पा. वडा नं. ७ बस्ने **ध्रुव बिक्रम पाण्डे** (ना.प्र.नं. ६०३/३३७९ जि.प्र.का. दाङ जारी मिति २०४५/०२/१८)।

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीहरु मध्येको जग्गाधनि गोमा कुमारी के.सि. को नाममा मालपोत कार्यालय तुल्सीपुर दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, तुल्सीपुर न.पा./गा.पा.वडा नं. २ ख स्थित कित्ता नं. ३१७१ को क्षेत्रफल १३६ ब.मि. को जग्गा/घरजग्गाको लिगलापात समेत।

२. संयुक्त ऋणीहरुको नाम :

क) कृपाराम वलीको नाती, मैमान वलीको छोरा दाङ जिल्ला टरिगाउँ गा.पा./न.पा. वडा नं. ०५ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १० बस्ने **भोजराज वली क्षेत्री**(ना.प्र.नं. ४५२३/२५७० जि.प्र.का. दाङ, जारी मिति २०४०/१०/१७)–१।

ख) मैमान वलीको नाती, भोजराज वली क्षेत्रीको छोरा दाङ जिल्ला टरिगाउँ गा.पा./न.पा. वडा नं. ०७ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १० बस्ने **सन्तोष वली** (ना.प्र.नं. ५२२०३०/१९९८ जि.प्र.का. दाङ, जारी मिति २०६८/०९/२०)–२।

धितो जमानतकर्ताहरुः

क) भोजराज वली क्षेत्रीको बुहारी, भरतराज भण्डारीको छोरी, सन्तोष वलीको पत्नि दाङ जिल्ला टरिगाउँ गा.पा./न.पा वडा नं. ०७ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १० बस्ने **सवीता भण्डारी वली** (ना.प्र.नं. ५२२०३०/३९५२ जि.प्र.का. दाङ, जारी मिति २०६९/१०/१५)।

ख) मैमान वलीको बुहारी, प्रेम बहादुर खत्रीको छोरी, भोज राज वली क्षेत्रीको पत्नि दाङ जिल्ला टरिगाउँ गा.पा./न.पा वडा नं. ०७ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १० बस्ने **विमला वली** (ना.प्र.नं. ११५९/८०७ जि.प्र.का. दाङ, जारी मिति २०५४/११/११)।

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीहरुमध्ये **भोजराज वली क्षेत्री**को नाममा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, टरिगाउ गा.वि.स वडा नं. ७ ख स्थित कित्ता नं. ३१६ को क्षेत्रफल ०–४–० (बि–क–धु) को जग्गा/घरजग्गाको लिगलापात समेत।

३. ऋणीहरु तथा धितो जमानतकर्ताको नाम : शिवलाल वलीको नाती, घनश्याम वली क्षेत्रीको छोरा दाङ जिल्ला डुरुवा गा.वि.स. वडा नं. ०७ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १५ बस्ने **हेमराज वली** (ना.प्र.नं. ५२१०२७/९५७ जि.प्र.का. दाङ, जारी मिति २०६७/०४/२६)।

व्यक्तिगत जमानतकर्ताहरुः *

क) महिमान वली क्षेत्रीको नाति, भोजराज वली क्षेत्रीको छोरा, दाङ जिल्ला टरिगाउँ गा.वि.स. वडा नं ०७ भई हाल तुलसीपुर उप–म.न.पा. वडा नं. १० बस्ने **सन्तोष वली** (ना.प्र.नं. ५२२०३०/१९९८ जि.प्र.का. दाङ, जारी मिति २०६८/०९/२०)

ख) भिम बहादुर महराको नातिनी, नोखिराम मोहरा क्षेत्रीको छोरी, घनश्याम वली क्षेत्रीको बुहारी, हेमराज वलीको पत्नि दाङ जिल्ला तुल्सीपुर उप.म.न.पा वडा नं १५ बस्ने **निर्मला वली** (ना.प्र.नं. ५२२०२९/१२५ जि.प्र.का. दाङ, जारी मिति २०७५/०३/०२)।

ग) भिम बहादुर महराको नाति, नोखिराम मोहरा क्षेत्रीको छोरा, दाङ जिल्ला तुल्सीपुर उप.म.न.पा वडा नं ०४ बस्ने **यम प्रसाद के.सि.** (ना.प्र.नं. ५०५६ जि.प्र.का. दाङ, मिति २०६१/१२/१५)।

धितो सुरक्षणको विवरण : ऋणी हेमराज वलीको नाममा मालपोत कार्यालय तुल्सीपुर दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, डुरुवा गा.वि.स वडा नं. ७ क स्थित कित्ता नं. ११७३ र ८२८ को क्षेत्रफल क्रमशः २०३१.७८ र ३३८.६३ ब.मि. को जग्गा/घरजग्गाको लिगलापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

४. ऋणीको विवरण : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङमा सा.फ.र.नं.: ५०/३०० दर्ता मितिः २०७७/०९/१२ दर्ता भएको आन्तरिक राजश्व कार्यालय दाङमा पान नं. ६१४६३०८९१ भएको दाङ जिल्ला शान्तीनगर गा.पा./न.पा. वडा नं. १ स्थित **दाजुभाई एकिकृत कृषि तथा पशुपंछी फर्म।**

साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरणः

क) हस्त राम डांगीको नाति, लाल बहादुर डांगीको छोरा, दाङ जिल्ला वाघमारे न.पा./गा.वि.स. वडा नं. ९ भई हाल शान्तिनगर गा.पा./न.पा. वडा नं. ०१ बस्ने **गंगाराम डांगी** (ना.प्र.नं. २१०/४०२१, जि.प्र.का. दाङ, जारी मिति २०६३/०९/१२)

ख) दल बहादुर डांगीको नाति, दुर्गा बहादुर डांगीको छोरा, दाङ जिल्ला वाघमारे न.पा./गा.वि.स. वडा नं. ९ भई हाल शान्तिनगर गा.पा./न.पा. वडा नं. ०१ बस्ने **देवीलाल डांगी** (ना.प्र.नं. १७६७/१७७८, जि.प्र.का. दाङ, जारी मिति २०६२/०१/१९)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) लाल बहादुर डाँगीको बुहारी, धर्म सिं बलीको छोरी, गंगाराम डाँगीको पत्नि, दाङ जिल्ला बाघमारे न.पा./गा.वि.स. वडा नं. ०१ भई हाल शान्तिनगर गा.पा./न.पा. वडा नं. ०१ बस्ने **पूर्णकलि डाँगी** (ना.प्र.नं. ५२२०३९/८५४, जि.प्र.का. दाङ, जारी मिति २०६३/११/२५)।

ख) दुर्गा बहादुर डाँगीको बुहारी, खडक बहादुर सार्कीको छोरी, देवीलाल डाँगीको पत्नि, दाङ जिल्ला बाघमारे न.पा./गा.वि.स. वडा नं. ९ भई हाल शान्तिनगर गा.पा./न.पा. वडा नं. ०१ बस्ने **खिमा डाँगी** (ना.प्र.नं. ५२२०३९/१९८१, जि.प्र.का. दाङ, मिति २०६८/१२/०२)।

धितो सुरक्षणको विवरण :

१. **ऋणी फर्मको साझेदार तथा जग्गाधनि गंगाराम डाँगी**को नाममा मालपोत कार्यालय तुल्सीपुर दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला बाघमारे गा.वि.स/न.पा वडा नं.१झ स्थित कित्ता नं. ३४४ को क्षेत्रफल ३३६०.४४ ब.मि. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

५. ऋणीको नाम : बिर बहादुर खड्काको बुहारी, मन बहादुर खत्रीको छोरी, पल बहादुर खड्काको पत्नि, सल्यान जिल्ला ढाकाडाम न.पा./गा.पा. वडा नं. ०३ भई हाल दाङ जिल्ला तुल्सीपुर उप.म.न.पा. वडा नं. ०१ बस्ने **त्रिपुरा खड्का** (ना.प्र.नं. ५५१०११/२९९२ जि.प्र.का. दाङ जारी मिति २०६५/०१/१५)

व्यक्तिगत तथा धितो जमानतकर्ता :* महबिर खड्काको नाती, बिर बहादुर खड्काको छोरा, सल्यान जिल्ला ढाकाडाम न.पा./गा.पा. वडा नं. ०३ भई हाल दाङ जिल्ला तुल्सीपुर उप.म.न.पा. वडा नं. ०१ बस्ने **पल बहादुर खड्का** (ना.प्र.नं. ५५५/४८१ जि.प्र.का. दाङ जारी मिति २०४४/१०/२२)

व्यक्तिगत जमानतकर्ताः* बिर बहादुर खड्काको नाती, पल बहादुर खड्काको छोरा, दाङ जिल्ला तुल्सीपुर उप.म.न.पा. वडा नं. ०१ बस्ने **खुम बहादुर खड्का** (ना.प्र.नं. ५२–०२-७६–०२७०६ जि.प्र.का. दाङ जारी मिति २०७६/०४/१९)

धितो सुरक्षणको विवरण : जग्गाधनी पल बहादुर खड्काको नाममा मालपोत कार्यालय तुल्सीपुर दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला बयाले गा.वि.स/न.पा वडा नं. २ ग स्थित कित्ता नं. १९९ को क्षेत्रफल २००२.९७ ब.मि. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

६. ऋणीको नाम : हरिलाल चौधरीको नाती, महग प्रसाद चौधरीको छोरा दाङ जिल्ला लालमटिया गा.वि.स. वडा नं. ०२ भई हाल राप्ति न.पा./गा.पा. वडा नं. ०१ बस्ने **संकर प्रसाद चौधरी** (ना.प्र.नं. २८७/३०६ जि.प्र.का. दाङ जारी मिति २०५३/११/२०)

धितो तथा व्यक्तिगत जमानतकर्ता : * महग प्रसाद चौधरीको बुहारी, सिबत राम चौधरीको छोरी, संकर प्रसाद चौधरीको पत्नि दाङ जिल्ला लालमटिया गा.वि.स. वडा नं. ०२ भई हाल राप्ति न.पा./गा.पा. वडा नं. ०१ बस्ने **राम कुमारी चौधरी** (ना.प्र.नं. २५८१/१०२९ जि.प्र.का. दाङ जारी मिति २०५४/१२/१७)

धितो सुरक्षणको विवरण :

१. जग्गाधनि **राम कुमारी चौधरी**को नाममा मालपोत कार्यालय लमही दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला सिसहनिया गा.वि.स/न.पा वडा नं. ३ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ८५९.२७ ब.मि. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२.यस बैंकको नाममा दर्ता कायम रही ऋणी **संकर प्रसाद चौधरि** जनिएको मोडेल 45HP=(5045D) च्यासिस नं. 1PY5045DHJA054757 इन्जिन नं. PY3029D495465 भएको सवारी दर्ता नं. **रा १ त ३९८०** को भाडा/निजी सवारी साधन थान ....।

७. ऋणीको नाम : भिमकान्त शर्माको नाती होमराज शर्माको छोरा दाङ जिल्ला टरिगाउँ गा.वि.स. वडा नं. २ भई हाल तुल्सीपुर उप.म.न.पा. वडा नं. ०६ बस्ने **अमित शर्मा** (ना.प्र.नं. २४१८ जि.प्र.का., दाङ जारी मिति २०६०/०४/०१)।

व्यक्तिगत जमानतकर्ताहरु :*

क) पद्मकान्त उपाध्यायको नाती भिमकान्त शर्माको छोरा दाङ जिल्ला टरिगाउँ गा.वि.स. वडा नं. २ भई हाल तुल्सीपुर उप.म.न.पा. वडा नं. ०६ बस्ने **होम राज शर्मा** (ना.प्र.नं. १०७२९/२८५५ जि.प्र.का. दाङ जारी मिति २०३७/११/१८)।

ख) होम राज शर्माको बुहारी, देब बहादुर न्यौपानेको छोरी, अमित शर्माको पत्नि दाङ जिल्ला धर्ना गा.वि.स. वडा नं. १ भई हाल तुल्सीपुर उप.म.न.पा. वडा नं. ०६ बस्ने **हेमा न्यौपाने** (ना.प्र.नं. १२४४/१०४१ जि.प्र.का. दाङ जारी मिति २०६१/११/२३)।

ग) भिमकान्त शर्माको बुहारी, गुरु प्रसाद गौतमको छोरी, होम राज शर्माको पत्नि दाङ जिल्ला फुलबारी गा.वि.स. वडा नं. १ भई हाल तुल्सीपुर उप.म.न.पा. वडा नं. ०६ बस्ने **सेवन्ता कुमारी शर्मा** (ना.प्र.नं. ५६६/५७६ जि.प्र.का. दाङ जारी मिति २०४५/०२/१२)

धितो सुरक्षणको विवरणः यस बैंकको नाममा दर्ता कायम रही ऋणी **अमित शर्मा** जनिएको मोडेल Nissan Kicks च्यासिस नं. MDHFDAD15K2003816 इन्जिन नं. E033255 भएको सवारी दर्ता नं. **प्रदेश ०३ ०१ ०२३ च ९७७८** को भाडा/निजी सवारी साधन थान १।

* तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

अमेरिकामा ट्रम्पयुग सुरु

विश्व शान्तिका लागि काम गर्ने सन्देश, गैरकानुनी आप्रवासीप्रति कठोर नीति

■ ट्रम्पले शपथ लिएलगत्तै ह्वाइटहाउसको वेबसाइटमा लेखियो - 'अमेरिका इज ब्याक'

■ ट्रम्पका घोषणा

- **आजदेखि अमेरिकाको स्वर्णयुग सुरु हुँदै छ। हाम्रो देश अब समृद्ध र सम्मानित हुनेछ। म स्पष्ट रूपमा भन्न चाहन्छु कि म सधैँ अमेरिकालाई प्राथमिकता दिनेछु। अमेरिकाको सम्प्रभुता फर्काइनेछ। सुरक्षा पुनः स्थापित हुनेछ। र, न्यायको सन्तुलन कायम गरिनेछ। हाम्रो मुख्य प्राथमिकता एउटा यस्तो देश बनाउनु हो, जसले गर्व, समृद्धि र स्वतन्त्रताको भावना बोकेको होस्।**
- **सन् २०१७ जस्तै, हामी फेरि विश्वकै सबभन्दा बलियो सैन्य शक्ति निर्माण गर्नेछौँ। हाम्रो सफलता हामीले जितेका युद्धहरूबाट मात्र होइन, हामीले अन्त्य गरेका युद्धहरूबाट र सबैभन्दा महत्त्वपूर्ण, हामीले कहिल्यै संलग्न हुनु नपरेका युद्धहरूबाट मापन हुनेछ।**
- **अवैध प्रवेशलाई तत्काल रोकिने छ र सरकारले लाखौँ 'अपराधी आप्रवासीहरू'लाई उनीहरूको देश फिर्ता पठाउने प्रक्रिया सुरु गर्ने छ। दक्षिण सीमामा आपत्काल लागू हुनेछ। मेक्सिको सीमाबाट हुने घुसपैठ रोक्न सेना परिचालन गरिनेछ।**

नेत्र पन्थी/नयाँ पत्रिका

डोनाल्ड ट्रम्पले अमेरिकी सर्वोच्च अदालतका प्रमुख न्यायाधीश जोन रोबर्टस्‌बाट संयुक्त राज्य अमेरिकाको ४७औँ राष्ट्रपतिको रूपमा शपथ लिएका छन्। ट्रम्प दोस्रो कार्यकालका लागि ह्वाइटहाउस प्रवेश गरेका छन्। सोमबार नै जेडी बन्सले उपराष्ट्रपति पदको शपथ लिएका छन्। बन्स अमेरिकाको ५०औँ उपराष्ट्रपति बनेका छन्।

सामान्यतः अमेरिकी संसद् भवनबाहिर शपथग्रहण कार्यक्रम हुने भए पनि यसपालि कठोर चिसोको कारण संसद् भवनभित्रै शपथ गराइएको छ। ट्रम्पको शपथ समारोहमा पूर्वअमेरिकी राष्ट्रपतिहरू, नेताहरू, उद्योगपति र सेलिब्रेटीहरू सहभागी भए।

शपथपछिको सम्बोधनमा राष्ट्रपति ट्रम्पले अमेरिका पहिलो नीतिअन्तर्गत आफ्नो प्रशासनले काम गर्ने बताए। उनले चुनावमै लिएको अमेरिकालाई फेरि महान् बनाउने नारा दोहोऱ्याए। राष्ट्रपति ट्रम्पले न्याय विभागको अनुचित र पक्षपाती प्रयोगको अन्त्य गरिने बताए। राष्ट्रपति डोनाल्ड ट्रम्पले सरकारका विविधता, समानता र समावेशीकरण कार्यक्रमहरू अन्त्य गर्न नीतिहरूमा हस्ताक्षर गर्ने घोषणा गरे।

निवर्तमान राष्ट्रपति जो बाइडेन कार्यकालको आलोचना गर्दै उनले अमेरिकामा सुनौलो युगको सुरुवात भएको बताए। 'आजदेखि अमेरिकाको स्वर्णयुग सुरु हुँदै छ। हाम्रो देश अब समृद्ध र सम्मानित हुनेछ,' राष्ट्रपति ट्रम्पले भने, 'म स्पष्ट रूपमा भन्न चाहन्छु कि म सधैँ अमेरिकालाई प्राथमिकता दिनेछु। अमेरिकाको सम्प्रभुता फर्काइनेछ। सुरक्षा पुनः स्थापित हुनेछ। र, न्यायको सन्तुलन कायम गरिनेछ। हाम्रो मुख्य प्राथमिकता एउटा यस्तो देश बनाउनु हो, जसले गर्व, समृद्धि र स्वतन्त्रताको भावना बोकेको होस्।'

ट्रम्पले गैरकानुनी प्रवेश रोक्ने नीति तत्काल लागू गर्ने बताए। अमेरिकामा एक करोडभन्दा धेरै गैरकानुनी आप्रवासी छन्। उनीहरूप्रति ट्रम्पले कठोर कदम उठाउने घोषणा गरेका छन्। अवैध प्रवेशलाई तत्काल रोक्ने र सरकारले लाखौँ 'अपराधी आप्रवासीहरू'लाई उनीहरूको देश फिर्ता पठाउने प्रक्रिया सुरु गर्ने ट्रम्पको घोषणा छ। दक्षिण सीमामा उनले आपत्काल लागू भएको घोषणा गरे। मेक्सिको सीमाबाट हुने घुसपैठ रोक्न सेना पठाउने र पर्खाल लगाउने ट्रम्पले घोषणा गरे।

अर्कोतर्फ मेक्सिकोकी गृहसचिव रोजा इसेला रोड्रिग्वेजले 'मेक्सिकोले तपाईंलाई अँगाल्छ' नामक परियोजना घोषणा गरेकी छिन्, जसले डोनाल्ड ट्रम्पको पद ग्रहणपछि संयुक्त राज्य अमेरिकाबाट देश निकाला हुन सक्ने मेक्सिकन नागरिकहरूलाई सहयोग प्रदान गर्नेछ। 'मेक्सिकोले पुनः स्वदेश फर्काइएका नागरिकहरूको स्वदेश फिर्ता प्रक्रिया सहज बनाउन, उनीहरूको सुरक्षाको सुनिश्चितता गर्न र आवश्यक सहयोग प्रदान गर्न आवश्यक सबै उपायहरू गर्नेछ,' रोड्रिग्वेजले पत्रकार सम्मेलनमा भनिन्।

लागुऔषध तस्करलाई आतंकवादीका रूपमा कारबाही गरिने ट्रम्पले बताए। उनले अमेरिकामा सबैलाई बोल्न स्वतन्त्रता रहने पनि बताए। ट्रम्पले वैदेशिक व्यापारमा कर र ट्यारिफ बढाउने घोषणा गरेका छन्।

उनले अमेरिकामा कोही पनि तेस्रोलिंगी नहुने बताए। तेस्रोलिंगीप्रति दुनियाँभर उदार नीति अपनाइएको वेला ट्रम्पको घोषणाले ठुलो अर्थ राख्नेछ। यद्यपि, उनले यसको कार्यान्वयन भविष्यमा कसरी गर्छन् भन्ने चासो साथ हेरिनेछ।

राष्ट्रपति ट्रम्पले अमेरिका शान्तिको पक्षमा रहेको बताए। ट्रम्पले अमेरिकी सेनाको अधिकार बढाउने पनि उद्घोष गरेका छन्। ट्रम्पले आफूलाई 'शान्तिका निर्माता र एकताका प्रतीक'को रूपमा स्थापित गर्न चाहने बताएका छन्। साथै उनले 'इतिहासकै सबभन्दा बलियो सैन्य शक्ति' निर्माण गर्ने लक्ष्य प्रस्तुत गरे। 'सन् २०१७ जस्तै, हामी फेरि विश्वकै सबभन्दा बलियो सैन्य शक्ति निर्माण गर्नेछौँ। हाम्रो सफलता हामीले जितेका युद्धहरूबाट मात्र होइन, हामीले अन्त्य गरेका युद्धहरूबाट र सबैभन्दा महत्त्वपूर्ण, हामीले कहिल्यै संलग्न हुनु नपरेका युद्धहरूबाट मापन हुनेछ,' ट्रम्पले सम्बोधनमा भने। उनले मध्यपूर्वको विषय उठाए पनि रुस-युक्रेन युद्धबारे भने केही भनेनन्।

राष्ट्रपति ट्रम्पले आफ्नो उद्घाटन सम्बोधनमा मंगल ग्रहको अन्वेषणतर्फ कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन्। 'हामी हाम्रो भाग्यलाई ताराहरूको बिचमा अगाडि बढाउनेछौँ, अमेरिकी अन्तरिक्ष यात्रीहरूलाई पठाउँदै मंगल ग्रहमा 'स्टार्स एन्ड स्ट्राइप्स'को झन्डा गाड्नेछौँ,' ट्रम्पले भने। उनले मेक्सिकोको खाडीको नाम परिवर्तन गरेर 'अमेरिकाको खाडी' राख्ने र डेनालीको नाम फेरि परिवर्तन गरी 'माउन्ट म्याककिन्ली' राख्ने योजना पनि प्रस्तुत गरेका छन्। पानामा नहरबाट चिनियाँ कब्जा हटाउने ट्रम्पको भनाइ छ।

शपथग्रहणपछि ट्रम्पले करिब सयौँ कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन्। यी आदेशमध्ये केही कानुनको रूपमा लागू भएका छन् भने केही घोषणा छन्। कार्यकारी आदेश राष्ट्रपतिद्वारा जारी गरिने यस्तो आदेश हो, जसलाई लागू गर्न अमेरिकी संसद् अर्थात् कंग्रेसको स्वीकृति आवश्यक हुँदैन। यसरी नीतिहरू कानुनअन्तर्गत कार्यान्वयन गरिन्छन्। तर, यी आदेशलाई अदालतमा चुनौती दिन भने सकिन्छ। आफ्नो पहिलो कार्यकालमा ट्रम्पले २२० कार्यकारी आदेश जारी गरेका थिए, जसमा धेरै अदालतमा विवादको विषय बनेका थिए।

शपथलगत्तै विभिन्न देशका राष्ट्र तथा सरकारप्रमुखले बधाई दिएका छन्। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले राष्ट्रपति ट्रम्पलाई दोस्रो कार्यकालको शपथग्रहणको अवसरमा बधाई दिँदै 'हाम्रो गठबन्धनका उत्कृष्ट दिनहरू अझै आउन बाँकी छन्' भनेका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: विप्लव ढुंगाना** स्थायी ठेगाना: झापा जिल्ला, बाहुन्डाँगी गा.वि.स वडा नं.४, हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५, बाबु: ज्ञानेन्द्र कुमार ढुंगाना, बाजे: राम चन्द्र ढुंगाना
	धितोको विवरण
	सवारी मोडल: Hyundai Eon Era + | च्यासिस नं.: MALA251ALHM548750*D | ईन्जिन नं.: G3HAHM504469 | सवारी दर्ता नं.: बा १७ च ६०२९
२)	१) ऋणी कम्पनी: निर्भर मेडिकल हल प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता : हुरी थापा मगर दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. ३०२५५३/०७९/०८०, दर्ता मिति: २०७९/०८/१२, ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं.७
	२) ऋणी: हुरी थापा मगर स्थायी ठेगाना: पाल्पा जिल्ला, मन्डेवा गा.वि.स. वडा नं.६, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.७ बाबु: गुण बहादुर थापा मगर, बाजे : बहादुर थापा मगर
	धितोको विवरण
	१) बहादुर थापाको नाती, गुण बहादुर थापा मगरको छोरा, पाल्पा जिल्ला, झडेवा गा.वि.स. वडा नं.६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.७, चाबहिल, बस्ने हुरी थापा मगरको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्पुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ४/ग (हाल सुर्यविनायक न.पा. वडा नं.८) स्थित कित्ता नं. ११०९ र १११० को क्षेत्रफल क्रमश: ०-८-०-० र ०-९-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) निर्भर मेडिकल हल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**१) ऋणी: रोहिणी प्रसाद अधिकारी** ठेगाना: काभ्रे जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. ३, बाबु: खोम नाथ अधिकारी, बाजे : तुलसी राम अधिकारी
	२) ऋणी: कल्पना अधिकारी ठेगाना: काभ्रे जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. ३, बाबु: शिव प्रसाद कोइराला, ससुरा : खोम नाथ अधिकारी, पति: रोहिणी प्रसाद अधिकारी
	धितोको विवरण
	१) शिव प्रसाद कोइरालाकी छोरी, खोम नाथ अधिकारीकी बुहारी, रोहिणी प्रसाद अधिकारीकी पत्नी, काभ्रे जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. ३ बस्ने कल्पना अधिकारीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, बागेश्वरी न.पा. वडा नं. ४ (हाल चाँगुनारायण न.पा. वडा नं. ७) स्थित कित्ता नं. ५३० को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) तुलसी रामको नाति, खोम नाथ अधिक।रीको छोरा, काभ्रे जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. ३ बस्ने रोहिणी प्रसाद अधिकारीको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. २ख (हाल नमोबुद्ध न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१९, ५६९ र ५७१ को क्षेत्रफल क्रमश: १-७-३-०, १-३-३-१ र १-४-२-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राईटरबाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पुत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

विश्व संक्षेप

अमेरिकामा फेरि सञ्चालनमा आयो टिकटक

न्युयोर्क/ बन्द भएको केही घण्टापछि आइतबार संयुक्त राज्य अमेरिकामा टिकटक पुनः सुरु भएको छ। टिकटकले सेवा सञ्चालनका लागि वातावरण बनाएको भन्दै सोमबार पुनः सत्ता सम्हालेका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई यसको श्रेय दिएको छ। राष्ट्रपति जो बाइडनको निवर्तमान प्रशासनले यसअघि कुनै पनि प्रतिबन्ध नलगाउने बताएको थियो। टिकटकको चिनियाँ मालिक बाइटडान्सले आफ्नो अमेरिकी सहायक कम्पनी गैरचिनियाँ क्रेतालाई बेच्नका लागि समयसीमा नजिकिँदै गर्दा संयुक्त राज्य अमेरिकामा टिकटक शनिबार अबेर बन्द भएको थियो।

चीनले गऱ्यो एकै दिन तीनवटा रकेट इन्जिन परीक्षण

बेइजिङ/ चीनले आइतबार तीनवटा रकेट इन्जिनको सफलतापूवर्क परीक्षण गरेको छ। चाइना एरोस्पेस साइन्स एन्ड टेक्नोलोजी कर्पोरेसन (सिएएससी) ले उक्त जानकारी दिएको हो। अन्तरिक्षमा इग्निसन परीक्षण भनेको रकेट इन्जिन अन्तरिक्ष अवस्थामा सजिलैसँग सञ्चालन गर्न सकिन्छ कि भनेर जाँच गर्न प्रयोग गरिने प्रक्रिया हो। मुलुकले एकै दिन तीनवटा इग्निसन परीक्षण गरेको यो पहिलोपटक हो। उत्तरपश्चिम चीनको सान्सी प्रान्तको राजधानी सियानको बाओलोड्यु क्षेत्रमा रहेको एकेडेमी अफ एयरस्पेस प्रोपल्सन टेक्नोलोजी सिएएससीको सहायक कम्पनीले परीक्षण गरेको हो।

इतिहासमा आज

जनवरी २१

सन् १८९८ : म्यारी क्युरी र उनका पति पियरे क्युरीले रेडियम पत्ता लगाए।

- **सन् १२३७ :** आक्रमणकारी मंगोलियन फौजले पाँच दिन लामो नाकाबन्दीपछि रुसी सहर ऱ्याजान कब्जामा लियो।
- **सन् १९५८ :** फ्रान्सको नयाँ संविधानअनुरूप भएको चुनावमा चार्ल्स डी गाल पहिलो राष्ट्रपति बने।
- **सन् १९६२ :** 'बे अफ पिग्स'अभियानका क्रममा क्युबाली हिरासतमा परेकाहरूलाई छुटाउन अमेरिका र क्युबाबिच वार्ता सुरु, ती कैदीबापत क्युबालाई २.३ करोड डलरको औषधी र बच्चाको खाना दिनुपर्ने विषयमा चर्चा भएको थियो।
- **सन् १९७१ :** संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले कुर्त बाल्डहाइमलाई चौथो महासचिवका रूपमा चुन्यो।
- **सन् १९९१ :** सोभियत संघका ११ गणराज्यले 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स' गठन गर्ने सहमतिमा हस्ताक्षर गरेसँगै संघ विघटन भयो।
- **सन् १९९५ :** बेथ्लेहेम नगर इजरायलीबाट प्यालेस्टिनी नियन्त्रणमा गयो।
- **सन् २०१२ :** पिएसवाईले गाएको 'ग्याङनम स्टाइल' युट्युबमा एक अर्ब भ्युज पाउने पहिलो भिडियो बन्यो।
- **सन् २०१७ :** संयुक्त राष्ट्र संघको महासभाले १२८ मतसहित अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानी मान्ने निर्णयको विरोध गऱ्यो।
- **सन् २०२० :** अमेरिकामा कोभिड-१९ को मोर्डेना खोप लगाउन सुरु।
- **सन् २०२१ :** बेलायतको जेट ल्याबले गरेको आणविक फिजनमा पाँच सेकेन्डसम्म ५९ मेगाजुल ऊर्जा उत्पादन गरेर महत्त्वपूर्ण सफलता हासिल भयो।

चिकित्सक हत्याका दोषीलाई आजीवन कारावास

भारतमा एक चिकित्सकमाथिको अपराधले देशव्यापी आक्रोश निम्त्यायो। राज्यभरिका चिकित्सकले पीडितलाई न्याय दिन र सरकारी अस्पतालमा कडा सुरक्षा उपायको माग गर्दै लामो समयसम्म विरोध प्रदर्शन गरेका थिए। मृतकको शव फेला परेको एक दिनपछि रोयलाई पक्राउ गरिएको थियो।

एजेन्सी

भारतका एक प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या गरेको अभियोगमा दोषी ठहर भएका एक व्यक्तिलाई आजीवन काराबासको सजाय सुनाइएको छ। बलात्कारपछि हत्याका दोषी सञ्जय रोयलाई सोमबार आजीवन कारावासको सजाय सुनाइएको हो। कोलकातास्थित अदालतका न्यायाधीश अनिर्बान दासले चिकित्सकको बलात्कार र हत्याको अभियोगमा दोषी ठहर भएका रोयलाई आजीवन कारावासको सजाय गर्न प्रशासनलाई आदेश दिए। अदालतले गत शनिबार ३३ वर्षीय रोयलाई चिकित्सकको बलात्कार र हत्यामा दोषी ठहर गरेको थियो। सन् २०२४ अगस्ट ९ मा कोलकाताको एक सरकारी अस्पतालको सेमिनार कक्षमा प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या भएको थियो।

पीडितको रगताम्य शव फेला परेको थियो। घटनापछि सरकारी अस्पतालका चिकित्सक थप सुरक्षा माग गर्दै विरोध प्रदर्शनमा सामेल भएका थिए। प्रतिवादी सञ्जय रोयको मुद्दा द्रुत गतिमा सुनुवाइ अघि बढाइएको थियो। यस मुद्दामा एक हप्ताअघि मात्र बहस सकिएको थियो। अस्पतालका स्वयंसेवक रहेका रोयलाई बलात्कार र हत्याको दोषी ठहर गरेपछि न्यायाधीश अनिर्बान दासले सोमबार सजाय सुनाइने बताएका थिए। सुनुवाइका क्रममा रोयले लगातार आफू निर्दोष रहेको र आफूलाई फसाइएको दाबी गरेका थिए। भारतमा एक चिकित्सकमाथिको अपराधले देशव्यापी आक्रोश निम्त्यायो। राज्यभरिका चिकित्सकले पीडितलाई न्याय दिन र सरकारी अस्पतालमा कडा सुरक्षा उपायको माग गर्दै लामो समयसम्म विरोध प्रदर्शन गरेका थिए।

मृतकको शव फेला परेको एक दिनपछि रोयलाई पक्राउ गरिएको थियो। सन् २०१२ मा दिल्लीको बसमा एक युवतीको सामूहिक बलात्कार र हत्याको घटनासँग यस आक्रमणको बीभत्स प्रकृतिको तुलना गरिएको थियो।

■ खराब कर्जा वृद्धि र वितरणयोग्य नाफा ऋणात्मक हुँदा वाणिज्य बैंकको नाफामा ४.६२ प्रतिशतले गिरावट



एभरेस्टबाहेक १९ वाणिज्य बैंकको खराब कर्जा बढेको छ भने वितरणयोग्य मुनाफा ऋणात्मक छ। जसकारण ६ महिनामा बैंकहरूले कुल २७ अर्ब ४३ करोड ६९ लाख नाफा गरे पनि वितरणयोग्य मुनाफा तीन अर्ब ७९ करोड ऋणात्मक छ। समग्र नाफादर गत वर्षको तुलनामा ४.६२ प्रतिशतले घटेको छ। प्राइम, कृषि, स्ट्यान्डर्ड चार्टर्ड, सिद्धार्थ, कुमारी, नेपाल बैंक, एनआइसी एसिया, सिटिजन्स र राष्ट्रिय वाणिज्य बैंकको नाफादर गत वर्षको तुलनामा घटेको छ। सबैभन्दा बढी एनआइसी एसियाको नाफामा ९२.०३ प्रतिशतले गिरावट आएको छ। अघिल्लो आव ०८०/८१ को ६ महिनामा एनआइसी एसियाले एक अर्ब ९० करोड ३८ लाख सात हजार रुपैयाँ नाफा आर्जन गरेको थियो। यो वर्ष नाफादरमा ठुलो गिरावट आएसँगै एनआइसीले सेयरधनीलाई लाभांश वितरण गर्न नसक्ने घोषणा गरिसकेको छ। गत वर्षको तुलनामा प्रभु बैंकको नाफादर धेरै देखिएको छ। प्रभुले गत आवको ६ महिनामा ७२ करोड तीन लाख ४१ हजार कमाएकोमा यस वर्ष ८५.४९ प्रतिशतले सुधार गरेको छ। त्यस्तै, इनभेष्टमेन्ट मेगाको ५७.१८ प्रतिशत, ग्लोबल आइएमईको ४९.५१ प्रतिशत र एनएमबिको ४५.६१ प्रतिशत नाफा बढेको छ। १.२९ प्रतिशतको झिनो सुधार भए पनि नबिल सबैभन्दा बढी नाफा गर्ने बैंकको सूचीमा पहिलो स्थानमै छ।

नेप्से परिसूचक ६.७८ अंकले वृद्धि

कारोबार रकम साढे ६ अर्बभन्दा बढी

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ। सोमबार नेप्से परिसूचक ६.७८ अंकले बढेर दुई हजार ६०७.९९ को विन्दुमा पुगेको छ। सो दिन तीन सय ११ कम्पनीको एक करोड ३६ लाख ७७ हजार नौ सय ८३ कित्ता सेयर ७४ हजार चार सय तीनपटक खरिद-बिक्री हुँदा ६ अर्ब ५७ करोड चार लाख ७७ हजार आठ सय ८६ बराबरको कारोबार भएको छ।

नेप्से बढे पनि बैंकिङ समूह ०.२०, विकास बैंक ०.६०, वित्त ०.५३, जलविद्युत् ०.०२ र लघुवित्त समूह ०.०४ प्रतिशतले घटेको छ। अरू, सबै समूहको उपसूचक बढेको छ। होटेल तथा पर्यटन ०.१२, लगानी ०.६०, जीवन बिमा ०.०४, उत्पादन तथा प्रशोधन १.६८, म्युचुअल फन्ड ०.०९, निर्जीवन बिमा ०.२३, व्यापार १.०६ र अन्य समूह २.१३ प्रतिशतले बढेको छ।

कारोबारमा आएका कम्पनीहरुमा मानुषी लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सबैभन्दा धेरै ९.०५ प्रतिशतको वृद्धि देखिएको छ। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ। रकमका आधारमा सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको २४ करोड एक लाख ८८ हजार चार सय चारबराबरको सेयर किनबेच भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन पावर पार्टनर लिमिटेडको तीन लाख ७७ हजार ६ सय ४६ कित्ता सेयर कारोबार भएको छ।

६ महिनामा निर्यात खर्बनजिक

करिब साढे दुई वर्षदेखि घटिरहेको आयात-निर्यात पछिल्ला महिनामा उत्साहप्रद, निर्यात ३२% र आयात ७% वृद्धि

एक सय ५७ देशसँग व्यापार गरेको नेपालको एक सय २४ देशसँगको व्यापार घाटामा छ भने ३३ देशसँग न्यून नाफामा छ

■ सबैभन्दा धेरै व्यापार हुने भारतसँग चार खर्ब २९ अर्बको घाटा

प्रमुख १० आयातीत वस्तु

वस्तु	आयात (रु.)
डिजेल	५४.३६ अर्ब
पेट्रोल	३२.१५ अर्ब
एलपी ग्यास	२९.८० अर्ब
शुद्ध फलाम	२५.७२ अर्ब
भटमासको तेल	२४.३७ अर्ब
तयारी कपडा	२२.१० अर्ब
एचआर सिट	२१.२२ अर्ब
मोबाइल, टेलिफोन	१७.८५ अर्ब
एलोप्याथिक औषधि	१५.४३ अर्ब
सूर्यमुखीको कच्चा तेल	१३.५७ अर्ब

निर्यातित प्रमुख १० वस्तु

वस्तु	निर्यात (रु.)
भटमासको प्रशोधित तेल	१८.९१ अर्ब
सेन्थेटिक यार्न	६.८६ अर्ब
ऊनी गलैंचा कार्पेट	५.६१ अर्ब
सूर्यमुखीको प्रशोधित तेल	४.९८ अर्ब
अलैंची	४.५६ अर्ब
तयारी कपडा	४.३८ अर्ब
प्लाइउड	४.२५ अर्ब
फलामे पाता	४.०८ अर्ब
फलफूलको जुस	३.४५ अर्ब
चिया	३.१७ अर्ब

नवीन अर्याल/नयाँ पत्रिका

भटमास र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढेपछि चालू आर्थिक वर्षको पहिलो ६ महिनामा नेपालबाट हुने निर्यातमा उत्साहप्रद वृद्धि देखिएको छ। उक्त अवधिमा नेपाली वस्तुहरूको निर्यात ३१.७८ प्रतिशतले बढेको हो।

साउनदेखि पुससम्म ६ महिनामा नेपालबाट ९८ अर्ब ७९ करोड रुपैयाँबराबरको वस्तु निर्यात भएको भन्सार विभागको तथ्यांक छ। गत वर्षको सोही अवधिमा ७४ अर्ब ९७ करोडबराबरको मालवस्तु निर्यात भएको थियो। चालू आवको निर्यातमा भटमास र सूर्यमुखीको प्रशोधित तेल, सिन्थेटिक यार्न, ऊनी गलैंचा कार्पेट, अलैंची, तयारी कपडा, प्लाइउड, फलामे पातालगायतको योगदान उच्च रहेको छ। मंसिर र पुसमा भटमास र सूर्यमुखी तेलको निर्यात उच्च दरले बढेको भन्सार विभागको तथ्यांकले देखाउँछ।

पछिल्लो ६ महिनामा भटमासको प्रशोधित तेल १८ अर्ब ९१ करोड र सूर्यमुखी प्रशोधित तेल चार अर्ब ९८ करोड रुपैयाँको निर्यात भएको छ। जबकि, गत वर्षको पहिलो ६ महिनमा ४१ करोड ५२ लाखको भटमासको प्रशोधित तेल र १४ करोड ८७ लाखको सूर्यमुखी प्रशोधित तेल निर्यात भएको थियो। यसै अवधिमा २४ अर्ब ३७ करोडको भटमासको कच्चा तेल र १३ अर्ब ५७ करोड रुपैयाँबराबरको सूर्यमुखी तेलको आयात भएको देखिन्छ। चालू आवकै सुरुवाती महिनाहरू साउन, भदौ र असोजमा गत वर्षको सोही महिनाको तुलनामा निर्यात घटेको भए पनि कात्तिक, मंसिर र पुसमा एकाएक उछाल आएको हो। असोजमा कुल १३ अर्ब २८ करोडको मालवस्तु निर्यात भएकोमा कात्तिकमा बढेर १४ अर्ब ३० करोड, मंसिरमा करिब २१ अर्ब र पुसमा २५ अर्ब ३० करोडको निर्यात भएको छ। भन्सार विभागका अनुसार ६ महिनामा सेन्थेटिक यार्न ६ अर्ब ८६ करोडको निर्यात भएको छ भने ऊनी गलैंचा कार्पेट पाँच अर्ब ६१ करोड, अलैंची चार अर्ब ५७ करोड, तयारी कपडा चार अर्ब ३८ करोड, प्लाइउड चार अर्ब २४ करोड, फलामे पाता चार अर्ब आठ करोड, फलफूलको जुस तीन अर्ब ४५ करोड, चिया तीन अर्ब १७ करोड, जमोठ कपडा दुई अर्ब ६४ करोड, जुटका कपडा दुई अर्ब ५९ करोड, कुकुर-बिरालोको खाना एक अर्ब ८१ करोड, पिना एक अर्ब ७८ करोड, पश्मिनाको सल एक अर्ब ७२ करोड, ऊनी-सुती-टेरिकटनको कपडा एक अर्ब ५४ करोड, प्रशोधित पाम आयल एक अर्ब १३ करोड, खयर कत्था एक अर्ब १३ करोड, चाउचाउ-पास्ता एक अर्बको निर्यात भएको छ।

■ आयात ७ प्रतिशत वृद्धि

६ महिनाको अवधिमा विभिन्न देशबाट आठ खर्ब २२ अर्ब ३७ करोडको मालवस्तु आयात भएको छ। यो आयात गत वर्षको पहिलो ६ महिनाको तुलनामा ७.०७ प्रतिशतले वृद्धि हो। गत वर्षको पहिलो ६ महिनामा सात खर्ब ६८ अर्ब १७ करोडको मालवस्तु आयात गरिएको थियो। यो पुस महिनामा मात्रै एक खर्ब ६० अर्बभन्दा बढीको आयात भएको छ।

विश्वव्यापी मन्दीका कारण करिब साढे दुई वर्षसम्म घटिरहेको आयात-निर्यात पछिल्लो महिनामा बढ्न थालेको हो। आयात बढ्नुले बजारमा माग पनि बढ्न थालेको संकेत दिने अर्थशास्त्रीको आकलन छ। यस वर्ष भटमासको कच्चा तेल, शुद्ध फलाम, सूर्यमुखीको कच्चा तेल, धान, एलपी ग्यास, तयारी कपडा, एलोप्याथिक औषधि, मोबाइललगायत वस्तुको आयात बढेपछि समग्र आयात सुधारोन्मुख देखिएको हो। ६ महिनामा सबैभन्दा धेरै डिजेल र पेट्रोल आयात भएको छ। यो अवधिमा ५४ अर्ब ३७ करोडको डिजेल र ३२ अर्ब १५ करोडको पेट्रोल आयात भएको छ। २९ अर्ब ८० करोडको एलपी ग्यास, २५ अर्ब ७२ करोडको शुद्ध फलाम, २४ अर्ब ३७ करोडको भटमासको कच्चा तेल, २२ अर्ब १० करोडको तयारी कपडा, २१ अर्ब २२ करोडको एचआर सिट आयात भएको देखिन्छ।

विभागका अनुसार १७ अर्ब ८५ करोडको मोबाइल तथा टेलिफोन, १५ अर्ब ४३ करोडको एलोप्याथिक औषधि, १३ अर्ब ५७ करोडको सूर्यमुखीको कच्चा तेल, १३ अर्ब २२ करोडको पोलिथिन दाना, १३ अर्ब ११ करोडको विद्युतीय कार, जिप र भ्यान, १० अर्ब ४२ करोडको धान, नौ अर्ब ८९ करोडको कोइला, नौ अर्ब ६० करोडको युरिया, नौ अर्ब ४३ करोडको एटिएफ, नौ अर्बको औद्योगिक मेसिनरी, आठ अर्ब ६७ करोडको चामल, आठ अर्ब ३६ करोडको अनएसेम्बल्ड मोटरसाइकल तथा स्कुटर, आठ अर्ब २८ करोडको सुन आयात भएको देखिन्छ।

नेपालले पुससम्म एक सय ५७ देशसँग व्यापार गरेको छ। जसमध्ये एक सय २४ देशसँगको व्यापार घाटामा छ भने ३३ देशसँग मात्रै न्यून व्यापार नाफामा छ। नेपालको सबैभन्दा धेरै भारतसँग चार खर्ब २९ अर्ब, चीनसँग एक खर्ब ५६ अर्ब, अर्जेन्टिनासँग २२ अर्ब, युक्रेनसँग १३ अर्ब, युनाइटेड अरब इमिरेट्ससँग नौ अर्ब ६३ करोड, अस्ट्रेलियासँग आठ अर्ब ६० करोड, थाइल्यान्डसँग सात अर्ब ६१ करोड, इन्डोनेसियासँग सात अर्ब ३६ करोड, मलेसियासँग सात अर्ब ३० करोड घाटामा छ।

तिलौराकोटमा ४८ देशका पर्यटक

बेलायतको दुर्हम विश्वविद्यालयको प्राविधिक सहयोगमा तिलौराकोटको ऐतिहासिक पृष्ठभूमि उत्खनन गर्न थालेपछि सो क्षेत्रको भ्रमण गर्ने पर्यटकको संख्या बढ्न थालेको कार्यालय प्रमुख माधव आचार्यले जानकारी दिए।

कपिलवस्तुमा **डिलाराम भुसाल**

गौतम बुद्धले बाल्यकाल बिताएको कपिलवस्तुको तिलौराकोटमा सन् २०२४ मा ४८ देशका पर्यटकले भ्रमण गरेका छन्। लुम्बिनी विकास कोष, तिलौराकोट सम्पर्क कार्यालयका अनुसार एक वर्षमा एक लाख ५२ हजार एक सय १४ पर्यटकले अवलोकनसमेत गरेका छन्।

बेलायतको दुर्हम विश्वविद्यालयको प्राविधिक सहयोगमा पुरातत्त्व विभागले तिलौराकोटको ऐतिहासिक पृष्ठभूमि उत्खनन गर्न थालेपछि सो क्षेत्रको भ्रमण गर्ने पर्यटकको संख्या बढ्न थालेको कार्यालय प्रमुख माधव आचार्यले जानकारी दिए। 'तिलौरोटको इतिहास उत्खनन गर्ने र विश्व सम्पदा सूचीमा राख्ने प्रक्रिया अघि बढाएपछि देशी-विदेशी पर्यटकको चासोमा पर्न थालेको छ,' उनले भने।

तिलौराकोटमा सबैभन्दा बढी म्यानमार, थाइल्यान्ड, कम्बोडिया, श्रीलंकालगायतका बौद्धमार्गी आउने गरेका छन्। त्यस्तै जापान, जर्मन, फ्रान्स, अमेरिका, भियतनाम, चीन, कोरियालगायतबाट पनि पर्यटक धेरै आउने गरेको आचार्यले जानकारी दिए। गौतम बुद्धको पावन भूमिले परिचित तिलौराकोटमा आएका पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढीले विश्व शान्ति र सद्भावको कामना गर्ने गरेको उनले बताए। तिलौराकोटमा पर्यटकको संख्या बढ्दा स्थानीयस्तरमा सकारात्मक प्रभाव परिरहेको कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडेलले बताए। तिलौराकोटमा पाइला टेक्दा पुण्य प्राप्ति हुने तथा भग्नावशेष दरबारको पूर्वी-पश्चिम गेटमा बसेर बुद्धको बाल्यकालको जीवनलीला पाठ गर्दा शान्ति प्राप्त भई आत्मसन्तुष्टि हुने बौद्धमार्गीको विश्वास छ।

बुद्धको जीवनसँग सम्बन्धित अन्य पुरातात्त्विक स्थलसमेत भएकाले तिलौराकोटमा पर्यटक बढ्दै गएका हुन्। यहाँ आउने पर्यटकहरू धमनिया स्तूप, सगरहवा, निगालीकोट, गोटिहवा, सिसहनियाकोटलगायतका स्थानसमेत पुग्ने गरेका छन्। तिलौराकोटलाई सन् २०२५ भित्र विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रक्रिया अघि बढाइएको लुम्बिनी विकास कोषका निर्देशक ज्ञानिन राईले जानकारी दिए। दरबार क्षेत्रमा रहेको जग्गा अधिग्रहण गरेर पूर्वाधार निर्माण अघि बढाएको पुरातत्त्व विभागका वरिष्ठ पुरातत्त्व अधिकृत रामबहादुर कुँवरले बताए।

संक्षेप

देवदहबाट लुम्बिनीसम्म विद्युतीय बस

लुम्बिनी/ लुम्बिनी विकास कोषले देवदहदेखि लुम्बिनीसम्म विद्युतीय बस सञ्चालन गर्ने भएको छ। गत ४ पुसदेखि सञ्चालन गरिएको बिजुली बसलाई बृहत्तर लुम्बिनी क्षेत्रका तीर्थयात्रीको सेवालाई मध्यनजर गरी सोमबारदेखि देवदहबाट समेत सञ्चालन गरिने भएको हो।

देवदह शीतलनगरबाट मणिग्राम, भैरहवा बेलहिया एयरपोर्ट हुँदै बुद्ध जन्मस्थल लुम्बिनीसम्म सीधा बिजुली बस सञ्चालन गर्न लागिएको कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण)ले बताए। उनका अनुसार हप्ताको तीन दिन देवदह र तीन दिन बुद्धको अस्थिधातु रहेको रामग्रामबाट बिजुली बस सञ्चालन गर्ने गरी नयाँ रुट बनाइएको हो।

कोषाध्यक्ष भट्टराईले कोषले बहत्तर लुम्बिनी क्षेत्रका तीर्थयात्रीलाई सेवा दिने गरी बिजुली गाडी ल्याइएको बताउँदै अहिले दानपेटिका राखेर सञ्चालन गरिएको बताए। उनले रामग्राम, देवदह र पण्डितपुरजस्ता ऐतिहासिक पुरातात्त्विक क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धन गर्ने गरी देवदह कार्यालयमा हप्ताको दुई दिन बसेर सेवा दिन थालेको समेत बताए।

पुरातात्त्विक धार्मिक क्षेत्रका स्थानीय पालिका, सामुदायिक संगठन र संस्थाहरूसँग मिलेर कोषको नीति स्थानीयसँग लुम्बिनी कार्यक्रम अवधारणालाई व्यवहारमा उतार्ने प्रतिबद्धता जनाए। लुम्बिनी विकास कोषले कानुनी उल्झनका कारण सञ्चालन गर्न नसकेका पाँचवटामध्ये दुईवटा बस धम्मयात्रा लेखेर परीक्षणस्वरूप सञ्चालन गरिएको हो।

'धौबादी फलाम उद्योग छिटो सञ्चालनमा ल्याउँछौं'



नवलपरासी/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले धौबादी फलाम उद्योग सञ्चालनको कार्य द्रुत गतिमा अघि बढाउनुपर्ने बताएका छन्। पूर्वी नवलपरासीको हुप्सेकोटस्थित उक्त खानी उद्योग सञ्चालनका विषयमा सरकारी तथा निजी क्षेत्रका सरोकारवालासँग गरिएको अन्तर्क्रियामा उनले चाँडै उद्योग सञ्चालनमा ल्याउन सबैको समन्वय हुनुपर्ने बताएका हुन्।

धौबादी फलाम खानीको उत्खनन, प्रशोधन तथा प्रयोग सरकारको चासो र प्राथमिकता दिएको उनको भनाइ थियो। उद्योग सचिव कृष्णबहादुर राउतले खानी सञ्चालन हुँदा व्यापार घाटा घट्नुका साथै अन्तर्राष्ट्रिय बजारमा फलाम निर्यात गरी आर्थिक विकास गर्न सकिने बताएका थिए।

Bulingtar Rural Municipality
Office of the Rural Municipal Executive
Bulingtar, Nwalparasi (East)

Invitation for Electronic Bids

Date of publication: 2081/10/08 (January 21, 2025)

1. Bulingtar Rural Municipality, office of the Rural Municipal Executive Bulingtar, Nawalparasi (East) invites electronic bids from Nepalese eligible bidders for the Procurement of Following works under NCB S.N. 1 & SQ 2,3 name and identification of Contracts as mentioned below through the details are in the bidding document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the Office of Rural Municipal Executive Bulingtar, Nawalparasi (East) or May PPMO's e-GP system www.bolpatra.gov.np/egp
3. Pre- bid meeting shall be held on 2081/10/30 only NCB Bidders.

S. No.	Contract ID No.	Description of Works	Estimated Amount (Without VAT & Contingencies)	Bid Security Amount	Bid Document Fee	Bid Submission Deadline	Bid Opening Date
1.	Bul/NCB/W/10/081/82	Construction of Janajagriti Hostel Building, Bulingtar-1, Nawalparasi (East)	2596550.06	81000.00	3000.00	20-02-2025until 13 :00 pm	20-02-2025 until 13 :00 pm
2.	Bul/SQ/W/11/081/82	Improvement of Kaligandaki Corridor-Autrauli- Bhartipur-Jaubari- Bhadauri-Raikot-Dhawadi- Bhojapokhari-Kumsot- Devchuli road, Bulingtar-6, Nawalparasi (east)	1723921.84	54000.00	1000.00	05-02-2025until 12 :00 pm	05-02-025 until 13 :00 pm
3.	Bul/SQ/W/12/081/82	Old Tribhuwan Ma.Vi. Building Marmat and Compound wall, Bulingtar-3, Nawalparasi (east)	1293517.20	41000.00	1000.00	05-02-2025until 12 :00 pm	05-02-025 until 13 :00 pm

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nabil bank, Bulingtar Branch Name of Office: Bulingtar Rural Municipality
Account no.: 23301017500043
Name of Account: BULINGTAR GA.PA 1.1 AANTARIK RAJASWO KHATA

Chief Administrative Officer

ज्योति क्यापिटलको सञ्चालकमा श्रेष्ठ

काठमाडौं/ ज्योति क्यापिटलको सञ्चालक पदमा उमा श्रेष्ठ नियुक्त भएकी छिन् । क्यापिटलको सोमबार बसेको सञ्चालक समिति बैठकले ज्योति विकास बैंकबाट मनोनीत भई आएकी बैंककी प्रमुख वित्त अधिकृत श्रेष्ठलाई क्यापिटलको सञ्चालकमा नियुक्त गरेको हो ।

बैंकिङ क्षेत्रको व्यवस्थापन तहमा १२ वर्षभन्दा बढी अनुभवी श्रेष्ठसँग ज्योति विकास बैंकमा उच्च व्यवस्थापन तहमा सफल कार्य गरेको अनुभव रहेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था आइक्यानबाट चार्टर्ड एकाउन्टेन्सी गरेकी श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट व्यपस्थापनमा स्नातकोत्तर गरेकी छिन् ।

नवनियुक्त सञ्चालक श्रेष्ठको लामो कार्य-अनुभव तथा कुशल व्यवस्थापकीय क्षमताले क्यापिटलको व्यवसाय विस्तार एवं क्यापिटलबाट प्रदान गरिने सेवालाई सर्वोत्कृष्ट बनाउन उल्लेख्य योगदान गर्ने क्यापिटलको विश्वास छ । ज्योति विकास बैंकको सहायक कम्पनीका रूपमा रहेको यस क्यापिटलको चुक्ता पुँजी २१ करोड रहेको छ ।

■ कृषि विकास बैंकको ५८औँ वार्षिकोत्सव

दीर्घ सेवा गर्ने कर्मचारी पुरस्कृत

काठमाडौं/ कृषि विकास बैंकले स्थापनाको ५८औँ वार्षिकोत्सव मनाएको छ । सोमबार बैंकपरिसरमा सम्पन्न उक्त समारोहका प्रमुख अतिथि उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गरे । उद्घाटनपछि बोल्दै प्रमुख अतिथि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पछिल्लो समय अब्बल बैंकका रूपमा आफूलाई स्थापित गर्न सफल भएको भन्दै प्रशंसा गरे । अर्थमन्त्री पौडेलले हाल बैंकिङ बजारमा निक्षेप संकलनको तुलनामा कर्जाको माग नहुनु चुनौतीका रूपमा रहेको बताउँदै पछिल्लो समय समग्र अर्थतन्त्रका सूचक सकारात्मक हुने संकेत देखिएकाले बैंकहरूले पनि कर्जा लगानीलाई थप सर्वसुलभ ढंगले कर्जा प्रवाह गर्ने गरी आफ्ना कार्यक्रम बढाउन आग्रह गरे ।

सोही अवसरममा बैंकको नयाँ वेबसाइटको शुभारम्भसमेत गरिएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै विशिष्ट अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकहरूले पछिल्लो समयमा गरेको प्रगति राम्रो भएकाले लगानीको मार्ग प्रशस्त गर्दै अगाडि बढ्न आग्रह गरे । पछिल्लो समय बैंकिङ बजार केही चुनौती भए पनि न्यूनतम नियमको पालना गर्दै कृषि विकास बैंकले गत चालू आवमा ग्राहकलगायत सम्पूर्णलाई उत्साहित बनाएको उनले बताए ।

त्यसैगरी, बैंकले प्रकाशन गरेको ५८औँ वार्षिकोत्सव आर्थिक विशेषांक तथा विगत ४६ वर्षदेखि प्रकाशन भइरहेको साहित्यिक प्रकाशन समष्टिको पनि प्रमुख अतिथिबाट विमोचनसमेत गरिएको थियो । बैंक सञ्चालक समितिका अध्यक्ष रामशरण पुडासैनीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कृषि विकास बैंकका पूर्वमहाप्रबन्धक श्रीकृष्ण उपाध्यायलगायत अतिथिले वार्षिकोत्सवको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिलगायत सम्पूर्णमा स्वागत गर्दै बैंकका प्रमुख कार्यकारी अधिकत गोविन्द गुरुङले हाल बैंकको समग्र गतिविधिको समेत जानकारी दिएका थिए । समारोहमा बैंकमा अविच्छिन्न २० वर्ष र २५ वर्ष काम गरेका कर्मचारीलाई पदक र कदरपत्रसमेत प्रदान गरिएको थियो ।

आजभन्दा ५७ वर्षअगाडि देशको कृषि तथा ग्रामीण क्षेत्रको विकासका लागि आवश्यक पर्ने वित्तीय एवं प्राविधिक सेवा उपलब्ध गराउँदै कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने मूल उद्देश्यका साथ कृषि विकास बैंक ऐन, २०२४ अनुसार २०२४ साल माघ ७ गते कृषि विकास बैंकको स्थापना भएको थियो । गत आर्थिक वर्षको लेखा परीक्षणपश्चात्को परिष्कृत वित्तीय विवरणअनुसार चार अर्ब १३ करोड सञ्चालन मुनाफा तथा दुई अर्ब ८९ करोड खुद मुनाफा गर्न सफल भई अघिल्लो आर्थिक वर्षको तुलनामा २१७ प्रतिशतले वृद्धि गर्न सफल भएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१/१०/८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

बाफल कलंकी शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०९५१०/०७५/०७६ अन्तर्गत मिति २०७५/११/१३ मा दर्ता कायम भएको **पंचकन्या सुपथ जनरल स्टोर प्रा.लि.** कम्पनी दर्ता ठेगानाः नागार्जुन न.पा.-९, काठमाडौं स्थायी लेखा नं. ६०६७०९८७९, मिति २०७५/११/१७ **संचालक अध्यक्षः सुमिला घिमिरे** **कर्जा शिर्षकः ओभरड्राफ्ट कर्जा** २. **सुमिला घिमिरे** **कर्जा शिर्षकः घर कर्जा**	**सुमिला घिमिरे** ना.प्र.नं. ७०५९४, जारी मितिः २०६०/०७/२६ जि.प्र.का. नवलपरासी बाबुको नाम : इन्दुमणि घिमिरे पतिको नाम : रमेश पौडेल ससुराको नाम : घनश्याम पौडेल स्थायी ठेगाना : माकर - २, नवलपरासी हालको ठेगाना : नागार्जुन न.पा. -९, दुर्गानगर कोलोनी, काठमाडौं	**रमेश पौडेल** ना.प्र.नं. ५६६७०, जारी मितिः २०५७/०८/२१ जि.प्र.का. नवलपरासी बाबुको नाम : घनश्याम पौडेल बाजेको नाम : शशीधर पौडेल स्थायी ठेगाना : माकर - २, वलपरासी हालको ठेगाना : नागार्जुन न.पा. -९, दुर्गानगर कोलोनी, काठमाडौं

धितोको विवरण (घरजग्गाको विवरण)

बलभद्र घिमिरेको नातिनी, इन्दुमणि घिमिरेको छोरी, धनश्याम पौडेलको बुहारी, रमेश पौडेलको पत्नी, सुमिला घिमिरेको नाममा मालपोत कार्यालय, कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स./न.पा. वडा नं. १ (पञ्चकन्या मन्दिर, स्युचाटार नजिक) स्थित कि.नं. ३०३१ को क्षेत्रफल ०-३-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पिपरा शाखा, कपिलवस्तु

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल, सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.नं. घ.उ.का. ३५४०/०६३ अन्तर्गत मिति २०६४/०१/२३ मा दर्ता कायम भएको **जनसेवा काष्ठ उद्योग** फर्म दर्ता ठेगाना : गजेहडा -२, कपिलवस्तु स्थायी लेखा नं. ३०४१८४३२५, मिति २०६७/०६/२६ **प्रोप्राइटर : शारदा मल्ल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**योगेन्द्र मल्ल** ना.प्र.नं. २१७३/३५४, जारी मिति २०४५/१२/१० जि.प्र.का. कपिलवस्तु बाबुको नाम : राम सिंह मल्ल बाजेको नाम : दिप बहादुर मल्ल स्थायी ठेगाना : वाणगंगा -१, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -४, कपिलवस्तु	**शारदा मल्ल** ना.प्र.नं. १९८४४, जारी मिति २०५५/०७/२९ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : प्रेम बहादुर साही पतिको नाम : योगेन्द्र मल्ल ससुराको नाम : राम सिंह मल्ल स्थायी ठेगाना : वाणगंगा -१, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -४, कपिलवस्तु

वृन्दा मल्ल ना.प्र.नं. ३८-०१-०६७-०३९४३ जारी मितिः २०६७/०२/१२, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : थम बिक्रम शाह पतिको नाम : कृति मल्ल ससुराको नाम : राम सिंह मल्ल स्थायी ठेगाना : वाणगंगा -२, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -२, कपिलवस्तु	**कृति मल्ल** ना.प्र.नं. १८४९२ जारी मितिः २०५५/०४/२५ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : राम सिंह मल्ल बाजेको नाम : दिप बहादुर मल्ल स्थायी ठेगाना : वाणगंगा -१, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -२, कपिलवस्तु	**मोनिका मल्ल** ना.प्र.नं. ३८-०६-७८-०१६८३ जारी मितिः २०७८/०९/०५ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : कृति मल्ल बाजेको नाम : राम सिंह मल्ल स्थायी ठेगाना : वाणगंगा न.पा. -२, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -२, कपिलवस्तु	**आरती मल्ल** ना.प्र.नं. ३८-०६-७६-००८५६ जारी मितिः २०७६/०४/२९ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : योगेन्द्र मल्ल बाजेको नाम : राम सिंह मल्ल स्थायी ठेगाना : वाणगंगा न.पा. -२, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. -४, कपिलवस्तु

धितोको विवरण (घर/जग्गाको विवरण)

दिप बहादुर मल्लको नाति, राम सिंह मल्लको छोरा, योगेन्द्र मल्ल र कृति मल्लका संयुक्त नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको

१. कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. २ क (तिनकुने चोक नजिक) स्थित कि.नं. १५१४ र १५१६ को क्षेत्रफल क्रमशः ०-०-१७-० र ०-०-१७-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. २ क (तिनकुने चोक नजिक) स्थित कि.नं. १५४९, १८२८, १८७७ र १५५७ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-०-८-०, ०-०-१०-० र ०-०-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. २ ख (तिनकुने चोक नजिक) स्थित कि.नं. १९१७ को क्षेत्रफल ०-०-८-१ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. १ क (तिनकुने चोक नजिक) स्थित कि.नं. १२९८ को क्षेत्रफल ०-२-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
५. कपिलवस्तु जिल्ला, ठू. पिपरा गा.वि.स./न.पा. वडा नं. ५ ख (भक्तौली चोक नजिक) स्थित कि.नं. १२७ र १२८ को क्षेत्रफल क्रमशः ०-३-४-० र ०-३-४-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

गोलबजार शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १७२१/०६७/०६८ अन्तर्गत मिति २०६७/१२/१५ मा दर्ता कायम भएको **माँ लक्ष्मी जेनरल स्टोर्स** फर्म दर्ता ठेगाना : असनपुर -७, सिराहा स्थायी लेखा नं. ३०५४११२३७, मिति २०६७/१२/१६ **प्रोप्राइटर : दिपेन्द्र कुमार नायक** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	**दिपेन्द्र कुमार नायक** ना.प्र.नं. ११०४/३९०१८ जारी मिति २०५९/०५/२८, जि.प्र.का. सिराहा बाबुको नाम : राम गणेश नायक बाजेको नाम : अवध नायक स्थायी ठेगाना : असनपुर -७, सिराहा हालको ठेगाना : गोलबजार न.पा. -६, सिराहा

व्यक्तिगत जमानत दिनेको विवरण

जितेन्द्र कुमार नायक ना.प्र.नं. १७४२, जारी मिति २०५२/०७/१९ जि.प्र.का. सिराहा बाबुको नाम : राम गणेश नायक बाजेको नाम : अवध नायक स्थायी ठेगाना : लालपुर -३, सिराहा हालको ठेगाना : गोलबजार न.पा. -६, सिराहा	**भोगेन्द्र कुमार नायक** ना.प्र.नं. १५१०४७/१२१ जारी मिति २०६५/०२/१२, जि.प्र.का. सिराहा बाबुको नाम : राम गणेश नायक सुडी बाजेको नाम : अवध नायक स्थायी ठेगाना : असनपुर -७, सिराहा हालको ठेगाना : गोलबजार न.पा. -६, सिराहा	**लक्ष्मी कुमारी देवी** ना.प्र.नं. ५३१६२१५४/१४७, जारी मिति २०४४/१०/१८, जि.प्र.का. सिराहा बाबुको नाम : राम धारी पुर्वे सुडी पतिको नाम : राम गणेश नायक ससुराको नाम : अवध नायक स्थायी ठेगाना : लालपुर -९, सिराहा हालको ठेगाना : गोलबजार न.पा. -६, सिराहा

धितोको विवरण (जग्गाको विवरण)

अवध नायकको बुहारी, राम गणेश नायकको पत्नी, लक्ष्मी कुमारी देवीको नाममा मालपोत कार्यालय लाहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क (गोलबजार मेन चोक नजिक) स्थित कि.नं. ४०९ को क्षेत्रफल ०-०-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्तादिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१ माघ १४ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८१ माघ १५ गते
समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व.२०८१/८२ को दोस्रो त्रैमासिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) सँग सम्बन्धित विवरण

क. **निकायको स्वरुप र प्रकृतिः**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार संचालन गर्न इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंक ।

ख. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. **निकायमा रहने कर्मचारी संस्था र कार्य विवरण :**
हाल बैकमा जम्मा कर्मचारी संख्या ३१०७ रहेका छन् भने बैंकले तोकेको कार्य बैंकमा बिभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । बैंकको व्यवस्थापन समुह तथा विभागिय प्रमुखहरुको नाम बैंकको वेबसाइट www.nimb.com.np वाट जानकारी लिन सकिनेछ ।

घ. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
बैंकिङ्ग सेवा प्रदान गर्ने बैंकको शाखा कार्यालय तथा जिम्वेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट www.nimb.com.np बाट जानकारी लिन सकिनेछ ।

च. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले बैंकिङ्ग सेवा प्रवाह गरेवापत सोमा लाग्ने शुल्क/दस्तुर तथा अवधिको वारेमा यस बैंकको वेबसाईट www.nimb.com.np अन्तर्गत Standard Tariff and Charges खण्डमा प्रकाशित गरिएको छ । साथै सो को जानकारी यस बैंकको कुनै पनि शाखामा सम्पर्क गरि कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।

छ. **निर्णय गर्ने प्रकिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था मिलाईएको छ भने प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन ।

ज. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
बैंकिङ्ग कारोवार तथा बैंकले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको तर्फबाट कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि बैंकले केन्द्रीय स्तरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ भने निजलाई निम्न उल्लेखित माध्यामबाट सम्पर्क गर्न सकिनेछ ।
श्री राजेश शर्मा
नायब महाप्रवन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोबाइन नं ९८५१३२६९०२
ईमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np

झ. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम "क" वर्गका बाणिज्य बैंकहरुले गर्न सक्ने सम्पूर्ण कारोवारहरु यस बैंकवाट सम्पादन भईरहेको छ ।

ञ. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
बैंकिङ्ग कारोवार तथा बैंकले प्रदान गरेको सेवा लगायत बैंकसँग सम्वन्धित कुनै पनि सूचना प्रदान गर्नको लागि निम्न उल्लेखित अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।
श्री राजेश शर्मा
नायब महाप्रवन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोबाइन नं ९८५१३२६९०१
ईमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np
साथै, यस बैंकका शाखा कार्यालयहरुको हकमा सम्वन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी जिम्वेवारी तोकिएको छ ।
प्रमुखको नाम र पद : श्री ज्योती प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत

ट. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
बैंकिङ्ग कारोवार संचालनको क्रममा बैंकले हाल प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कारोवार संचालनको लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्वन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. सूचनाको हक सम्वन्धि ऐन २०६४
१४. प्रचलित नेपाल कानून र उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियमहरु, विनियमहरु तथा संशोधनहरु
१५. नेपाल राष्ट्र बैंकवाट जारी गरिएको एकिकृत निर्देशिका तथा परिपत्रहरु ।
१६. नेपाल राष्ट्र बैंकवाट स्वीकृत गरिएको यस बैंकका विभीन्न विनियमहरु ।
१७. बैंकिङ्ग कारोवारका क्रममा पालना गरिएको/गरिनुपर्ने अन्य प्रचलित नेपाल कानूनहरु ।

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

ड. **तोकिए बमोजिमका अन्य विवरण :**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ सँग सम्बन्धित विवरण

क. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**
यस बैंकले बैकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ख. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेबसाईट www.nimb.com.np रहेको छ ।

ख (१). **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकले व्यवसायिक प्रयोजनको लागि वाहेक अन्य कुनै पनि किसिमको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन ।

ख (२). **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभीन्न कार्यक्रम सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

ख (३). **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको । सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको छ ।

ख (४). **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको हक सम्वन्धी अधिकार प्रयोग गरि विभिन्न प्रयोजनको लागि भनि सूचना तथा जानकारी माग भई आएको तथा सो सम्वन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सो विषय सम्वोधन गरिएको छ ।

ग. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nimb.com.np मा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत अद्यावधिक गर्दै आएको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं
फोन न.: ५३४२५३०, ५३२८२२९
इमेल :- info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

सानिमा बैंकद्वारा विद्यार्थीलाई न्यानो कपडा हस्तान्तरण

काठमाडौं/ सानिमा बैंकले विद्यार्थीलाई न्यानो कपडा हस्तान्तरण गरेको छ । बैंकको पर्सागढी शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पर्सागढी वडा नं ५ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय विद्यार्थीलाई न्यानो कपडा हस्तान्तरण गरेको हो ।

एक कार्यक्रमबिच पर्सागढी शाखाका कर्मचारीद्वारा दुवै विद्यालयका विद्यार्थीलाई कपडा हस्तान्तरण गरिएको हो । चिसो मौसमका कारण न्यानो कपडाको अभावमा विद्यार्थीको पठनपाठनमा समेत असर परेको भन्दै बैंकले विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको हो ।

बैंकले विभिन्न समयमा शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरतालगायत अन्य विभिन्न क्षेत्रहरूमा विभिन्न वर्गका जनतालाई प्रत्यक्ष फाइदा हुने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । बैंकले भविष्यमा पनि समाजमा सकारात्मक विकास गर्ने किसिमका विभिन्न कार्यक्रम गर्ने योजना भएको जनाएको छ । बैंकले हाल सातै प्रदेशमा एक सय ३४ वटा कार्यालय र एक सय २५ वटा एटिएममार्फत आफ्ना ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

'सनसिल्क भाइब्स सिजन-४' का विजेता घोषणा

काठमाडौं/ युनिलिभरको ब्रान्ड सनसिल्कले 'सनसिल्क भाइब्स सिजन-४'का विजेताको घोषणा गरेको छ । कम्पनीका अनुसार प्रतियोगिताका विजेताहरू आकृति अर्याल, मनीषा लामा र सुहाना ठाकुर बनेका छन् । उनीहरू आफ्नो युनिक स्टाइल र सिर्जनात्मकताका साथ अरूभन्दा अघि पुगेका थिए ।

प्रत्येक विजेताले नगद एक लाख रुपैयाँ प्राप्त गरेका छन् । विजेताले ब्रान्डको प्रतिनिधित्व गर्न सनसिल्क एम्बासडर प्रिज्मा र प्रिन्सीसँग सामेल हुने मौका पाएका थिए । यो सहभागिताले आत्मविश्वास, सौन्दर्य र आत्मअभिव्यक्तिलाई मूर्त रूप दिने सिस्टरहुड बनाउन मद्दत गर्ने बताइएको छ ।

कम्पनीले 'सनसिल्क दर्सैं भाइब्स' अभियानको तीन वर्षको लगातार सफलतापछि यस वर्ष 'सनसिल्क भाइब्स'का रूपमा पुनः परिकल्पना गरी दायरालाई फराकिलो पारेको जनाएको छ ।

नयाँ थिम लाइन 'माई हेयेर, माई भाइब्स'ले सहभागीलाई आफ्नो कपालले जीवनमा खेल्ने महत्त्वपूर्ण भूमिकालाई क्याप्चर गर्न प्रोत्साहित गरेको कम्पनीको भनाइ छ ।

यस वर्षको सनसिल्क भाइब्स अभियानले विभिन्न प्लेटफर्ममा २२.९ मिलियन भ्युज बनाउँदै नयाँ उचाइ लिएको बताइएको छ ।

सानालाई कारबाही...

पृष्ठ १ बाट क्रमशः

गरेकोमा अदालतमा उपस्थित भएर उनी धरौटीमा छुटेकी छिन् । छानबिनमा समेत असहयोग गरेकी इन्स्पेक्टरलाई सहुलियत दिएर मुद्दा दायर गरिएको थियो । घटनामा मुछिएका प्रहरी उपरीक्षक (एसपी) कमल थापामाथि अझै विस्तृत अनुसन्धान हुन सकेको छैन ।

उनीहरूले 'हनी ट्र्यापिङ' गिरोहसँग मिलेर एक व्यवसायीलाई पक्राउ गरी ३० लाख लेनदेन गरेर छाडिएको खुलेको थियो । तर, घटनामा संलग्न अधिकृतलाई जोगाउने प्रयास अझै भइरहेको छ ।

अर्को घटना, क्रिप्टो कारोबारीलाई पक्राउ गरी २५ लाख लेनदेन गरेर छाडेको देखिएपछि साढे दुई महिनाअघि मोरङका तत्कालीन एसपी नवराज कार्कीलाई हटाइयो । घटनाको विषयमा छानबिन गर्न एसएसपी भीमप्रसाद दाहालको नेतृत्वमा छानबिन समिति बन्यो । यति गम्भीर प्रकृतिको घटनाको छानबिन गर्न दुई महिना लाग्यो । हालै एसएसपी दाहाल नेतृत्वको समितिले एक महिनाअघि नै प्रतिवेदन बुझाएको छ । तर, यसमा कसैलाई निलम्बन समेत गरिएको छैन । सामान्य किसिमको विभागीय कारबाही गर्न प्रहरी प्रधान कार्यालयले फाइल कोशी प्रदेश प्रहरी कार्यालयमा पठाएको छ ।

प्रारम्भिक छानबिनमै इन्स्पेक्टर विक्रम भट्टराईमार्फत एसपी कार्कीले पैसा लिएको पुष्टि भएको थियो । तर, पीडितलाई फकाएर उजुरी दिनबाट रोकी उनलाई कारबाहीबाट जोगाउन प्रहरीभित्रै चलखेल भइरहेको छ । 'एसपीलाई जोगाउन न्यायाधीशदेखि मन्त्रीसम्म लागिपरेका छन्,' प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकारीले भने ।

गैरव्यावसायिक गतिविधिमा संलग्न उच्च प्रहरी अधिकारीलाई कसरी जोगाइन्छ भन्ने यी पछिल्ला केही उदाहरण मात्र हुन् । यसरी माथिल्लो तहका प्रहरीलाई जोगाइएका घटनाको फेहरिस्त लामो छ । तल्लो तहका प्रहरीलाई गल्ती देखिए कारबाही गर्ने, तर माथिल्लो तहकालाई सकेसम्म जोगाउने प्रवृत्ति बढ्दै गएको छ । यसले खराब आचरण भएका प्रहरीको मनोबल मात्र बढेको छैन, संगठनको माथिल्लो तहमा पनि यस्तै प्रहरी हाबी हुँदै गएका छन् ।

सिआइबीकी तत्कालीन प्रमुख एआइजी किरण बज्राचार्यलगायत सुन तस्करीको अनुसन्धानमा आबद्ध प्रहरीले बदनियत राखेर अनुसन्धान गरी केहीलाई उन्मुक्ति दिएको भन्दै न्यायिक आयोगले कारबाही सिफारिस गरेको थियो । तत्कालै उनलाई सिआइबीबाट हटाइयो, तर कारबाही भएन । बरु काठमाडौं उपत्यका प्रहरी कार्यालयको प्रमुख बनाएर पुरस्कृत गरियो । हाल उनले अवकाश पाइसकेकी छिन् ।

उनीपछि सिआइबीको प्रमुख बनेका एआइजी श्यामलाल ज्ञवालीले अनुसन्धानमा रहेका पक्षसँग फाइदा लिएको भन्दै गत साउनमा एआइजी टेकप्रसाद राईको नेतृत्वमा छानबिन समिति गठन भयो । अनुसन्धान अधिकृतहरूलाई फाइल बोकाएर प्रहरी प्रधान कार्यालय झिकाइयो । यो विषयको छानबिन पनि डिसमिस भयो । ज्ञवालीले गत भदौमा अवकाश पाए । ज्ञवालीको बिदाइमा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले 'संगठनबाट सुम्पिएको जिम्मेवारी उच्च व्यावसायिकता, संगठनप्रतिको निष्ठा, लगनशीलता र इमानदारिताका साथ सम्पन्न गरेको' भन्दै उनको प्रशंसा गरे ।

गत भदौमा प्रहरी महानिरीक्षक कुँवरले एक डिआइजीको खातामा स्रोत नखुलेको पैसा भेटिएको र छिट्टै कारबाही गर्न लागिएको बताएका थिए । मधेश प्रदेशका तत्कालीन डिआइजी यज्ञविनोद पोखरेललाई लक्षित गरी उनले त्यस्तो बताएका थिए । डिआइजीको खातामा पैसा हाल्ने व्यक्तिदेखि बिचौलियासम्मलाई झिकाएर प्रहरी प्रधान कार्यालयले छानबिन गर्‍यो, तर डिआइजी पोखरेललाई कारबाही गरिएन । उनले अवकाश पाइसकेका छन् ।

कर्णाली प्रदेशका तत्कालीन प्रहरी प्रमुख अर्जुन चन्द ठकुरीले मदिरामा मात्तिएर गैरव्यावसायिक हर्कत गरेको विषयमा पनि सरुवाबाहेक थप कारबाही गरिएन । उनले पनि एक महिनाअघि अवकाश पाइसकेका छन् । हाल डिआइजीमा बढुवा भएका सिद्धिविक्रम शाहलाई एसपी र एसएसपी हुँदा छानबिन भएपनि कारबाही भएन ।

धनुषाकी आरती साह हत्याको अनुसन्धानमा चरम लापरबाही गरेको भन्दै एसपी विश्वराज खड्कालाई कारबाही गर्न विभिन्न समितिले सिफारिस गरेको थियो । प्रहरीकै दुई छुट्टाछुट्टै छानबिन समितिले प्रहरीले अनुसन्धानमा गल्ती गरेको भनेर प्रतिवेदन दिएको थियो । तीव्र दबाबपछि उनलाई धनुषाबाट हटाइयो, तर कारबाही नगरी दुई महिनाअघि फेरि अर्को महत्त्वपूर्ण जिल्ला मकवानपुरको इन्चार्जमा पठाइएको छ ।

त्यस्तै, गैरव्यावसायिक गतिविधिमा संलग्न भएको आरोपमा जिल्ला इन्चार्जबाट हटाइएका एसपीहरू सन्तोष आचार्य र सुवासचन्द्र बोहरामाथि सरुवाबाहेक कारबाही भएको छैन । कतिपयलाई त फौजदारी मुद्दा लाग्ने घटनामा पनि उन्मुक्ति दिइएको छ । प्रहरी कार्यालयभित्रै महिला प्रहरीलाई यौन दुर्व्यवहार गरेका एसएसपी योगबहादुर पालमाथि फौजदारी मुद्दा आकर्षित हुनेमा विभागीय कारबाहीसमेत गरिएन । राजीनामाको बाटो खुला गरेर उनलाई पनि उन्मुक्ति दिइएको थियो ।

पहुँच नभएका तल्लो तहका प्रहरी कर्मचारीको हकमा भने गल्ती गरेको आशंकामै पक्राउ नै गरेर प्रहरीले मुद्दा चलाउने गरेको छ । जस्तो, गत २१ कात्तिकमा कीर्तिपुर वृत्तमा कार्यरत असइ अनबहादुर पुन र जवान धीर बुढा पक्राउ परे । छालाबाट बनेको पैसाको कारोबार भइरहेको सूचना सुराकीबाट लिएर उनीहरूले कलंकीमा एक व्यक्तिलाई पक्राउ गरे । तर, पैसा नभेटिएपछि छाडिदिएका थिए । पछि सूचना दिनेले आफूहरू प्रहरी हौं भनेर उनीहरूसँग पैसा असुलेका थिए । त्यसमा प्रहरीले असइ र जवानलाई नै थुनामा राखेर डाँका चोरी मुद्दा चलाउन सिफारिस गर्‍यो । तर, जवानको कुनै संलग्नता नभएको भन्दै सरकारी वकिल कार्यालयले उनलाई मुद्दा नचलाउने निर्णय गरेको थियो । यो घटनाले प्रहरीले तल्लो तहका कर्मचारीमाथि समेत अधिक अभियोजन प्रयास गरेको देखिएको थियो ।

प्रहरीको कारबाही तथ्यांक हेर्ने हो भने पनि त्यो पुष्टि हुन्छ । गम्भीर प्रकृतिका विभागीय कारबाही भोग्ने माथिल्लो तहका प्रहरी अधिकारी थोरै छन् । आर्थिक वर्ष ०८०/८१ मा प्रहरीका दुई हजार ३८७ कर्मचारीमाथि कारबाही भएको छ । त्यसमध्ये प्रहरी निरीक्षक वा सोभन्दा माथिका ५५ जना मात्र छन् । त्यस्तै, ०७९/८० मा दुई हजार ३९५ कारबाहीमा परेकोमा वरिष्ठ अधिकृत ५२ मात्रै थिए । त्यसको अघिल्लो वर्ष ०७८/७९ मा एक हजार ८६० प्रहरीमाथि कारबाही भएकोमा वरिष्ठ अधिकृत २३ मात्रै थिए । चालू आर्थिक वर्षको सुरुका चार महिना (साउनदेखि कात्तिकसम्म)मा ६९९ प्रहरी कारबाहीमा परेकामा वरिष्ठ अधिकृत १७ मात्र छन् ।

प्रहरीमा तल्लो तहको तुलनामा माथिल्लो तहमा दरबन्दी कम भएकाले स्वाभाविक रूपमा कारबाहीमा पर्ने तल्लो तहका बढी हुन्छन् । ७९ हजार ५४१ कुल दरबन्दी रहेको प्रहरीमा वरिष्ठ अधिकृतको संख्या दुई हजार ३१७ अर्थात् २.९ प्रतिशत छ । कारबाहीमा पर्ने सिनियर अधिकृतको अनुपात भने दुई प्रतिशत मात्र छ ।

माथिल्लो तहकालाई कारबाही हुँदा पनि सामान्य प्रकृतिका कारबाही हुने गरेका छन् । ०८०/८१ मा दुई एसएसपीमाथि विभागीय कारबाही भएकोमा उनीहरूलाई सामान्य सचेत मात्र गराइएको थियो । कारबाहीमा परेका चारमध्ये तीनलाई सचेत गराइयो भने अर्का एकजना मुद्दाका कारण स्वतः निलम्बनमा परेका थिए । ११ डिएसपी कारबाहीमा परेकोमा चारलाई सचेत, एकलाई नसिहत र एकको ग्रेड घटुवा गरिएको थियो । अदालतको फैसलाका आधारमा अन्य तीनलाई बर्खास्त तथा नोकरीबाट हटाउने निर्णय भएको थियो । इन्स्पेक्टरको हकमा पनि ३८ जना कारबाहीमा परेकोमा १३ लाई सचेत गराइयो भने १४ जनालाई नसियत दिइएको थियो । त्यस्तै, पाँचलाई नोकरीबाट हटाइएको थियो भने तीनको सेवा अन्त्य, एकको पदोन्नति रोक्का, एक निलम्बन र एक बर्खास्तीमा परेका थिए ।

वरिष्ठ प्रहरी अधिकृतका धेरै गल्ती त छानबिनमै नआउने प्रहरी स्रोत बताउँछ । 'एकातर्फ उच्च अधिकारीबिच एक-अर्काका गल्ती सबैलाई थाहा हुन्छ, त्यसकारण पनि आइजिपीले कारबाही गर्न सक्दैनन्,' एक अवकाशप्राप्त उच्च प्रहरी अधिकारी भन्छन्, 'अर्कोतर्फ कारबाही नै गर्नुपर्ने अवस्था आयो भने पनि सामान्य मात्र हुन्छ ।'

प्रहरी सहप्रवक्ता एसएसपी विश्व अधिकारी गल्तीका आधारमा तल्लो तहदेखि माथिल्लो तह सबै प्रहरीमाथि कारबाही हुँदै आएको दाबी गर्छन् । 'उच्च तहका प्रहरीले गल्ती गर्दा उन्मुक्ति पाउँछन् भन्न मिल्दैन,' उनले भने, 'तल्लो तहको जनशक्ति धेरै भएकाले त्यस्तो देखिएको हो, प्रहरी ऐन र नियमअनुसार छानबिन प्रतिवेदनले गरेको सिफारिसअनुसार सबै तहका प्रहरीमाथि कारबाही हुँदै आएको छ ।'

अवकाशप्राप्त एआइजी उत्तमराज सुवेदी प्रहरी कारबाहीमा उच्च तहका प्रहरीको दबाब र प्रभाव बढी हुने भएकाले कम कारबाही भएको हुन सक्ने बताउँछन् । 'प्रहरीको कारबाहीमा सानो तह र ठुलो तह भन्ने विभेद हुँदैन, तर दबाब र प्रभावले काम गरेको हुन सक्छ,' उनले भने, 'पहुँच भएकाले प्रमाण लुकाएर उन्मुक्ति पाउने जोखिम हुन्छ, उच्च तहका अधिकारीको पहुँच धेरै हुने भएकाले उनीहरूले दबाब र प्रभाव पार्न सक्छन् ।' उच्च तहका मात्र नभई पहुँच भएका तल्लो तहका कतिपय प्रहरीमाथि पनि गल्तीअनुसार कारबाही नभएको हुन सक्ने उनी बताउँछन् ।

तीन वर्षमा ९६ जना बर्खास्त, ५७६ निलम्बनमा

पछिल्लो तीन आर्थिक वर्षमा प्रहरीले ७४५ कर्मचारीलाई नोकरीबाट हटाएको छ । राजीनामा नदिई सम्पर्कविहीन हुने प्रहरीलाई नोकरीबाट हटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । २०८०/८१ मा २८१, २०७९/८० मा १८४ तथा २०७८/७९ मा २८० जनालाई नोकरीबाट हटाइएको छ । तत्काल राजीनामा स्वीकृत नहुने भएपछि कतिपय प्रहरीहरू सम्पर्कविहीन हुने गरेका छन् । यसमा प्रहरी अस्पतालका चिकित्सकहरूसमेत हुने गरेका छन् । त्यस्तै, तीन वर्षमा ९६ जना बर्खास्त भएका छन् । अदालतबाट दोषी ठहर भएका तथा अन्य गम्भीर प्रकृतिको घटनामा संलग्न प्रहरी बर्खास्तीमा परेका हुन् । आर्थिक वर्ष ०८०/८१ मा २३ जना बर्खास्त तथा २१४ जना निलम्बनमा परेका थिए । त्यस्तै, ०७९/८० मा ६६ जना बर्खास्त र १७८ जना निलम्बनमा परेका थिए । ०७८/७९ मा सातजना बर्खास्त भएका थिए भने १८४ जनालाई प्रहरीले निलम्बन परेको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ ।

सिआइबीले...

पृष्ठ १ बाट क्रमशः

बैंक यो अवस्थामा पुग्नु नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको भूमिकामा पनि प्रश्न उठेको छ । राष्ट्र बैंकले नियमित सुपरिवेक्षण गर्दा पनि बैंक यस्तो धराशायी हुने अवस्थामा पुगेपछि पूर्वबैंकरहरूले समेत यसमा प्रश्न उठाएका छन् । पूर्वबैंकर अनलराज भट्टराई नियामक निकायको कमजोरीका कारण कर्णाली डेभलपमेन्ट बैंकको खराब कर्जा उच्च हुन पुगेको बताउँछन् । सोमबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

'कर्णाली बैंकको ४२ प्रतिशत खराब कर्जा देखिँदा राष्ट्र बैंकले नियन्त्रणमा लिनुपर्‍यो । त्यो वेलासम्म अडिटर, रेगुलेटर कहाँ थिए ?', भट्टराईले भने, 'बैंकको खराब कर्जा ४२ प्रतिशत एकै दिन भएको होइन । हरेक वर्ष हुँदै आएको हो । यो व्यवस्थापनदेखि रेगुलेटरसम्मको कमजोरीले भएको हो ।'

जसरी सहकारीमा सञ्चालकहरूको मनोमानीका कारण अहिले समस्या आएको छ, यो बैंकमा पनि त्यस्तै देखिएको छ । तर, यसमा राष्ट्र बैंकको नियमन हुँदा पनि समग्र बैंकिङ क्षेत्रमाथि नै सर्वसाधारणको अविश्वास बढाउने गरी कर्णाली विकास बैंक डुबेकोमा धेरैले आश्चर्य मानेका छन् । सो बैंकका १७ वटा शाखा सञ्चालनका लागि राष्ट्र बैंकले अनुमति दिएको थियो ।

१८ माघदेखि...

पृष्ठ १ बाट क्रमशः

बढी हुन नहुने व्यवस्था गरेको छ । हिउँदे अधिवेशनमा विभिन्न प्रस्ताव प्रस्तुत गर्ने, जनसरोकारका कुरा राख्ने र निगरानीका विषय उठ्ने अभ्यास छ ।

सभामुख देवराज घिमिरेले समेत संसद् नचल्दा असन्तुष्टि व्यक्त गर्दै सार्वजनिक प्रतिक्रिया दिएका थिए । अधिवेशन बोलाउन माग गर्दै सभामुख घिमिरेले सोमबारै प्रधानमन्त्री केपी ओलीसँग भेट गरेका थिए । ओलीले १८ गते अधिवेशन आह्वान हुने जानकारी सभामुखलाई दिएका थिए ।

अधिवेशन बोलाउने वेला सरकारले २६ पुसमा पाँचवटा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । अध्यादेश जारी भएपछि विपक्षी दलहरूले सदन छलेर अध्यादेशको शासन नगर्न माग गरेका थिए ।

पर्याप्त बिजनेसको तयारी

विधेयक अधिवेशनको रूपमा रहने हिउँदे अधिवेशनमा १५ वटा विधेयक पेस गर्ने सरकारको तयारी रहेको कानुनमन्त्री चौरसियाले बताए । 'कानुन मन्त्रालयले १४-१५ वटा संशोधन प्रस्ताव लगेर जानेछ । संसदीय समितिमा रहेका विधेयक पास गर्ने प्रक्रियामा छ,' उनले भने, 'समितिबाट ५-६ वटा विधेयक जान्छन् । सरकारले हालै ल्याएको पाँचवटा अध्यादेशको प्रतिस्थापन विधेयक जान्छ ।' संसद् सचिवालयका अनुसार राष्ट्रिय सभा समितिमा दुई र प्रतिनिधिसभा समितिमा दुई गरी चारवटा विधेयक सभामा पेस गर्नका लागि तयारी अवस्थामा छन् । समितिमा रहेका १९ मध्ये १५ वटा विधेयकमा निरन्तर छलफल भइरहेको छ ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे अधिवेशन प्रारम्भ हुँदा समितिबाट कम्तीमा ६ वटा विधेयकको प्रतिवेदन सभामा पेस हुने बताउँछन् । 'सदन चलेपछि समितिलाई पनि साथसाथै लान्छौं । विधेयक अधिवेशनमा उल्लेख्य विधेयकहरू ऐनका रूपमा आउँछन्,' उनले भने । संसद् सचिवालयका अनुसार दुई वर्षमा बजेटबाहेक १० ऐन मात्रै संसद्ले बनाएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले १६ महिनाअगाडि अध्ययन गरेर संविधान कार्यान्वयनका लागि अति आवश्यक ४० वटा कानुन अविलम्ब बनाउन सरकारलाई निर्देशन दिए पनि कानुन बनेका छैनन् । अन्य संशोधन गर्नुपर्ने कानुन पनि थुप्रै छन् ।

संविधानको स्पिरिटअनुसार कानुन बनाउने चटारो हिउँदे अधिवेशनलाई हुनेछ । एमाले संसदीय विभाग प्रमुख योगेश भट्टराई बन्न बाँकी कानुनहरूको होमवर्क भइरहेको र हिउँदे अधिवेशनलाई पूरै विधायिकी अधिवेशन बनाउने बताउँछन् ।

एक महिनामा झारियो प्रि-बजेट छलफल

हिउँदे अधिवेशनमा हुने अर्को महत्त्वपूर्ण काम हो- प्रि-बजेट छलफल । सरकारले बजेटका सिद्धान्त र प्राथमिकता (करबाहेक) प्रस्तुत गरेपछि संसद्मा छलफल हुन्छ । सांसदले बजेटमा समेटियोस् भनेर आफ्ना सुझाव दिन्छन् । अर्थ मन्त्रालयले टिपोट गरेर समेट्ने प्रयास गर्छ ।

०८०/८१ को बजेटको सिद्धान्त र प्राथमिकतामा अगावै छलफल गर्न सरकारले अध्यादेश ल्याएको थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेशमा तीन महिनाअगाडि प्रि-बजेट छलफल गर्ने व्यवस्था गरिएको थियो । सोहीअनुसार सरकारले १४ फागुनमा सिद्धान्त र प्राथमिकता पेस गरेर अगावै छलफल गरेको थियो ।

यसपटक सरकारले २६ पुसमा जारी गरेको अध्यादेशमा 'विनियोजन विधेयक पेस गर्नुभन्दा एक महिनाअगाडि बजेटका सिद्धान्त र प्राथमिकता पेस गर्नुपर्ने' व्यवस्था छ । सामान्यतया विनियोजन विधेयक १५ जेठमा पेस हुन्छ । त्यसको एक महिनाअगावै १५ वैशाखअगाडि सिद्धान्त र प्राथमिकता पेस गर्नुपर्नेछ । यसो हुँदा यसपटक हिउँदे अधिवेशनमा प्रि-बजेट छलफल हुने सम्भावना देखिँदैन । यद्यपि, सरकारले चैतमै पेस गर्‍यो भने छलफल हुन सक्छ ।

सांसदहरूले प्रि-बजेट छलफलका लागि पर्याप्त समय नभएको, नियममा लेखिएकाले कर्मकाण्ड मात्रै पूरा गराइएको र आफ्ना सुझाव बजेटमा नसमेटिएको गुनासो गर्दै आएका छन् । यही गुनासो सम्बोधन गर्न अघिल्लो बजेटको वेला तीन महिनाअगावै छलफलको अभ्यास गरिएको थियो ।

कानुनमन्त्री चौरसिया अध्यादेशको व्यवस्थाअनुसार प्रि-बजेट छलफल हुने बताउँछन् । 'प्रि-बजेट छलफल समयमै गराउने सरकारको तयारी हुन्छ । आ-आफ्नो मन्त्रालयको बजेट पेस गरिरहेको अवस्था छ । त्यसपछि छलफल हुन्छ । पर्याप्त छलफल हुने गरी समयमै सिद्धान्त र प्राथमिकता पेस गर्छौं,' उनले भने ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

आशयपत्रदाताहरु सूचीकृत गरिएको सूचना

यस प्रतिष्ठानले आ.व. ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न विषयको सीपमूलक तालिम सञ्चालन गर्न मिति २०८१/६/१५ को राष्ट्रिय दैनिक पत्रिका र सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP बाट १५ दिनको सूचना प्रकाशन गरी आशयपत्र माग गरिएकोमा तोकिएको समयभित्र पेश हुन आएका आशयपत्रहरु मध्ये मिति २०८१।१०।०७ को निर्णयानुसार अधिकतम् प्राप्ताङ्कको आधारमा छनौटमा परेका तालिम प्रदायक संस्थाहरु सूचीकृत गरिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (१०) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना सम्वन्धी विस्तृत जानकारी प्रतिष्ठानको वेवसाइट www.vsdta.gov.np मा हेर्न सकिनेछ ।

■ टीकापुरको १५ बिघा जंगल व्यक्तिका नाममा

मालपोत र नापीका तत्कालीन प्रमुखसहित आठजनालाई कैददेखि जरिवानासम्म सजाय

शिल्पा कर्ण/नयाँ पत्रिका

टेकनारायण कुँवर मुरारीबाबु श्रेष्ठ विदुर कोइराला

■ विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले सोमबार गरेको फैसलाअनुसार कसुरदारहरूलाई ६ महिनादेखि एक वर्षसम्म कैद र सबैलाई जनही नौ लाख ३७ हजार पाँच सय रुपैयाँ बिगो जरिवाना, व्यक्तिका नाममा कित्ताकाट भएका जग्गा जफत हुने

०२१ मै जंगल जनिइसकेको कैलालीको टिकापुर (तत्कालीन नारायणपुर-८) को १५ बिघा सरकारी जग्गा कित्ताकाट गरेर ०६८ मा श्रेस्ता पुर्जा कायम गराइएको थियो । फिल्ड प्रतिवेदन तथा कित्ताकाटका लागि नापी कार्यालयलाई मालपोत कार्यालयले श्रेस्ता पुर्जा बनाउन निर्णयार्थ टिप्पणी उठान तथा सदर गरेको भेटिएको थियो । जसको आधारमा पछि कित्ताकाट आदेश दिई जंगल जनिएको जग्गा गैरकानूनी तवरले व्यक्तिका नाममा गएको थियो । उक्त जग्गा कित्ताकाट गरी व्यक्तिको नाममा गएको दाबी गर्दै अख्तियारले गत ६ जेठमा विशेषमा मुद्दा दायर गरेको थियो ।

कैलालीको टीकापुर (तत्कालीन नारायणपुर- ८) को जंगल रहेको १५ बिघा सरकारी जग्गा व्यक्तिका नाममा लगेर भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतले मालपोत कार्यालय कैलालीका तत्कालीन प्रमुख र नापी प्रमुखसमेत आठजनालाई कैददेखि बिगोसम्म सजायको फैसला गरेको छ । मालपोत प्रमुख मोहन स्नेही रसाइली र नासु अग्निबहादुर शाही तथा नापी प्रमुख मानबहादुर चन्द र सर्वेक्षक दशरथ मण्डललाई प्रमुख कसुरदार ठहर गरेको विशेषले उक्त जग्गा आफ्नो नाममा बनाउन भूमिका खेल्ने विन्द्रा रावल, कमलबहादुर रावल, विमलबहादुर रावल र सुशीलबहादुर रावललाई मतियार ठहर गर्दै कैद सजाय हुने फैसला गरेको हो ।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले सोमबार गरेको फैसलाअनुसार रसाइलीलाई एक वर्ष, चन्दलाई नौ महिना तथा शाही र मण्डललाई ६-६ महिना कैद सजाय सुनाइएको छ । त्यस्तै, जग्गाधनीहरू कमलबहादुर, विमलबहादुर र सुशीलबहादुरलाई पनि ६-६ महिना कैदको फैसला भएको विशेष अदालतका अधिकृत यज्ञराज रेग्मीले जानकारी दिए । तर, जग्गाधनी विन्द्रा ८२ वर्षकी भएकाले उनको हकमा ज्येष्ठ नागरिक ऐनअनुसार ६ महिना कैदमा ७५ प्रतिशत छुट गरी एक महिना १५ दिन हेरचाह केन्द्रमा बस्ने गरी सजाय सुनाइएको छ ।

उनीहरू सबैको मिलेमतोमा उक्त जग्गा कित्ताकाट गरी व्यक्तिको नाममा गएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत ६ जेठमा विशेषमा मुद्दा दायर गरेको थियो । ०२१ मै जंगल जनिइसकेको उक्त जग्गा कित्ताकाट गरेर ०६८ मा श्रेस्ता पुर्जा कायम गराइएको थियो । फिल्ड प्रतिवेदन तथा कित्ताकाटका लागि नापी कार्यालयलाई मालपोत कार्यालयले श्रेस्ता पुर्जा बनाउन निर्णयार्थ टिप्पणी उठान तथा सदर गरेको भेटिएको थियो । साथै मालपोतबाट यी सबै कार्यसम्बन्धी कागजात पनि नष्ट गरिएको थियो । नापीले पनि व्यक्तिका नाममा जग्गा कायम गर्न कार्यालयभित्रैको अभिलेख अनदेखा नगरी जग्गा हकभोगको हो भन्ने व्यहोराको प्रतिवेदन पेस गरेको थियो । जसको आधारमा पछि कित्ताकाट आदेश दिई जंगल जनिएको जग्गा गैरकानुनी तवरले व्यक्तिका नाममा गएको थियो ।

अख्तियारले १५ बिघा जग्गाको मूल्य २४ करोड रुपैयाँ कायम गरेकोमा विशेषले ७५ लाख रुपैयाँ मात्रै कायम गरेको छ । उक्त रकम बिगो मान्दै प्रत्येक कसुरदारलाई दामासाहीले हुन आउने रकम नौ लाख ३७ हजार पाँच सय जरिवाना हुने फैसला गरेको छ । त्यस्तै, सबै प्रतिवादीले जनही ३७ हजार पाँच सय रुपैयाँ पीडित राहत कोषमा दाखिला गर्नुपर्नेछ । जंगल रहेको उक्त जग्गा जफत हुने पनि फैसलामा उल्लेख छ ।

विपिन नछुट्दा...

पृष्ठ १ बाट क्रमशः

तमिनविन हमाल अल थानीको नेपाल भ्रमणका क्रममा पनि जोशी परिवारले छोरा छुट्न नसक्नुमा कतै सरकारी पहल मुख्य ठाउँमा नपुगेको त होइन भनेर दुखेसो पोखेको थियो । '१९ असोज ०८० मा विपिनको कुरा आमा र दाजुसँग भयो, तर मेरो सम्पर्क भएन, त्यसवेलादेखि अहिलेसम्म विपिनकै यादले हामीलाई बेचैन बनाएको छ,' बुबा महानन्दले भने, 'एक सेकेन्ड भए पनि छोरासँग कुरा गर्न पाए हुन्थ्यो ।' यसअघि मंसिरमा पनि हमास समूह र इजरायलबिच युद्धविराम हुँदा छोरा नछुटेकाले अहिले पनि त्यस्तै हुने हो कि भन्ने चिन्ता लागेको उनले बताए ।

सरकारले सीधै कतार र इजिप्टसँग वार्ता गर्नुपर्ने माग विपिनको परिवारले गरेको छ । परिवारले विपिनको रिहाइका लागि राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, पूर्वपरराष्ट्रमन्त्रीद्वय एनपी साउद र नारायणकाजी श्रेष्ठ, गृहमन्त्री रमेश लेखक, पूर्वगृहमन्त्री रवि लामिछाने, मुख्य दलका नेता, सांसदसहित सरकारी अधिकारीहरूसँग निरन्तर भेटघाट गरेका छन् ।

परराष्ट्रमन्त्री डा. आरजु राणाले इजिप्टका विदेशमन्त्री डा. बदर अब्देल-अतिलाई सोमबार फोन गरेर विपिन जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरेकी छिन् । उपचारका लागि थाइल्यान्डको बैंककमा रहेकी परराष्ट्रमन्त्री राणाले उतैबाट टेलिफोन गरेकी हुन् ।

रुस–युक्रेन युद्धमा...

पृष्ठ १ बाट क्रमशः

बताए । 'मस्कोस्थित नेपाली राजदूतावासले रुस सरकारसँग आवश्यक समन्वय गरिरहेको छ,' प्रवक्ता ढकालले नयाँ पत्रिकासँग भने, 'रुसी सेनामा कार्यरत रहेका नेपालीहरूको मुद्दा सरकारको प्राथमिकतामा छ ।'

मृतकका परिवारजनले क्षतिपूर्तिका लागि रुस जाने इच्छा जनाएको, तर सरकारले उनीहरूलाई एनओसी (नो अब्जेक्सन सर्टिफिकेट) नदिएको रुसी सेनामा कार्यरत रहेका परिवारजन र सरकारबिच समन्वय गराइरहेकी सामाजिक अभियन्ता कृतु भण्डारीले बताइन् । 'सरकारले एनओसी नदिएका कारण परिवारजन मस्को जान पाएका छैनन्, उनीहरू मस्को गएर क्षतिपूर्ति दाबी गर्न चाहन्छन्,' भण्डारीले भनिन् ।

कन्सुलर सेवा विभागमार्फत डिएनए परीक्षणसहित ४९ जना मृतकको विवरण पठाएकोमा त्यसमा रुसले केही प्रतिक्रिया जनाएको छैन । तर, मृतकका दुई परिवार आफैँ मस्को गएर अनुरोध गरेपछि रुस सरकारले क्षतिपूर्ति दिन थालेको हो । उनीहरूलाई रुस जान नो अब्जेक्सन लेटर (एनओसी) रुसस्थित नेपाली राजदूतावासले उपलब्ध गराएको थियो ।

परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागलाई परिवारबाट हालसम्म परेको ३४३ निवेदनमध्ये परिवारसँग सम्पर्कमा नभएका १२४ जनालाई खोजी गरी फिर्ता ल्याउन माग गरिएको छ । घाइते तथा अन्य कारणले उद्धार गर्नुपर्नेहरूको संख्या १७१ पुगेको छ । अन्य विषयमा थप ४८ वटा निवेदन परेका छन् ।

सरकारी तथ्यांकअनुसार युक्रेनी सेनाको हिरासतमा हालसम्म सातजना नेपाली छन् । तर, परिवारजनबाट प्राप्त विवरणअनुसार थप १० जना नेपाली युक्रेनी सेनाको बन्दी छन् । विवेक खत्री, सिद्धार्थ ढकाल, विकास राई, प्रतीक पुन, सुजन सुवेदी, ईश्वर लामिछाने र कृष्णबहादुर घिमिरे युक्रेनी सेनाको हिरासतमा छन् । बाँकी १० जनाको विवरण भने सार्वजनिक भएको छैन ।

भर्ना र करार नवीकरण रोकियो

रुस सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना रोकेको छ । यसैगरी, रुसी सेनामा रहेका नेपालीको करार नवीकरण पनि रोकेको छ । 'रुसी सेनामा कार्यरत रहेकाहरूमध्ये त्यहाँकै नागरिकता लिएकाहरूले सेवा नवीकरण गरेका छन् भन्ने जानकारी आएको छ । तर, नेपाली नागरिकका रूपमा अब कसैको पनि नवीकरण हुँदैन भन्ने जानकारी आएको छ,' परराष्ट्रका एक अधिकारीले भने । रुसी सेनाबाट करिब २५० जना स्वदेश फर्केका छन् । यीमध्ये केही बिदामा आएको र अधिकांशले रुसी सेना छाडेको सामाजिक अभियन्ता भण्डारीले बताइन् ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, कास्की, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१।१०।०८

यस कार्यालयबाट मिति २०८१/०७/१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/081-82 अनुसार दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्येबाट तपसिलको ठेक्काको लागि तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ऐ.ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

सि.नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क (मू.अ.कर र पि.एस. बाहेक)
१	LIDPO/PKR/W/NCB/109/081-82	M/S Siddhababa-Fourteen Star JV, Gulmi	रु १,३१,२८,९५१.१०

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक ललितपुर
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/०८ गते)

यस कार्यालयबाट मिति २०८१/०८/२१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार प्राविधिक प्रस्तावमा सफल तपशिल बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८१/१०/१५ गते दिउँसो २:०० बजे ललितपुर महानगर पालिकाको कार्यालयमा खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

S.No.	IFB No.	Descriptions	Technically Qualified Bidders
1.	LMC-NCB-WORKS-2081/82-02	Construction of Fencing Works in Differenr Places of Lalitpur	1. Falgunanda Nirman Sewa, Kathmandu
			2. Bhattrai Matribhumi JV, Kathmandu
			3. Tandav Construction Company Pvt. Ltd., Makawanpur
2.	LMC-NCB-WORKS-2081/82-05	Smart Disable Friendly Footpath Paving Works within LMC	1. Suryodaya Nirman Sewa Pvt Ltd. Sinamangal, Kathmandu
			2. Purna Laxmi / PSS J.V., Kathmandu
			3.K.A.M. Construction Pvt Ltd., Jorpati, Kathamndu
			4. Siddhakali Nirman Sewa Manthali–2, Ramechhap
			5. R.M./Buddha/Rayan JV, Kathmandu

ऐतिहासिक पदकसहित फर्केको खो-खो टोलीको भव्य स्वागत

दुवै टोलीले ४५/४५ लाख पुरस्कार पाउने, प्रक्रिया थाल्न राखेपको निर्देशन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खो-खो विश्वकपका उपविजेता पुरुष तथा महिला खेलाडीहरू। तस्बिरः **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

नयाँ पत्रिका

पहिलो खो-खो विश्वकप प्रतियोगिताको पुरुष तथा महिला टोलीका उपविजेता खेलाडीहरूलाई सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरिएको छ। नयाँदिल्लीको इन्दिरा गान्धी रंगशालामा आइतबार खो-खो विश्वकपअन्तर्गत पुरुष तथा महिलातर्फका फाइनलमा नेपाल आयोजक भारतसँगै पराजित भएको थियो। पुरुषतर्फ भारतसँग ५४-३६ र महिलामा ७८-४० ले स्तब्ध हुँदा नेपाल उपविजेतामा सीमित भएको हो।

विश्वकपको उपविजेता बनेको पुरुष तथा महिला खेलाडीहरूले राज्यबाट नगदसहित पुरस्कृत हुने प्रावधान छ। राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ अनुसार विश्वकपका उपविजेता खो-खोका खेलाडीले समान ४५ लाख रुपैयाँ पाउनेछन्। राखेपका सदस्यसचिव टंकलाल घिसिङले खेलाडीहरूको स्वागत गर्दै नेपाल खो-खो संघलाई १५ दिनभित्र नगद पुरस्कार प्राप्तिका लागि आवश्यक निवेदन दिन भनेको छ।

'राष्ट्रिय खेलकुद विकास नियमावली-२०७९ मा व्यवस्था भए अनुसार खेलाडीलाई पुरस्कृत गरिने छ, यसका लागि १५ दिनभित्र आवश्यक कागजात पेश गर्न आग्रह गर्दछु,' घिसिङले भने, 'त्यसपछि राज्यले पुरस्कृत गर्ने प्रक्रिया अगाडि बढाइने छ।' नियमावली २०७९ मा अन्तर्राष्ट्रिय महासंघ (आइएफ) विश्व च्याम्पियनसिप खेलको सामूहिक प्रतिस्पर्धातर्फ रजत जित्नेले ४५ लाख रुपैयाँ प्राप्त गर्ने उल्लेख छ।

खो-खो विश्वकप पनि आइएफको सामूहिक खेलमा पर्छ। खेलकुद विकास नियमावलीमा विश्वकपका खेललाई ओलम्पिकसरह मानिएको छ। सोही नियमावलीअनुसार खेलाडी मात्र नभएर प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक, फिजियो र खेल संघले पनि पुरस्कार पाउनेछन्। जसअनुसार रजतले सात लाख ८० हजार प्राप्त गर्नेछन्। विश्वकपमा रजत जितेको नेपाल खो-खो संघले सरकारबाट १५ लाख ६० हजार पाउनेछ। सदस्यसचिव घिसिङले सबैका मिहिनेत कारण खो खो विश्वकपमा नेपालको पुरुष र महिला टोलीले ऐतिहासिक सफलता प्राप्त गरेको बताए। नेपालको दुवै टोली फाइनल पुगेपछि उनी पनि प्रतिस्पर्धा हेर्न सोमबारै नयाँदिल्ली पुगेका थिए। खेलाडीसँगै फर्किएका घिसिङले उमेर समूहका खेलाडीलाई मध्यनजर गर्दै राखेपले सञ्चालन गरिरहेको छात्रवृत्ति कार्यक्रमअन्तर्गत खो-खोलाई पनि समावेश गरिएको बताए। यसैबिच कप्तानद्वय हेम पनेरू र सरस्वती कडायतले विश्वकपमा पदक जित्ने लक्ष्य पूरा भएको बताए।

स्वर्ण पदक पनि जित्न सकिन्थ्यो

● **समिर चन्द**, खेलाडी

विश्वकपमा पदक ल्याउँदा भाग्यमानी भएको महसुस गरेको छु। हामीले देशलाई चिनाउने अवसर पायौँ। त्यसैले निकै खुसी छु। विश्वकपका लागि धेरै अभ्यास गर्न पाएनौं। सोचे जस्तो लामो समय अभ्यास गरेको भए नेपालले विश्वकप उपाधि जित्न सक्थ्यो। थोरै अभ्यासले पनि हामी विश्वकपको उपविजेता भएका छौँ। यो पदकले खो खोलाई हेर्ने नजर फरक पर्छ।

रजतपछि हामीलाई हेर्ने नजर फरक भयो

● **निशा शाही**, खेलाडी

पहिलोपटकको सहभागीमै विश्वकपमा रजत पदक जित्दा खुसी छु। नेपाल २४ राष्ट्रमा दोस्रो भएकोछ। हामीले एक महिना मात्र अभ्यास गरेका थियौँ। अभ्यास ठिकै थियो। विश्वकपको सफलतापछि खो-खो खेल र हामी खेलाडीलाई हेर्ने नजर फरक भएको छ। भारतका खेलाडी निकै स्तरीय छन्। हामीले पनि राम्रो अभ्यास पाए सफल हुनेछौँ।

सुपर सिक्समा पुग्न नेपालले अस्ट्रेलियालाई हराउनैपर्ने

लगातार दोस्रो हारसँगै समूह 'डी'को पुछारमा रहेको नेपाल अंकविहीन

नयाँ पत्रिका

पहिलोपटक आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा स्थान बनाएको नेपाली महिला टोलीको सुपर सिक्समा पुग्ने सम्भावना कमजोर बनेको छ। मलेसियामा चलिरहेको प्रतियोगितामा नेपाल सोमबार स्कटल्यान्डसँग एक विकेटले पराजित भयो। लगातार दोस्रो हारसँगै नेपालको समूह 'डी'मा तेस्रो स्थानमा रहँदै सुपर सिक्समा पुग्ने आशा पातलिएको हो। प्रतियोगिताको फर्म्याटअनुसार प्रत्येक समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा पुग्ने प्रावधान छ।

नेपालले बंगलादेश र स्कटल्यान्डविरुद्ध हारको सामना गरेपछि अब अन्तिम खेलमा अस्ट्रेलियाविरुद्ध खेल्दै छ। समूह 'डी'मा अस्ट्रेलियाले लगातार दुई खेलमा जित निकाली चार अंकका साथ शीर्ष स्थान बलियो बनाएको छ। दोस्रो स्थानमा बंगलादेश र तेस्रो स्थानमा स्कटल्यान्ड छन्। दुई खेलमा अंकविहीन नेपाल चौथो स्थानमा छ। नेपालले बुधबार अस्ट्रेलियाविरुद्ध जित निकाले पनि सुपर सिक्सको स्थान पक्का गर्न सक्दैन। यसका लागि बंगलादेश र स्कटल्यान्डको नतिजामाथि निर्भर हुनुपर्छ।

दोस्रो संस्करणको विश्वकपमा नेपालले दुवै खेलमा कमजोर ब्याटिङ प्रदर्शन गर्‍यो। मलेसियाको बान्गीमा स्कटल्यान्डविरुद्ध फितलो ब्याटिङ दोहोर्‍यायो। पहिलो ब्याटिङ गरेको नेपाल १८.५ ओभरमा ७४ रनमा समेटियो। प्रत्युत्तरमा स्कटल्यान्डले पनि सहज लक्ष्य भेटाउन सकेन। नेपालको कसिलो बलिङसामु स्कटल्यान्डले १८.४ ओभरमा ९ विकेट गुमाएर ७५ रन जोड्दै सुपर सिक्सको आशा बलियो बनाएको छ।

■ मासेराको घातक बलिङमा नेपाल धराशयी

नेपालको ब्याटिङ धर्मराउनमा स्कटल्यान्डकी मैसिए मासेराको घातक बलिङ नै मुख्य रह्यो। उनले टी-२० फर्म्याटमा पनि १५ रन दिएर नेपालका पाँचजना खेलाडीलाई पेभेलियनको बाटो देखाए। इनिङ्सको एक समय नेपाल १५ ओभरको समाप्तिसम्म ६४-६ को सुदृढ अवस्थामा थियो। दायाँहाते फास्टबलर मासेराले १२ ओभरपछि इनिङ्सको १६औँ ओभरमा बलिङ गर्न आइन्। उनले १६.१ ओभरमा सेट भएकी नेपालकी कप्तान पूजा महतोको महत्त्वपूर्ण विकेट लिन सफल भइन्। क्याचआउटका रूपमा पूजा आउट भएपछि नेपालको ब्याटिङ एकैपटक पतन भयो। मासेराले १६.२ ओभरमा अलिसा यादव र १६.४ ओभरमा रचना चौधरीको विकेट लिँदै खेल एकैपटक नेपालबाट स्कटल्यान्डतर्फ ल्याइन्। १६ ओभरको खेल समाप्तिसम्म नेपाल ६७-७ बाट ६६-९ को कमजोर अवस्थामा पुग्यो। चार बलको अन्तरमा नेपालले महत्त्वपूर्ण ३ विकेट गुमाएको नेपाल त्यसपछि खेलमा फर्कन सकेन। नेपालले अन्तिम विकेटका लागि थप सात रन जोड्दा ७४ रनमा अलआउटको सामना गर्‍यो। खेलकै म्यान अफ दी म्याच मासेराले ३.५ ओभरमा बलिङ गरेकी थिइन्।

अंकतालिका समूह 'डी'

टोली	खेल	जित	हार	अंक	रनरेट
अस्ट्रेलिया	२	२	०	४	१.९४
बंगलादेश	२	१	१	२	०.६५
स्कटल्यान्ड	२	१	१	२	-१.४२
नेपाल	२	०	२	०	-०.८४

■ नौ खेलाडी दोहोरो रनविहीन

नेपालको ब्याटिङ इनिङ्सको मुख्य कमजोरी नै फास्ट बलर सामना गर्न नसक्नु रह्यो। फास्टबलर मासेराले एकै ओभरमा तीन विकेट लिएको पिचमा नेपालका खेलाडीहरू डेटेर खेल्न सकेनन्। यस इनिङ्समा नौ खेलाडी दोहोरो रनविहीन भए। ओपनर सना प्रवीण (१), ज्योत्सिना मारासनी (४), किरण कुँवर (४), करिश्मा गुरुङ (२), सीमा केसी (१), अलिसा यादव (३), अनु कडायत (५), रचना चौधरी (०) र रिया शर्मा (२) ले योगदान दिए।

हेटौँडामा राष्ट्रिय बुद्धिचाल हुने

काठमाडौं/ नेपाल बुद्धिचाल महासंघको अयोजनामा २५औं पुरुष तथा १०औं महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिता १३ देखि १९ माघसम्म हैटौँडामा हुने भएको छ। प्रतियोगितामा पुरुष र महिलातर्फ राष्ट्रिय च्याम्पियनका शीर्ष तीन खेलाडी र राष्ट्रिय 'बी'बाट छनोट भएका उत्कृष्ट नौ खेलाडीबिच ११ चरणको खेल प्रतिस्पर्धा हुने महासंघका राजु ताम्राकारले बताए। राजन सुवेदी, सुश्रुत दाहाल, क्षितिज भण्डारीसहित पुरुषोत्तम सिलवाल, आशीष फुँयाल, एफएम रूपेश जैसवाल, विनय थापा, सुरोज महर्जन, धिरेन राई, सिएम नवीन तण्डुकार र एफएम रिजेन्द्र राजभण्डारी खेल्नेछन्। महिलामा सिन्दिरा जोशी, कृतिसारा अधिकारी, पूजा भण्डारीसहित बिनिता कपाली, लक्ष्मी कँडेल, ईशा गिरी, शान्ति धिमाल, दानिशा पुरी, शुशीला गुरुङ, पुनम प्रसाईं र एञ्जल महर्जनले भाग लिनेछन्।

जनकपुर नाइट्सको दोस्रो जित

काठमाडौं/ जनकपुर नाइट्सले नेपाल कबड्डी लिग (एनकेएल)मा लगातार दोस्रो जित हासिल गरेको छ। राखेपको कभर्ड हलमा सोमाबार जनकपुरले धनगढी वाइल्ड क्याट्सलाई ३७-३१ को स्कोरमा हराएको हो। जितसँगै जनकपुरले ५ अंक जोडेको छ। जनकपुरको दुई खेलबाट १० अंक बनाएको छ। धनगढीले जनकपुरविरुद्ध १ अंक बटुल्यो। यसअघि जनकपुरले पहिलो खेलमा हिमालयन रेइडर्सलाई ३५-२४ ले पराजित गरेको थियो।

धनगढी पहिलो खेलमा विराटनगर ब्यान्डिट्ससँग ४६-३४ ले पराजित भएको थियो। जनकपुरले धनगढीविरुद्ध रेडबाट २४ अंक जोडेको छ। धनगढीलाई ट्याकलबाट ९ अंक जोडेको जनकपुरले अलआउटबाट पनि चार अंक हात पारेको थियो।

धनगढीले रेडबाट २७, ट्याकलबाट चार र बोनसबाट ११ अंक हात पार्‍यो। प्रतिस्पर्धामा धनगढीले जनकपुरलाई दबाबमा राखेको थियो। तर, ट्याकलमा धनगढी कमजोर हुँदा पहिलो हाफमै दुईपल्ट अलआउट भयो। जनकपुरले ट्याकलमा सानदार प्रदर्शन गर्दै ६ अंक जोड्यो। धनगढीले भने २ अंक बटुल्यो।

कोशीसँग मधेश ४७ रनले पराजित

धनगढी/ प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले लगातार दोस्रो जित निकालेको छ। फाप्ला मैदानमा सोमबार कोशीले मधेशलाई ४७ रनले पराजित गर्‍यो। कोशीले दिएको १०७ रनको लक्ष्य पछ्याएको मधेश २० ओभरमा ९ विकेट गुमाउँदै ५९ रनमा समेटियो। मधेशकी प्रतिमा साहले सर्वाधिक १७ रन बनाइन्। कोशीकी कप्तान रुबिना क्षेत्रीले तीन विकेट लिइन्। ज्योति जनवार र अलिसा खडियाले समान दुई विकेट लिए।

टस जितेर ब्याटिङ गरेको कोशीले २० ओभरमा ५ विकेट गुमाएर १०६ रनको योगफल तयार पारेको थियो। कोशीकी कप्तान रुबिना क्षेत्रीले सर्वाधिक ५७ रनको अर्धशतकीय इनिङ्स खेलिन्। टीका शाहले २१ रन बनाइन् कोशी चार अंकसहित समूह 'बी'को शीर्ष स्थानमा उक्लिएको छ। लगातार दोस्रो हारपछि मधेश अंकविहीन भएर समूहको पुछारमा छ। समूह 'ए' एपिएफ र सुदूरपश्चिम प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरिसकेका छन्। अर्को खेलमा बागमतीले त्रिभुवन आर्मी क्लबलाई १४ रनले हराएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, कास्की, पोखरा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१।१०।०८

यस कार्यालयबाट मिति २०८१।०७।१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/081-82 को ठेक्का नं. LIDPO/PKR/W/NCB/115/081-8 को लागि विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही भएका प्रस्तावहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज (५) बमोजिम खोलिने सम्बन्धी विवरण https://doli.gov.np/doligov मार्फत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालयः का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्सः ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८१/०७/०९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरको २,३४,६८,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला गरिएकोमा सो मध्ये रितपूर्वक आवेदन दिने ११,४६८ जना शेयरधनीहरुलाई २,२९,७५,४२३ कित्ता हकप्रद शेयर मिति २०८१ माघ ७ गते निष्काशनकर्ता कम्पनी, शेयरधनीहरु तथा बिक्री प्रवन्धक सहितको संयुक्त उपस्थितिमा नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, लेखनाथमार्ग, ठमेल, काठमाडौंमा बाँडफाँड गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै आफ्नो कायम हक भन्दा बढी माग गरी दरखास्त दिने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेका हकप्रद शेयर वापतको रकम मिति २०८१ माघ १० गते बिहीबारदेखि IPS मार्फत सम्बन्धित आवेदकहरुको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गर्नुहुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np

Devtal Rural Municipality
Office of the Rural Municipality Executive
Pipradhi Goth, Bara

NOTICE OF INVITATION FOR BIDS

Date of 2nd Publication: 21st January 2025

1. Devtal Rural Municipality invites **electronic bids** from eligible Nepalese bidders for the following works:

S. N.	Contract No.	Name of Contract	Cost Of Bid Document (NRs.)	Average Annual Construction Turnover	Work Experience of Similar Size and Nature	Bid Validity Period	Bid Security Amount (NRs.)/ Validity Period
1	DRM/NCB/ W/12/ 081-082	Krishi Upajko Bhandaran Griha Tatha Shitgriha Nirman Karya, Gamahariya Tole Devtal Ga. Pa.-2	5,000.00	66,900,000.00	Cold Store Construction work of NRs. 53,500,000.00/ Truss work- 59,500 Kg	90 days	2,365,000.00/ 120 days
Deadline for Bid Submission:	5th February 2025 till 12:00 Noon						
Date, Time and Place of Bid Opening:	5th February 2025at 1:00 PM at Devtal Rural Municipality, Pipradhi Goth, Bara						
Account Number for Bid Document Purchase:	Name of Bank: Siddhartha Bank Ltd. Name of Office: Devtal Rural Municipality Account Name: Aantarik Rajaswa Khata Office Account no.: 00215740156 Rajaswa (revenue) Shirshak no: 14229						

2. Eligible bidders may obtain further information and inspect the bidding document at Devtal Rural Municipality, Pipradhi Goth, Bara or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com